सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ असोज २०८०, आइतबार (8 Oct 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १७८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

२५ वर्षपछि व्यक्तिगत प्रदर्शनमा नेपाललाई रजत

एसियाडमा एरिकाले दिलाइन् करौंतेमा नेपाललाई रजत





फाइनलमा अनुभव कम भएको थियो : एरिका गुरुङ

राम्रो प्रशिक्षण र एक्सपोजर प्राप्त हुँदा स्वर्ण जित्न सकिन्छ : कुशल श्रेष्ठ, प्रशिक्षक

हाङझाउबाट
श्रीलोचन राजोपाध्याय
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

१९औँ एसियाली खेलकुद प्रतियोगिता (एसियाड)मा करौंतेतर्फ स्वर्णको दाबेदारका रूपमा हेरिएकी एरिका गुरुङले ऐतिहासिक रजत पदक जितेकी छिन्। हाङझाउस्थित लिननी स्पोर्ट्स् सेन्टर जिम्न्याजियममा शनिबार भएको महिला ६८ केजी तौल समूहमा एरिका फाइनलमा काजाकिस्तानकी सोफ्या बेरुल्तसेभासँग ३-० पराजित भइन्। गत महिना इन्डोनेसियामा भएको एसियन करौंते च्याम्पियनसिपमा एरिकाले स्वर्ण पदक जितेकी थिइन्।

१९औँ एसियाडमा १९ वर्षीय एरिकाले सीधै क्वार्टरफाइनलमा स्थान बनाएकी थिइन्। क्वार्टरफाइनलमा उनको खेल विश्व वरीयताको पाँचौँ स्थानमा

» पृष्ठ ११ मा क्रमशः

यसअघिका दुई रजत

सविता राजभण्डारी (सन् १९९८)
आयोजक राष्ट्र : थाइल्यान्ड



प्यारालाइडिङ टिम (सन् २०१८)
आयोजक राष्ट्र : इन्डोनेसिया



■ इजरायलमा हमासको हमला

नौ नेपाली घाइते, दुईको अवस्था गम्भीर

सुदूरपश्चिम विश्वविद्यालयबाट बिएस्सी एग्रिकल्चर अध्ययन गरेर इजरायलमा लर्न एन्ड अर्न कार्यक्रमअन्तर्गत ११ महिनाका लागि इन्टर्न गर्न गएका विद्यार्थी घाइते

● इजरायलमा रहेका एक नेपाली विद्यार्थीले टेलिफोनमा नयाँ पत्रिकासँग भने- **बंकरबाहिर रहेका वेला ग्रिनेड लागेका दुई साथी गम्भीर छन्**

किबुजको कृषि फार्ममा १७ जना साथी छन्। गाजापट्टीबाट शनिबार बिहानै आएर आतंककारीले हमला गरेका थिए। सबै साथीहरू बंकरमा बस्नुपर्नेमा दुईजना बाहिर रहेका वेला ग्रिनेडले लागेछ। उनीहरू घाइते भए। बाँकी सबै साथीलाई बंकरभित्रै ग्रिनेडको छर्रा लागेको छ।

● परराष्ट्र मन्त्रालयले भन्यो- **नौजना नेपाली घाइते र दुईको अवस्था गम्भीर रहेको जानकारी छ**

१४ जना नेपाली काम गरिरहेको फार्ममा पनि आक्रमण भएको जानकारी पाएका छौं। नौजना नेपाली घाइते भएको र दुईजनाको अवस्था गम्भीर रहेको जानकारी छ। थप विवरण आउन बाँकी छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

इजरायलको मध्य र दक्षिण क्षेत्रमा प्यालेस्टाइनको हमास समूहले गरेको रकेट हमलामा नेपाली पनि घाइते भएका छन्। शनिबार साँझ इजरायलको तेलअभिभस्थित नेपाली राजदूतावासबाट परराष्ट्र मन्त्रालयलाई प्राप्त जानकारीअनुसार हमासको हमलामा नौजना नेपाली घाइते भएका छन्, जसमध्ये दुई गम्भीर छन्।

घाइते नेपाली सुदूरपश्चिम विश्वविद्यालयबाट बिएस्सी एग्रिकल्चर अध्ययन गरेर इजरायलमा लर्न एन्ड अर्नअन्तर्गत ११ महिनाका लागि इन्टर्न गर्न गएका विद्यार्थी हुन्। सुदूरपश्चिम विश्वविद्यालयका ४९ जनाको समूह २७ भदौमा नेपालबाट इजरायल गएको थियो।

इजरायलको अर्को सहरमा रहेका त्यही समूहका एक विद्यार्थीले टेलिफोनमा नयाँ पत्रिकासँग भने, 'किबुजको कृषि फार्ममा १७ जना साथी छन्। गाजापट्टीबाट शनिबार बिहानै आएर आतंककारीले हमला गरेका थिए। सबै साथीहरू बंकरमा बस्नुपर्नेमा दुईजना बाहिर रहेका वेला ग्रिनेडले लागेछ। उनीहरू घाइते भए। बाँकी सबै साथीलाई बंकरभित्रै ग्रिनेडको छर्रा लागेको छ।' उनले सबै घाइते भएको जानकारी दिए पनि परराष्ट्रले भने नौजना मात्रै घाइते भएको विज्ञप्तिमा जनाएको छ।

ती विद्यार्थीले शनिबार राति दिएको सूचनाअनुसार घाइतेमध्ये पाँच नेपाली विद्यार्थीलाई उपचारका लागि अस्पताल लगिएको छ। बाँकीको अवस्थाबारे

» पृष्ठ ११ मा क्रमशः

■ हमासको दाबी-

२० मिनेटमा ५००० रकेट प्रहार

अन्तर्राष्ट्रिय मिडियाहरूका अनुसार इजरायलतर्फ १५० र गाजापट्टीतर्फ २०० जनाको मृत्यु भएको छ, दुवैतर्फ गरी एक हजारभन्दा बढी घाइते छन्



गाजाबाट प्रहार गरिएको रकेटले राजधानी तेलअभिभको दक्षिणी भागमा अवस्थित रेहोवोट क्षेत्रमा पारेको क्षति

एजेन्सीको सहयोगमा **श्रवण उप्रेती**

प्यालेस्टाइनी समूह हमासले विनाचेतावनी नै इजरालयमाथि आक्रमण गरेको छ। यो समाचार तयार पार्दासम्म दुवैतर्फ गरी कम्तीमा ३५० को मृत्यु भएको छ भने सयौँ घाइते भएका छन्।

स्थल, हवाई र समुद्री कारबाही सुरु गरेपछि इजरायल र हमासको अर्को द्वन्द्व सुरु भएको छ। हमासले इजरायलको मध्य तथा दक्षिणी भागमा हजारौँ रकेट प्रहार गरेको जनाएको छ। उसले २० मिनेटमै पाँच हजार रकेट प्रहार गरेको दाबी गरेको छ।

» पृष्ठ ११ मा क्रमशः

संसदीय उपसमितिले बुझायो टिआरसीको प्रतिवेदन

चारवटा विषयमा अझै कुरा मिलेन, समाधान खोज्ने जिम्मा मूल समितिलाई

नयाँ पत्रिका

संसदीय उपसमितिले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा दफावार छलफल गरी प्रतिवेदन पास गरेको छ। राजनीतिक सहमति नजुट्दा लामो समयदेखि अल्झिएको विधेयक उपसमितिबाट पास भएसँगै प्रतिवेदन कानुन, न्याय तथा मानव अधिकार समितिमा आइपुगेको छ।

राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसको नेपाल भ्रमणको तयारी भइरहेका वेला प्रमुख दलहरूबीच संक्रमणकालीन न्याय टुंग्याउने विधेयकमा सहमतितर्फ उन्मुख

मतभिन्नता कायमै रहेका केही विषयमा मूल समितिबाटै समाधान खोज्ने गरी प्रतिवेदन बुझाएको छ। नमिलेका विषय मूल समितिबाट टुंग्याउने र संसदमा लैजाने सरकारको तयारी छ। राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसको नेपाल भ्रमणको तयारी भइरहेका वेला प्रमुख दलहरूबीच संक्रमणकालीन न्याय टुंग्याउने विधेयकमा सहमतितर्फ उन्मुख देखिएका छन्।

५ जेठमा गठित ११ सदस्यीय उपसमितिले चार महिनाभन्दा बढी समय लगाएर विधेयकमा व्यापक हेरफेर गरेको छ। 'केही विषयमा अलिकति निर्णय गर्नुपर्नेछ, ती विषय पूर्ण रूपमा पीडित पक्षको सुविधाका लागि मात्रै हो, धेरै समय लाग्दैन,' उपसमिति संयोजक ध्रुवबहादुर प्रधानले भने।

» पृष्ठ ११ मा क्रमशः

■ कोशीको कोर्स

निर्वाचनको एक वर्ष नपुग्दै अन्तिम सरकार गठनको प्रक्रिया सुरु



प्रदेश प्रमुख परशुराम खापुडलाई राजीनामा बुझाउँदै मुख्यमन्त्री हिक्मतकुमार कार्की

विराटनगरमा **गणेश लम्साल**

संविधानको धारा १६८ उपधारा २ र ३ अनुसार चारवटा सरकार बनिसकेकाले सरकार गठनको अन्तिम विकल्प उपधारा ५ प्रयोगमा, धाराअनुसार संसद्मा बहुमत हासिल गर्न सक्ने आधारसहित दाबी पेस गर्ने प्रदेश सभाको कोही पनि सदस्य मुख्यमन्त्रीमा नियुक्त हुने, यसरी नियुक्त मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत हासिल नगरे कोशी मध्यावधिमा जाने, तर ठूला दल मध्यावधिमा जान अनिच्छुक

सर्वोच्चको परमादेशपछि प्रदेश सभामा सबैभन्दा ठूलो दलको हैसियतका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत परीक्षणअगाडि नै राजीनामा दिएपछि कोशीमा नयाँ सरकार गठनको प्रक्रिया सुरु भएको छ। प्रदेश सभाबाटै मुख्यमन्त्री कार्कीको राजीनामा घोषणालगत्तै प्रदेश प्रमुख परशुराम खापुडले संविधानको धारा १६८ को उपधारा ५ अनुसार सरकार गठनको आह्वान गरेका छन्।

प्रदेश प्रमुख खापुडले २६ असोजभित्रको समयसीमा तोकेर सरकार गठनका लागि आह्वान गरेका छन्। यस धाराअनुसार संसद्मा बहुमत हासिल गर्न सक्ने आधारसहित दाबी पेस गर्ने प्रदेश सभाको कोही पनि सदस्य मुख्यमन्त्रीमा नियुक्त हुनेछन्। यसरी नियुक्त मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत हासिल नगरे कोशी मध्यावधिमा जानेछ। त्यसैले मंसिरमा गठन भएको प्रदेश सभाबाट बन्ने यो अन्तिम सरकार हो।

प्रदेशमा एमालेका उपसभामुखसहित ४०, कांग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका ४ र जनता समाजवादीका एकजना सांसद छन्। जम्मा ९३ जना सांसद रहेको कोशी प्रदेशमा बहुमतका लागि ४७ जना सांसद चाहिन्छ। सरकार गठनका लागि चाहिने ४७ सांसद अहिलेको केन्द्रको सत्तागठबन्धनसँग छ। तर, उनीहरूले मुख्यमन्त्रीमा कसलाई अगाडि सार्छन् भन्ने तय भइसकेको छैन।

नियुक्त हुने पाँचौँ मुख्यमन्त्रीले पुनः ३० दिनभित्र फेरि संसद्बाट बहुमत प्राप्त गर्न सके मात्र सरकार टिक्न सक्नेछ। तर, विश्वासको मत हासिल गर्ने-नगर्ने भन्ने प्रदेश सभाको परीक्षणमा मात्र तय हुनेछ। उपसभामुखले प्रदेश सभा चलाए

» पृष्ठ ११ मा क्रमशः

■ अबको मुख्यमन्त्री को ?

नयाँ मुख्यमन्त्रीका लागि सबैजसो दलको दाबी देखिएको छ। दुईपटक मुख्यमन्त्री बनेर अदालतबाट पदमुक्त भएका कांग्रेसका उद्धव थापाले नयाँ सरकारमा आफ्नो दाबी कायमै रहने बताए। स्वाभाविक प्रक्रिया र गठबन्धनमा विवाद नभएकाले आफ्नो दाबी हुनु अस्वाभाविक नहुने बताए। तर, कांग्रेसभित्रै दुईपटक मुख्यमन्त्री बनेर पनि असफल भइसकेकाले पुनः थापालाई अगाडि सार्न नहुने र यसले सकारात्मक सन्देश नजाने मत उठेको छ। कांग्रेस सांसद केदार कार्कीले अबको पाँचौँ सरकार थापाको नेतृत्वमा नभई अरू कसैको अगुवाइमा गठन गर्नुपर्ने बताउँदै आएका छन्।

यता विश्वासको मत नपाएर राजीनामा दिन बाध्य मुख्यमन्त्री हिक्मतकुमार कार्कीको पार्टी एमाले पनि सबैभन्दा ठूलो दल भएकाले नयाँ सरकारको मुख्यमन्त्रीमा आफ्नो पार्टीको दाबी रहने बताएको छ। प्रमुख सचेतक रेवतीरमण भण्डारीले एमालेले संघीयताको रक्षाका लागि आफ्नै पार्टीको नेतृत्वमा सर्वदलीय सरकार निर्माण गर्ने पहल गर्ने बताए।

माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले चाहिँ अब सबैको साझा हितका लागि आफ्नो पार्टीको नेतृत्वमा नयाँ तथा पाँचौँ सरकार गठन हुनुपर्ने अडान लिए।

पाँचौँ सरकारबारे राप्रपाले अझै धारणा सार्वजनिक गरिसकेको छैन। तर, राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले कोशी प्रदेशलाई मध्यावधिमा जाने नदिने आफूहरूको प्रयास हुने प्रतिक्रिया दिएका छन्।

संविधानविद् विपिन अधिकारीले चाहिँ राजीनामा दिएका मुख्यमन्त्री कार्की र दुईपटक पदमुक्त भइसकेका कांग्रेसका उद्धव थापाले अब मुख्यमन्त्रीमा दाबी गर्न नमिल्ने बताएका छन्। 'राजीनामा दिएका र पदमुक्त भएका दुवैले मुख्यमन्त्रीमा दाबी गर्नु संविधानविपरीत हो,' उनले भने।

७० लाखमा बनाइएको कोभिड अस्पताल झन्डै दुई वर्षदेखि प्रयोगविहीन

झापामा **चिरञ्जीवी घिमिरे**

तीन वर्षअघि महामारीमा सञ्चालन गरिएको दमक नगरपालिका- २ बेलडाँगीस्थित कोभिड- १९ अस्पताल झन्डै दुई वर्षदेखि प्रयोगविहीन छ। भुटानी शरणार्थी शिविरका दुईवटा भवनलाई मर्मत गरेर ३० बेडको अस्पताल बनाउन नगरपालिकाले ७० लाख खर्च गरेको थियो। ०७८ कात्तिकसम्म अस्पताल सञ्चालनमा रहे पनि त्यसयता बन्द छ। संरक्षण अभावमा अस्पताल परिसर अहिले झारले ढाकिएको छ।

'नेतृत्वको अकर्मण्यताले त्यति धेरै रकम खर्च गरेर बनाएको कोभिड अस्पताल झार-जंगलले ढाकिएको छ। कम्तीमा एकजना कर्मचारी राखेर त्यो झार-जंगल फाँड्ने, सरसफाइ गर्ने हो भने अर्को कुनै महामारीलाई यसले थेग्ने थियो,' दमक अस्पताल व्यवस्थापन समितिका सदस्य प्रकाश बुढाथोकीले भने, 'दमक अस्पतालको एउटा इकाइ त्यहाँ सार्न सके पनि अस्पतालको भिड केही नियन्त्रण हुने थियो।'

नगरपालिकाका अनुसार त्यतिवेला आइसोलेसन तथा कोभिड अस्पताल भवनको मर्मत, घेराबारा, शौचालय, नर्सिङ स्टेसन, ओपिडी कक्ष र एक्स-रे कक्ष निर्माण गर्न करिब ७० लाख खर्च भएको थियो। दुईवटा भवनमध्ये एउटामा अस्पताल र

» पृष्ठ ११ मा क्रमशः



संरक्षण अभावमा रहेको कोभिड अस्पतालको भवन

यो संरचनालाई लागुऔषध प्रयोगकर्ताका लागि उपचार केन्द्र र सुधारगृहका रूपमा अघि बढाउने योजनामा छौं

रामकुमार थापा
मेयर,
दमक नगरपालिका



अहिले प्रयोगमा नरहेकाले झार पलाएको देखिन्छ। भित्र केही पनि छैन। त्यहाँ भवन मात्र हो। असुरक्षित भएका कारण सबै सामग्री दमक अस्पताल ल्याइयो। लागुऔषध प्रयोगलाई समाप्त गर्न एक वर्षको कार्यक्रम बनाउने तयारीमा छौं। यो संरचनालाई लागुऔषध प्रयोगकर्ताका लागि उपचार केन्द्र र सुधारगृहका रूपमा अघि बढाउने योजनामा छौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

‘पार्किङ अखडा’ बन्दै उपत्यकाका करिडोर सडक

ट्राफिक प्रहरी भन्छ- करिडोरका सडकमा परिचालन गर्न जनशक्ति नै छैन

शिवहरि घिमिरे/नयाँ पत्रिका

छिटो र ट्राफिक जाममुक्त हुने आसले अधिकांश सवारीचालकको रोजाइमा उपत्यकाका करिडोर सडक पर्ने गर्छन्। सहरका मुख्य सडकमा हुने दैनिकजसोका आन्दोलन, प्रदर्शन र ट्राफिक जामका कारण चालकहरू सकेसम्म यी सडकको विकल्प खोज्छन्। तर, पछिल्लो समय करिडोरका सडकमा समेत हुने गरेको अस्तव्यस्त पार्किङले चालक तथा यात्रुहरू सास्ती भोग्न बाध्य छन्।

उपत्यकाका सबैजसो मुख्य सडकसँग करिडोर सडक जोडिसकिएकाले सवारी आवागमनमा राहत मिलिरहेको थियो। तर, अस्तव्यस्त पार्किङका कारण पछिल्लो समय करिडोर सडक अस्तव्यस्त बन्न थालेका छन्। जथाभावी सवारीसाधन पार्किङ गर्दा यी सडकमा समेत जाम झेल्नुपर्ने अवस्था रहेको चालकको भनाइ छ। उपत्यकाभित्र ११ वटा खोला छन्। सबैजसो खोलाका दुवैतर्फ करिडोर सडक निर्माण भइसकेका छन्। मुख्य सडकसँग समेत जोडिएका कारण यात्रु तथा चालकले राहत महसुस गरेका थिए।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख डिआइजी पोषराज पोखरेलका अनुसार करिडोर सडकमा ट्राफिक जनशक्ति परिचालन गर्न आवश्यक जनशक्ति अभाव छ। ‘करिडोर सडकमा त्यति ध्यान दिनै सकेका छैनौं, अहिले मुख्य सडकको ट्राफिक व्यवस्थापन नै हाम्रो जिम्मेवारी हो,’ उनले भने, ‘अर्को कुरा सबै करिडोर व्यवस्थित बनेका छैनन्, मुख्य सडकसँग जोड्ने ठाउँमा ट्राफिक प्रहरी परिचालन पनि भइरहेको छ, तर करिडोर क्षेत्रमा नियमित ड्युटी खटाउँदैनन्, कम्प्लेन आयो भने मात्रै ट्राफिक खटिन्छन्।’

■ बागमती र विष्णुमती सबैभन्दा अस्तव्यस्त

काठमाडौं महानगरपालिकाले मुख्य सडक क्षेत्रमा पार्किङ निषेध गरेपछि यहाँका सवारी पार्किङ करिडोर क्षेत्रतर्फ सरिरहेका छन्। ट्राफिक प्रहरी र नगर प्रहरीको नजर नपर्ने भएकाले अधिकांशले करिडोर सडकमा पार्किङ गर्ने गरेका छन्। यस्तै, करिडोर सडक खुलिरहेका नयाँ-नयाँ होटेल तथा रेस्टुरेन्टका कारण पनि पार्किङ बाक्लो हुन थालेको हो। उपत्यकाभित्रका करिडोर सडकमध्ये सबैभन्दा बढी चाप धोबी खोला र बागमती करिडोरमा हुने गरेको छ। मध्य-सहरबीचमा रहेका यी खोलाका दुवै किनारमा सडक निर्माण भएका छन्। तर, यी खोलाका दुवै किनारका अधिकांश सडक बिहानदेखि बेलुकासम्मै पार्किङका कारण अस्तव्यस्त हुने गरेको छ। बागमती करिडोर क्षेत्रको तिनकुने, शंखमूल, सिनामंगल, थापाथली क्षेत्रमा सबैभन्दा बढी सवारीसाधन पार्किङ हुने गरेका छन्। यस्तै धोबी खोला करिडोरमा पनि अधिकांश ठाउँमा पार्किङ हुँदै आएको छ। यसबाहेक विष्णुमती, मनोहरा, ललितपुरको कर्मनासा, भक्तपुरको हनुमन्तेलगायत करिडोर सडकमा अव्यवस्थित पार्किङ भइरहेको छ। जसका कारणले मुख्य सडकमा जाम भएर करिडोर सडकतर्फ मोडिएने सवारीसाधन जाममा पर्ने गरेका छन्।



धोबीखोला करिडोर खण्डमा पार्किङ गरिएका सवारीसाधन। तस्बिर : नयाँ पत्रिका



● डिआइजी पोषराज पोखरेल
प्रमुख, उपत्यका ट्राफिक प्रहरी कार्यालय

करिडोर सडकमा ट्राफिक परिचालन गर्न आवश्यक जनशक्ति अभाव छ। त्यतातिर त्यति ध्यान दिनै सकेका छैनौं, अहिले मुख्य सडकको ट्राफिक व्यवस्थापनमै हाम्रो ध्यान छ। करिडोर क्षेत्रमा नियमित ड्युटीमा खटाउँदैनौं, कम्प्लेन आयो भने मात्रै ट्राफिक खटिन्छन्।

● सूर्यराज आचार्य, पूर्वाधारविद्

करिडोर सडक सबैजसो खुलिसकेका छन्, तर पुलमुनिका खण्ड निकै साँघुरा र होचा छन्। त्यहाँ ठूला सवारीसाधन छिर्न सक्दैनन्, अर्कोतर्फ पुलमुनिको सडक डिजाइनमा पनि गलत छ। लाजमर्दो डिजाइन गरिएको छ।



■ करिडोर व्यवस्थित नहुँदा मुख्य सडकमा बढ्यो सवारी चाप

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मुख्य सडकको ट्राफिक व्यवस्थापनमा करिडोर सडकले ठूलो राहत मिलेको थियो। तर, त्यहाँ पनि जाम हुन थालेपछि मुख्य सडकमा पुनः पहिलाकै जस्तो चाप हुन थालेको छ। ‘करिडोर सडक पनि अस्तव्यस्त हुँदा त्यसको असर मुख्य सडकमा पर्न थालेको छ,’ डिआइजी पोखरेलले भने, ‘करिडोर सडकमा कसैले पार्किङ व्यवसाय नै त गरेका छैनन्, तर त्यहाँ सडक अवरोध हुँदा मुख्य सडक प्रभावित हुन्छ।’ त्यसो त कतिपय ठाउँमा पार्किङ गरेर सडक नै अस्तव्यस्त बनाएको गुनासो आएपछि काठमाडौं महानगर प्रहरीले समेत सवारीसाधन नियन्त्रणमा लिने गरेको छ।

■ विद्युत् प्राधिकरणले खनेका खाल्डा अझै पुरिएनन्

करिडोर क्षेत्र अव्यवस्थित पार्किङले मात्रै अस्तव्यस्त बनेको छैन, नेपाल विद्युत् प्राधिकरणले बिजुलीको तार भूमिगत गर्दा खनेका खाल्डा नपुर्दासमेत सडक धरापजस्तै छन्। प्राधिकरणले करिब एक वर्षअघिदेखि बागमती, धोबी खोला, मनोहरालगायत सडकमा तार भूमिगत गर्न सडक खनिरहेको छ। तर, कतिपय ठाउँमा काम सकिएपछि प्राधिकरणले खाल्डा पुरेको छैन। सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले नेपाल विद्युत् प्राधिकरणले खनेका तथा भत्काएर सडकहरू उसैले नै निर्माण गर्नुपर्ने बताए। ‘प्राधिकरणले जहाँ-जहाँ सडक भत्काएको छ, त्यहाँ-त्यहाँ बनाउने जिम्मा उसैको हो,’ उनले भने।

■ करिडोर सडकका पुलमुनि छिर्दैनन् ठूला सवारीसाधन

त्यसो त करिडोर सडकमा पर्ने साँघुरा र होचो पुलका कारण सबैखाले सवारीसाधन सञ्चालन हुन सक्दैनन्। करिडोरको परिकल्पना नै नगरी निर्माण गरिएका पुलमुनिका सडक विस्तार गर्दा निकै होचा र जोखिमपूर्ण छन्। साना सवारीसाधन मात्रै पुलमुनिबाट ओहोरदोहोर गर्न सक्छन्। अधिकांश पुलमुनिका सडक निर्माणमा इन्जिनियरिङ त्रुटि छ। पुल निर्माण गर्दा त्यसमुनि करिडोर सडक पनि बन्न सक्छ भन्ने हेक्का नराख्दा सडक धराप थापेजस्ता भएका छन्।

करिडोरको अन्य खण्डमा फराकिलो भए पनि पुलमुनिको उचाइ निकै कम हुँदा ठूला सवारीसाधन अड्किने गरेका छन्। करिडोर खण्डमा पहिलोपटक सवारीसाधन चलाउने चालकले कुन ठाउँमा फसिने हो, थाहा नै पाउँदैनन्। विशेष गरी विष्णुमती, बागमती र धोबी खोला करिडोरमा यस्तो समस्या छ। पूर्वाधारविद् सूर्यराज आचार्यले सडक विभागले खोलामाथि पुल बनाउँदादेखि नै करिडोर सडकबारे योजना नबनाउँदा यस्तो त्रुटि भएको जानकारी दिए। ‘करिडोर सडक सबैजसो खुलिसकेका छन्, तर पुलमुनिका खण्ड निकै साँघुरा र होचा छन्,’ उनले भने, ‘त्यहाँ ठूला सवारीसाधन छिर्न सक्दैनन्, अर्कोतर्फ पुलमुनिको सडक डिजाइन पनि गलत छ। लाजमर्दो डिजाइन गरिएको छ। यसले नेपालका इन्जिनियर र इन्जिनियरिङमाथि नै प्रश्न उठाएको छ।’ बागमती करिडोरको तिनकुने पुल, सिनामंगल र गौशाला पुलमुनि ठूला सवारीसाधन छिर्न सक्दैनन् भने धोबी खोला करिडोरको बिजुली बजार पुलमुनि दुवैतिर सडक खोलिए पनि यहाँ पनि ठूला सवारीसाधन छिर्दैनन्। सेतोपुल, कालोपुल, रातोपुलमुनिका सडक पनि होचा छन्।

शनिबार उपत्यकामा

सूर्यविनायक : सूर्यविनायक नपा-५, सिर्जनानगर चोकमा नम्बर नखुलेको टिपरमा बा.९७प २९५० नम्बरको मोटरसाइकल ठोकिएर दुर्घटना हुँदा सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नपा-६ का २३ वर्षीय रामशरण आलेमगरको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको मध्यपुर अस्पताल ठिमी र नर्भिक अस्पताल काठमाडौंमा थप उपचारका क्रममा मृत्यु भएको हो। फरार रहेका टिपरचालकको प्रहरीले खोजी गरिरहेको जनाएको छ।

चन्द्रागिरि : चन्द्रागिरि नपा-३, थानकोट समृद्धि टोल बस्ने रोशन थापाको घरबाट नगद र विभिन्न सुनचाँदीका गहना गरी तीन लाख ४६ हजार तीन सय रुपैयाँबराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न फरार व्यक्तिको खोजी गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको छ।

जगाती : भक्तपुरको जगातीमा शुक्रबार गरिएको चेकिङमा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउँदै गरेका तीनजना चालकलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ। ना.६ख ५१९६ नम्बरका ट्रकचालक मकवानपुरको भीमफेदी गापा-२, भैंसेका २८ वर्षीय राजन विक, बा.२ख ८२०५ नम्बरको मिनी ट्रकचालक रोल्पा जुराका २७ वर्षीय दीपक विक र बा.५ख ५२७७ नम्बरका हाइसचालक धादिङ गल्छी गापा-५ का ३४ वर्षीय रमेश कमरलाई नियन्त्रणमा लिइएको हो। नियन्त्रणमा लिएका तीनैजनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरीवृत्त जगाती पठाइएको छ।

सचेतना अभियानपछि २२ प्रतिशतले घट्यो सवारी दुर्घटना

काठमाडौं/ काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र काठमाडौं महानगरपालिकाले सञ्चालन गरेको सचेतना कार्यक्रका कारण उपत्यकामा २२ प्रतिशतले दुर्घटना घटेको छ। १४ असोजदेखि सुरु गरिएको सडक सुरक्षा तथा ट्राफिक सचेतना सप्ताह कार्यक्रमको प्रभावका विषयमा जानकारी गराउँदै तथ्यांकसहित यस्तो दाबी गरिएको हो।

कार्यालयका अनुसार सडक अनुशासन उल्लंघन गर्ने चालकलाई कारबाही गर्दा गत एक वर्ष एक अर्ब ८८ लाख रुपैयाँ जरिवाना संकलन भएको छ। अनुशासन उल्लंघन गर्ने, तर कारबाहीमा नपर्नेहरूको संख्या बराबरी छ। सडक दुर्घटनामा दैनिक सातजनासम्मले ज्यान गुमाइरहेका छन्। १५ जनासम्म गम्भीर घाइते हुन्छन्। यो तथ्यांकले मानवीय क्षति कम गराउन अझै धेरै प्रयत्नको खाँचो रहेको कार्यालयको भनाइ छ।

सप्ताहको अन्तिम दिन शुक्रबार राष्ट्रिय सभागृहमा आयोजना गरिएको समापन कार्यक्रममा काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनीता डंगोलले सडक सुरक्षाका लागि प्रविधि जडान (सिसिटिभी)का लागि नेपाल प्रहरीसँग र रातमा सडकलाई उज्यालो बनाउन नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता गरेर तीन महिनाभित्र नतिजा देखिने गरी काम थालिएको जानकारी दिइन्। ‘सडक तथा सवारी आवागमन व्यवस्थापन बहुपक्षीय क्षेत्र हो। त्यसैले अपेक्षित उपलब्धिका लागि साझेदार सबैले समान रूपमा दायित्व निर्वाह गर्नुपर्छ।’

त्यसक्रममा काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले, सवारीसाधनका उत्पादक, लगानीकर्ता, व्यवस्थापन गर्ने कार्यालय, प्रहरी, लगानीकर्ता, चालक, सहचालक, कर्मचारी, निर्माण व्यवसायीलगायत दर्जनभन्दा धेरै संघ-संस्थाको दायित्वबाट सडक सुरक्षा कायम गराउन सकिने बताए। यसमा यात्रुको आचरण उत्तिकै जिम्मेवार छ। ‘धेरै व्यक्तिबाट प्रणाली चलाउनुपर्दा दोष लगाउने ठाउँ भेटिन्छन्। यसमा दोष देखाएर होइन, जिम्मेवारी लिएर काम गर्नुपर्छ,’ उनले भने।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले १४ वटा नाकाबाट काठमाडौं महानगरपालिकामा सवारीसाधन भित्रिने गरेकाले कतिपय यातायात व्यवसायीले नाकाकै छेउमा बसपार्कको माग गरिरहेको बताए। उपत्यका प्रहरी कार्यालयका प्रमुख, अतिरिक्त प्रहरी महानिरीक्षक दीपक थापाले सात दिनमा औसतमा दुई सय ३८ वटा सवारी दुर्घटना हुने गरेको तथ्यांक प्रस्तुत गर्दै यसलाई कम गराउन संयुक्त प्रयास चाहिएको बताए।

Gokulganga Rural Municipality
Office of Rural Municipal Executive
Rasnalu, Ramechhap
Province No-03

INVITATION FOR BIDS

First Date of Publication : 2080/06/21 B.S. (8th Oct, 2023)

1. Gokulganga Rural Municipality,Rasnalu,Ramechhap invites electronic bids from registered eligible national bidders for the following construction works under National Competitive Bidding.Some of the qualification criteria are mentioned below.

S. N.	Contract ID No.	Description of Works	Bid Security Amount (NRs.)	Bid Document Fee in (NRs.)	Estimate Amount (Without VAT & PS)	Bid Validity and Bid Security Validity	Last Date and Time of Bid Submission
1	GRM/RCH/ Works/ NCB/01/080/81	Construction of janajagriti mavibuilding.	180000	3,000	**70,98,522.79**	90 & 120 Days respectively	22thKartik 2080, 12:00 Hrs (8th Nov,2023)
2	GRM/RCH/ Works/ NCB/02/080/81	Upgrading works for Those tagam singati road	420000	3,000	**1,68,69,060.6**	90 & 120 Days respectively	22thKartik 2080, 12:00 Hrs (8th Nov,2023
3	GRM/RCH/ Works/ NCB/03/080/81	Upgrading works for Banchare namadi fedi khola khimti sadak	420000	3,000	**1,68,59,286.4**	90 & 120 Days respectively	22thKartik 2080, 12:00 Hrs (8th Nov,2023)

2. Eligible Bidders may obtain further informationand inspect the Bidding Documents at the Office of the Municipal Executive, Rasnalu, Ramechhap, Telephone : 9854043640 and Email:gokulganga.gapa@gmail.com and may visit the EGP section of Public Procurement Monitoring Office (PPMO) website (www.bolpatra.gov.np/egp)

Information to deposit the cost of Bidding Document in Bank :

Name of the Bank : Siddhartha Bank Ltd.
Name of Office : Gokulganga Rural Municipality, Rasnalu, Ramechhap
Account name and No.: Gokulganga Gaunpalika Antarik Rajaswo Khata, 03615251966 (for Bid Doc Fee)
Account name and No.: Gokulganga Gaunpalika Dharauti Khata , 03615031610 (for Bid security for cash deposit)

Executive chief

भादगाउँवासीलाई माटोका सामान बनाउन भ्याइनभ्याइ



भादगाउँ (भक्तपुर)/ भक्तपुर नगरापालिका-४, तालाक्वका विनोदकुमार प्रजापतिको परिवार केही दिनयता निकै व्यस्त छ। नजिकिँदो दसैँसहितका चाडबाडका कारण माटोका सामान बनाउन उनीहरू बिहानदेखि बेलुकासम्मै व्यस्त बनेका छन्।

दसैँमा घटस्थापनाको दिनदेखि पूजामा प्रयोग गरिने माटोका सामग्री बनाउन उनको परिवार व्यस्त बनेको हो। ‘दसैँ नजिकिँदै छ। काठमाडौं उपत्यकालगायत बाहिरी जिल्लाको मागअनुसार सामान बनाउन थालेका छौं। अझै धेरै बनाउन बाँकी छ,’ प्रजापतिले भने, ‘अहिले त म मात्र होइन, परिवारका सबै सदस्य यसै काममा व्यस्त छन्। शनिबारको दिन छोराछोरीलाई पनि काममा लगाइराखेका छौं।’ श्रीमती र छोराछोरीसहित घटस्थापनाका दिन पूजा कोठामा राख्ने गमला, भ्यग, धुपौरो, दूध राख्ने गपचा, जाँड राख्ने थापेङ र सोमा, रक्सी खाख्ने अन्ती, दूध पतु, सुकुना, गपचा, समेबजी खोला, सल्ली, मोनी सल्ली, जलपात्र, कलश, आरतीलगायत सामग्री बनाउन व्यस्त भएको उनले बताए। प्रजापतिका अनुसार जमरा राख्ने ढुकुटीमा देवी दुर्गाको पूजाका लागि माटोले बनेका सामग्रीको बढी प्रयोग हुने भएकाले बजारमा यसको माग उच्च छ।

भक्तपुर नगरपालिका-९, सुजमारी राजकृष्ण प्रजापतिलाई पनि माटोका सामग्री बनाउन भ्याइनभ्याइ छ। बिहान चार बजेदेखि दसैँका लागि मागअनुसारका सामग्री बनाउन व्यस्त छन्। दसैँ र तिहारको समयमा माग गरिएका सामग्री समयमा पुऱ्याउन सके वर्षभरि अरू वेला खासै व्यस्त हुनुनपर्ने राजकृष्णले बताए। ‘यो समयमा उपत्यकालगायत बाहिरी जिल्लाबाट पर्वका लागि आवश्यक माटोका सामग्रीको माग छ,’ उनले भने, ‘ती सामग्री समयमा पुऱ्याउन सके अरू वेला खासै व्यस्त हुनुपर्दैन। हामीले बढी दुःख गर्ने भनेको दसैँ र तिहारका लागि हो। यो समयमा मागअनुसार सामान उत्पादन गर्न सके वर्ष दिन गुजारा गर्न गाह्रो पर्दैन।’

बजारमा विभिन्न आधुनिक सामान आए पनि दसैँ-तिहारमा माटोका सामग्री बढी प्रयोग हुने गरेकाले यसको व्यापार निकै फस्टाएको व्यापरीहरू बताउँछन्। यो व्यवसायमा लागत र परिश्रमअनुसार आम्दानी हुने भएकाले पेसाप्रति नयाँ पुस्ता पनि आकर्षित भएको राजकृष्ण बताउँछन्। उनका अनुसार भक्तपुरमा १ देखि १२ सय रुपैयाँसम्मका पर्व सामग्री उत्पादन हुने गरेका छन्।

चाडपर्वको समय भक्तपुर तालक्व र सुजमारीको कुम्हालेका साथै लिवाली, तुमुचो, बुलुचा, घलाटे, चोलिँचा, च्याम्हासिंह, कमलविनायक र सूर्यविनायकका कुम्हालेका परिवार पनि माटोका सामान बनाउन व्यस्त देखिन्छन्। यहाँ उत्पादित पर्व सामग्रीहरू उपत्यकाका साथै काभ्रेको बनेपा, पनौती, धुलिखेल, साँखु, त्रिशूली, पोखरा, कीर्तिपुर, थेचोसम्म पुग्ने गरेको व्यवसायी बताउँछन्। - रासस

हात्ती भगाउने 'नाइट ड्युटी'मा बाहुनडाँगीवासी

भारतबाट नेपाल आउने हात्तीको झुन्डले सधैँजसो मेचीनगरको साबिक बाहुनडाँगी (हाल मेचीनगर वडा नम्बर १, २, ३, ४, ५) का तीन हजार बिघा खेतमा लगाइएका बाली खान्छ, कुल्चिन्छ। त्यही भएर यहाँका बासिन्दा हात्ती रुँग्न रातभर जाग्राम बस्छन्।

हात्तीबाट हुने क्षतिको क्षतिपूर्ति कति ?

- वन्यजन्यु भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० अनुसार हात्ती मानव बस्तीमा प्रवेश गरी नेपाली नागरिकको मृत्यु भएमा : हकवालालाई १० लाख
- घाइते भएमा : २० हजारसम्म
- गम्भीर घाइते भएमा : दुई लाखसम्म (तर, औषधि उपचारमा दुई लाखभन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक उपचार गराउँदा लागेको खर्च र त्सपछि सरकारी अस्पतालमा उपचार गराउदा लागेको सम्पूर्ण खर्च)
- अंगभंग भई शारीरिक रूपमा अशक्ति भएमा : एकमुस्ट पाँच लाख
- खेतको खाद्यान्न बालीमा क्षति पुगेमा खेतीको क्षेत्रफल र प्रकृति हेरेर बढीमा १० हजार उपलब्ध गराइन्छ। तर, एक मौसममा लगाइएको बालीको हकमा एकपटक र वर्षमा दुईपटकसम्म मात्र राहत उपलब्ध गराउने व्यवस्था छ।





झापाको मेचीबगरमा भारतबाट रातको समयमा खानाको खोजीमा नेपालतर्फ आउँदै गरेका हात्ती। हात्ती रुँग्न मेची बगरमा बसेका किसान।



● **अर्जुन कार्की**, वडाध्यक्ष, मेची नगरपालिका- ४

हात्तीपीडितको समस्यालाई संघीय सरकारले गम्भीर रूपमा लिएको छैन। दैनिक सयौँ बिघा जग्गामा क्षति पुग्दा राज्यले कानमा कुन खालको तेल हालेको छ। किन सुन्दैन ?' यो सरकारले राज्यको समस्या बनाउनुपर्छ। यो क्षेत्रमा राज्यले राहत होइन निश्चित प्याकेजमा राखेर क्षतिपूर्ति दिनुपर्छ। मेचीबगरमा हात्तीले खाने चिज लगाउने, फूलबारी बनाउने, ताल पोखरी, प्राकृतिक पार्क बनाउने योजनामा छौँ। जसले पर्यटकलाई पनि आकर्षण गर्छ। धानखेतीलाई पानी खेतीमा रूपान्तरण गरेर माछा पाल्ने योजना बनाउने तयारीमा छौँ। भारतसँगको सीमा भएकाले पर्यटकीय क्षेत्र बनाउँदा राम्रो हुन्छ। अहिले नगरपालिकाले विद्युतीय फेन्सिङ तार मर्मत, यसमा बस्ने कर्मचारीलाई तलब दिने काम पनि गरिरहेको छ। विभिन्न ठाउँमा ट्र्याक्टर भाडामा लिएर हात्ती खेदाउन प्रयोग गरेका छौँ।



● **अम्बिकाप्रसाद खतिवडा**
प्रवक्ता, राष्ट्रिय प्राकृतिक संरक्षण कोष

झापाको हात्ती प्रभावित क्षेत्रमा उच्च प्रविधिको प्रयोग गरेर विद्युतीय तारबार गरेका छौँ। हात्तीको पुरानो रुट हुन्छ। सधैँ त्यही रुट हिँड्छ। त्यो बाटो हिँड्दा लखेट्न खोज्ने, जिस्काउने गर्दा मानवीय क्षति पनि भएको छ। द्वन्द्वलाई न्यूनीकरण गर्न सहअस्तित्व नै कायम गर्ने हो। हामी हात्तीलाई पनि हटाउन सक्दैनौँ। यसका लागि जनचेतनामूलक कार्यक्रम गर्ने योजना बनाइरहेका छौँ। सहअस्तित्व कायम गर्न हामीले उनीहरूलाई सम्मान गर्नुपर्छ। पृथ्वी मानिसको मात्र होइन, वन्यजन्तुको पनि हो भन्ने हिसाबले हेर्नुपर्छ। उनीहरू हिँड्ने बाटोवरिपरि क्षयीकरण गरेका छौँ। त्यसलाई हटाउने, करिडोर मेन्टेन गर्ने काम गर्नुपर्दछ। उसलाई जिस्क्याउने, हप्काउने गर्नुहुँदैन। हात्तीले खान नमिल्ने अन्नबाली लगाउनुपर्छ।

झापामा **चिरञ्जीवी घिमिरे**

मेचीनगर- ४ बाहुनडाँगीका ७२ वर्षीय मोहन खपांगीलाई हरेक दिन साँझको खाना खान हतार हुन्छ। साँझ ६ बजेसम्म धानखेत नपुग्ने हो भने हात्तीको बथानले धान सखाप पारिदिन्छ। त्यही भएर उनी नेपाल-भारत सीमाको मेची नदीको बगरछेउमै रहेको खेतमा साँझ ६ बजे पुग्छन्। बिहान ७ बजेसम्म खेतमै बास हुन्छ। अन्नबाली हात्तीबाट जोगाउन यसरी रातभर जाग्राम बसेको चार दशक नाघिसक्यो, उनको दैनिकी नै बनेको छ।

वर्षको पाँच महिना भारतबाट मेचीबगर हुँदै आउने हात्तीको झुन्ड छेक्न बाहुनडाँगीवासीले खेतनजिकै टुङ (मचान) बनाएका छन्। त्यही टुङमा बसेर रातभर हात्ती रुँग्न खपांगी। साबिक बाहुनडाँगीस्थित मेची नदीको बगरमा रहेको तीन हजार बिघा खेतीमा प्रत्येक वर्ष प्रत्यक्ष हात्तीले क्षति पुऱ्याउँछ। हात्ती रुँग्न मेची बगरस्थित विभिन्न ठाउँमा १७ वटा टुङ छन्। एउटा टुङमा २० जनासम्म अट्छन्। टुङबाहेक टहरा बनाएर पनि बस्ने गरेका छन्।

मकै पाक्ने वेलामा जेठ र असार दुई महिना र धान खेती लगाएपछि भदौदेखि मंसिरसम्म बगरमा बसेर हात्ती छेक्नुपर्छ, होइन भने भारतबाट आउने हात्तीको झुन्डले बाली भित्र्याउन दिँदैन। 'हात्ती छेक्न गतिलो लाइट हुन्छ न त हात्ती भगाउने अन्य सरसामानै। हात्ती भगाउने त हाम्रो दैनिकी नै भइसक्यो,' हात्ती रुँग्न बिहीबार राति ९ बजे मेचीको ढिलमा भेटिएका खपांगीले भने, 'कहिले हात्तीले जितेर सबै बाली खान्छ। कहिले हामीले जितेर बाली भित्र्याउँछौं।' रातभर जाग्राम बसेर हात्ती भगाउँदा पनि यसपटक तीनपटक खेतमा पसेर धान खाएको उनी बताउँछन्।

■ हात्ती छेक्न नेपाल-भारतको च्यापिड गस्ती

हात्तीबाट हुने क्षति न्यूनीकरणका लागि नेपाल र भारतमा च्यापिड रेस्पोन्स टिम बनेको छ। यी दुवै टिमले समन्वय गरेर हात्तीबाट हुने क्षति न्यूनीकरणका लागि काम गरिरहेका छन्। हात्ती नेपालतर्फ छिरेको सूचना भारतपट्टिको च्यापिड रेस्पोन्स टिम दिने गरेको छ।

नेपालपट्टिको टिम रातभर टर्च, माइक र ट्र्याक्टर लिएर हात्ती छेक्न मेची बगरमा पुग्ने गरेको च्यापिट रेस्पोन्स टिम नेपाल तर्फका संयोजक न्युटन कार्कीले बताए। उनीहरूको तालिमप्राप्त टिम छ। यद्यपि, समस्या नै समस्यामा हात्तीबाट हुने क्षति न्यूनीकरणका लागि काम गरिरहेको उनले बताए। भारततर्फ सरकारले मेचीको बगरमा लाइट जडान गरेको छ। जसले हात्ती देख्न सहज हुन्छ। तर, नेपालतर्फ अन्धकार भएकाले हात्ती देख्न नै समस्या हुने गरेको उनले बताए। हात्ती-मानव द्वन्द्व न्यूनीकरणका लागि दुवै देशको सरकार स्तरीय संयन्त्र बनाएर काम गर्नुपर्ने कार्की बताउँछन्।

■ १० वर्षमा हात्तीको आक्रमणबाट ६१ को ज्यान गयो

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ लागू भएयता झापामा हात्तीको आक्रमणमा परी ५४ नेपाली र सात गैरनेपाली गरी ६१ जनाले ज्यान गुमाएका छन्। यही अवधिमा विभिन्न कारण १७ वटा हात्तीको मृत्यु भएको डिभिजन वन कार्यालय झापाकी सूचना अधिकारी अञ्जना पुरीले जानकारी दिइन्।

झापामा खानेकुरा खोजीका लागि भारतबाट आउने हात्तीको ठूलो हन्जाबाहेक करिब २५ वटा रैथाने हात्ती रहेको उनले बताइन्। 'रैथाने कति छन् भन्न समस्या छ। पहिला १० देखि १३ वटासम्म छन् भन्ने पत्ता लगाएका थियौँ। अहिले २५ वटासम्म पनि देखिएको छ। आउने-जाने भइरहँदा हामीसँग यकिन तथ्यांक छैन,' उनले भनिन्, 'गणना गर्न हामीसँग प्रविधि पनि छैन। वाइल्डलाइफको छुट्टै शाखा पनि छैन। गणनाको काम भएको छैन।'

भारतबाट नेपाल आउने हात्तीको झुन्डले सधैँजसो मेचीनगरको साविक बाहुनडाँगी (हाल मेचीनगर वडा नम्बर १, २, ३, ४, ५) का खेतमा लगाइएका बाली खान्छ, कुल्चिन्छ। नेपालतर्फ खेती भए पनि सीमावर्ती भारततर्फ जंगल छ। मेचीनगर-४ का वडाध्यक्ष अर्जुन कार्कीका अनुसार भारतको असामदेखिको हात्तीको हञ्जा यहाँ आउने गरेको हो। अहिले धानको सिजनमा हात्ती भगाउन दुईदेखि तीन सय स्थानीय रातभर खेतबारीमा हुन्छन्। तालिम प्राप्त २५ जनाको आरआरटी टिम पनि हात्ती धपाउन खटिन्छ।

नयाँ पत्रिकाकर्मी बिहीबार राति मेची नदीको बगर पुग्दा स्थानीय बासिन्दा पाकेको धान बाली हात्तीबाट जोगाउन पैठेजोरी खेल्न तयार देखिन्थे। हातमा टर्च, झोलामा हात्ती तर्साउने माइकसहित मेची बगरमा भेला भएका उनीहरूको एउटै उद्देश्य थियो, हात्तीबाट पाक्नै लागेको धान जोगाउने।

हात्ती छेक्न गएकामध्ये कतिपय हात्तीसँगै बगर-बगर कुदेर बालीमा पस्न दिँदैनन् भने कतिपय टुङमा बसेर रातभर रुझ्न। 'रातभर टुङबाट टिन ठटाएर हात्ती लखेट्छौँ। रातभर हात्तीको ड्युटी गरेर दिउँसो सुत्छौँ। कहिले त ड्युटी बस्दाबस्दै बाली खान्छ,' हात्ती लखेट्न बिहीबार राति मेचीबगरमा भेटिएका मेचीनगर- २ का कृष्ण कार्कीले भने। उनले बगरको दुई बिघा खेतमा धान लगाएका छन्। 'हात्ती बगरमै भएका वेला लखेट्न सके बालीमा पस्दैनन्। तर, बालीमा पसेपछि लखेट्नै मुस्किल हुन्छ,' उनले भने, 'हात्ती टाढा छ भने बाँधमा बसेर लाइट बालेर र कराएर पनि लखेट्छौँ। पटाका पड्काउछौँ।' हात्ती भगाउन मेची नगरपालिले एउटा ट्र्याक्टर पनि जोहो गरिदिएको छ।

■ विद्युतीय तारबारले पनि रोक्न सकेन हात्ती

राष्ट्रिय प्रकृतिक संरक्षण कोषले हात्ती नियन्त्रणका लागि विश्व बैंकको आर्थिक सहयोगमा सीमावर्ती क्षेत्रमा नेपालतर्फ १७.१४ किलोमिटर विद्युतीय तारबार गरेको छ। डिभिजन वन कार्यालय झापाका अनुसार मेचीनगर र इलामको रोङ- ६ को जिर्मलेदेखि मेचीनगर- ६ सम्म ०७२ मा सोलार फेन्सिङ तारबार गरिएको हो। तर, तारबारले हात्ती रोक्न सकेको छैन। 'सुरुका दुई वर्ष त तारबारले हात्ती छेकेको थियो। अहिले हात्ती फेन्सिङसँग अव्यस्त भइसकेको छ,' स्थानीय मोहन खपांगीले भने, 'सुरुमा करेन्टसँग डराउने हात्ती अहिले सजिलै पस्न थाले। हात्तीको दाह्रामा करेन्ट नलाग्ने भएपछि दाह्राले हटाएर पस्न थालेको छ।' त्यसबाहेक तारबार ठाउँठाउँमा चुडिँदा झनै समस्या भएको छ। डिभिजन वन कार्यालय झापाकी सूचना अधिकारी अञ्जना पुरीले सोलार फेन्सिङ तारबार मर्मतका लागि वार्षिक १० लाखसम्म बजेट उपलब्ध हुने गरेको छ। 'जहाँ बिग्रेको छ त्यहीँ मर्मत गर्छौँ,' उनले भनिन्, 'फेरि हात्ती छिर्न थालेको छ भन्ने जानकारी आएको छ।'

■ ऐलानी खेत हुनेले पाउँदैनन् राहत

बाहुनडाँगीका युवराज विश्वकर्माको मेची नदीछेउमै दुई बिघा खेत छ। पुस्तौँदेखि भोगचलन गर्दै आएको खेत भने ऐलानी हो। उनको परिवार यहाँबाट उत्पादन हुने धान, मकैमा अश्रित छ। हात्तीबाट जोगाउन सके अन्न भित्र्याउन पाउँछन् होइन भने मजदुरी गरेर पेट पाल्नुपर्छ। हात्तीले अन्नबाली नष्ट गर्दा उनी राहत पाउँदैनन्। वन्यजन्यु भएको क्षतिको राहत वितरण निर्देशिका- ०८० मा ऐलानी जमिनको अन्नबाली हात्तीले क्षति गर्दा राहत दिने व्यवस्था छैन। नम्बरी खेतको खाद्यान्न बालीमा क्षति पुगेमा खेतीको क्षेत्रफल र प्रकृति हेरेर बढीमा १० हजार उपलब्ध गराइन्छ। तर, एक मौसममा लगाइएको बालीको हकमा एकपटक र वर्षमा दुईपटकसम्म मात्र राहत उपलब्ध गराउने व्यवस्था छ।



एमाले सुदूरपश्चिम अध्यक्षमा तीनजनाको दाबी

धनगढीमा **तेजराज भट्ट**

एमाले सुदूरपश्चिम प्रदेश अध्यक्षका लागि तीनजना दाबेदार देखिएका छन् । अछामका कृष्णप्रसाद जैसी, कमल तिमिल्सिना र कञ्चनपुरका वचनबहादुर सिंहले अध्यक्षमा दाबी गरेका छन् । प्रदेशमा नयाँ नेतृत्व चयनका लागि एमाले प्रदेश कमिटीको प्रथम अधिवेशन आइतबारबाट सुरु हुँदै छ ।

नेतृत्वका आकांक्षी तीनैजनाले 'लबिङ' तीव्र पार्नुका साथै टिम निर्माणको गृहकार्य गरिरहेका छन् । शिक्षण पेसा छाडेर ०४७ देखि एमालेको पूर्णकालीन राजनीतिमा सक्रिय भएका जैसी ०५० मा लगातार दुई कार्यकाल जिल्लासचिव र ०५४ सालमा जिविस अछामको सभापति भएका थिए । पार्टीको गाउँ कमिटी हुँदै जिल्ला कमिटी उपसचिव र दुईपटक सचिव भएको अनुभव उनीसँग छ । 'पार्टीले बोकेका एजेन्डालाई स्थापित गर्न र पार्टीलाई प्रदेशमा बलियो बनाउन मेरो उम्मेदवारी हो,' उनले भने, 'पार्टी नेतृत्वले पनि मलाई साथ दिने आशा छ ।'

०४४ मै अनेरास्ववियुको राजनीति गरेका तिमिल्सिना अहिले पार्टीको प्रदेश कमिटी उपाध्यक्ष हुन् । उनले ०४७ मा एमाले जिल्ला कमिटी सदस्य, ०६६ मा एमालेको जिल्ला अध्यक्ष, तत्कालीन अञ्चल कमिटी सदस्य भएर काम गरेका थिए । बहालवाला उपाध्यक्ष भएकाले नेतृत्वको स्वाभाविक दाबेदार भएको उनको तर्क छ । ०८४ मा तीनवटै तहका निर्वाचनमा सुदूरपश्चिममा पार्टीलाई एक नम्बर बनाउने आफ्नो लक्ष्य रहेको उनले बताए ।

सिंहले कञ्चनपुरमा पत्रकार सम्मेलन गरेरै उम्मेदवारी घोषणा गरिसकेका छन् । एमालेको भ्रातृसंगठन युवा संघको केन्द्रीय अध्यक्ष भइसकेका सिंह अहिले पार्टीको प्रदेश सचिवालय सदस्य हुन् । युवाको प्रतिनिधित्व गर्दै पार्टीलाई नयाँ ढंगले अगाडि बढाउन आफूले नेतृत्वमा दाबी गरेको उनको भनाइ छ ।

प्रदेशको नेतृत्वमा केन्द्रीय नेताहरूको दाबी नरहेकाले सहमतिमै नेतृत्व चयनको प्रयास भइरहेको बताइएको छ । एमाले केन्द्रीय सचिव एवं सुदूरपश्चिम इन्चार्ज छविलाल विश्वकर्माले सुदूरपश्चिममा एकताको सन्देश दिने गरी सहमतिमा नेतृत्व चयनको प्रयास भइरहेको बताए । 'समझदारीमै नेतृत्व चयनको प्रयासमा छौं, सहमति नभए स्वच्छ प्रतिस्पर्धा हुन्छ,' उनले भने ।



कृष्णप्रसाद जैसी | वचनबहादुर सिंह | कमल तिमिल्सिना



सुदूरपश्चिममा रहेका एमाले केन्द्रीय नेताहरूबीच सहमतिका आधारमा नेतृत्व चयन गरेर जानेबारे शुक्रबार छलफलसमेत भएको थियो । निर्वाचन हुने अवस्था आए जैसी र तिमिल्सिनाबीच प्रतिस्पर्धा हुने एमालेका एक नेताले बताए । उनका अनुसार त्यस्तो अवस्थामा अध्यक्षका अर्का उम्मेदवार सिंह पदाधिकारीमा समेटिने सम्भावना छ । केन्द्रका प्रभावशाली नेता उम्मेदवार नभएकाले केन्द्रीय नेतृत्वको चासो देखिने गरी प्रकट भइनसके पनि यहाँका केन्द्रीय नेताहरू आफूनिकट उम्मेदवारको पक्षमा लागिसकेका छन् । स्थायी कमिटी सदस्य कर्ण थापा जैसीको पक्षमा खुलेर लागेका छन् । पोलिटब्युरो सदस्य निरुदेवी पाल, नरबहादुर धामीलगायत नेताहरू उनको पक्षमा रहेको बताइएको छ ।

तिमिल्सिनालाई पोलिटब्युरो सदस्य गणेश ठगुन्ना, केन्द्रीय सदस्य झपट रावललगायतको समर्थन छ । खुलेर नदेखिए पनि तिमिल्सिनालाई महासचिव शंकर पोखरेलको समर्थन रहेको एमाले स्रोतले जनाएको छ । भीम रावलले पनि उनलाई समर्थन गर्ने बताइएको छ । केन्द्रीय सचिव भट्ट भने तटस्थ देखिएका छन् । पार्टी अध्यक्षको संकेत नपाइसकेकाले उनी अहिले तटस्थ रहेको एमालेका एक नेताले बताए । 'सुदूरपश्चिमबाट एकताको सन्देश दिन चाहेकाले पनि केन्द्रीय चासो प्रटक भइसकेको छैन, तर प्रदेशका नेताहरू भित्रभित्रै चुनावी जोडघटाउमा लागिसक्नुभएको छ,' एमालेका एक नेताले भने, 'अहिले नेताहरूले सहमतिको प्रयास भइरहेको भने पनि चुनाव हुने सम्भावना बढी छ ।'

■ ओलीले आज अधिवेशन उद्घाटन गर्ने

एमाले अध्यक्ष केपी ओलीले आइतबार धनगढीस्थित सौराह ब्यांक्वेटमा अधिवेशनको उद्घाटन गर्नेछन् । एमाले प्रदेश कमिटीले पत्रकार सम्मेलन गरेर अधिवेशनको तयारी पूरा भएको र बिहान ११ बजे अधिवेशन उद्घाटनको समय तय गरिएको जानकारी दिएको छ । उद्घाटन समारोहमा महासचिव शंकर पोखरेल, सचिव तथा कर्णाली प्रदेश इन्चार्ज लेखराज भट्ट, स्थायी कमिटी सदस्य तथा संगठन विभाग प्रमुख कासीनाथ अधिकारी, स्थायी कमिटी सदस्य तथा खेलकुद विभाग प्रमुख कर्ण थापालगायत केन्द्रीय नेताहरू सहभागी हुने एमाले प्रदेश अध्यक्ष दामोदर भण्डारीले बताए । सचिव भट्टको यो गृह प्रदेश हो ।

अधिवेशनको उद्घाटनमा एमाले सुदूरपश्चिम प्रदेशका सबै पोलिटब्युरो सदस्य, केन्द्रीय सदस्य, लेखा, केन्द्रीय निर्वाचनलगायत आयोगका सदस्य, सल्लाहकार परिषद्का सदस्यलाई आमन्त्रण गरेको छ । तर लामो समयदेखि पार्टीमा जिम्मेवारीविहीन रहेका नेता भीम रावललाई भने गृहप्रदेशकै अधिवेशनको उद्घाटनमा आमन्त्रण गरिएको छैन । अहिले गृहजिल्ला अछाममा रहेका रावललाई पार्टीले आमन्त्रण नगरेकाले उनी उद्घाटन समारोहमा सहभागी नहुने उनको सचिवालयले जनाएको छ ।

अधिवेशनको तयारीबारे जानकारी दिन शनिबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा प्रदेश इन्चार्ज छविलाल विश्वकर्माले रावल राष्ट्रिय र केन्द्रीय नेता भएकाले आमन्त्रण नगरिएको बताए । एमालेको चितवन महाधिवेशनपछि पार्टी राजनीतिबाट किनारा लगाइएका रावल हाल कुनै जिम्मेवारीमा छैनन् । 'पार्टीमा किनारा लगाउने शृंखलाअन्तर्गत नै आफूनै प्रदेशमा हुन लागेको अधिवेशन उद्घाटनमा उहाँलाई निषेध गरिएको हो,' रावल निकट एक नेताले भने ।

■ विवादबीच प्रतिनिधि छनोट

एमाले प्रदेश कमिटीका अनुसार अधिवेशनका लागि ६ सय ७५ जना प्रतिनिधि छनोट गरिएको छ । प्रतिनिधि छनोटमा व्यापक विवाद देखिएको छ । केन्द्रीय सचिवसमेत रहेका कर्णाली प्रदेश इन्चार्ज भट्टको गृहनगर गोदावरीमै प्रतिनिधि चयनमा तीव्र विवाद देखिएको छ । विधि र पद्धतिविपरीत प्रतिनिधि छनोट गर्न लागिएको भन्दै एक पक्ष प्रतिनिधि चयन प्रक्रियामा सहभागी भएन । जिल्ला कार्यसमिति सदस्य आनन्द भट्ट, प्रदेशका पूर्वमन्त्री कृष्णराज सुवेदीलगायत नेताहरूले शुक्रबार पत्रकार सम्मेलन गरेरै गोदावरीमा अवैधानिक रूपमा प्रतिनिधि छनोट गरिएको आरोप लगाएका छन् । सुदूरपश्चिमका अन्य पालिकाहरूमा पनि प्रतिनिधि छनोटका विवाद सार्वजनिक भएका छन् । धनगढी उपमहानगरपालिकामा भिर्गोलमै नबस्नेलाई पहुँचका आधारमा प्रतिनिधि छनोट गरिएको भन्दै एमाले कार्यकर्ताले धनगढीस्थित एमालेको जिल्ला र प्रदेश पार्टी कार्यालयमा तालाबन्दीसमेत गरेका थिए ।

परिवर्तनका वाहकलाई बदनाम गराउने प्रयास भइरहेको छ : प्रचण्ड



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संघीय लोकतान्त्रिक गणतन्त्रमाथि प्रहार भइरहेको बताएका छन् । राम कार्कीद्वारा लिखित 'विकल्पः समता, समाजवाद र मुक्त दुनियाँ' नामक पुस्तक प्रज्ञा भवन कमलादीमा शनिबार विमोचन गर्दै उनले परिवर्तनका वाहकलाई बदनाम गराउने प्रयास भइरहेको दाबी गरे ।

'संघीय लोकतान्त्रिक गणतन्त्रलाई उल्ट्याउनुपर्छ भन्ने पनि छन् । यो परिवर्तनको पक्षमा अन्तिम समयसम्म लडिराख्नुपर्छ भन्ने पनि छन् । परिवर्तन उल्ट्याउनेलाई फाइदा पुग्ने गरी हाम्रा गतिविधि, अभिव्यक्ति हुने कि परिवर्तनको रक्षा गर्नेमा उभिने भन्ने फैसला सबै क्रान्तिकारी र चिन्तकले गर्न जरुरी ठान्छु,' प्रचण्डले भने ।

मार्क्सवादको प्रयोग गरेर आफू अगाडि बढेको उनको भनाइ थियो । उनले वामपन्थी विचलनबाट संकट आएको हो कि दक्षिणपन्थीले पैदा गरेको हो भन्ने प्रश्न रहेको बताए । प्रचण्डले नेतृत्व जनता र इतिहासले जन्माउने तथा आन्दोलन र संघर्षको बीचबाट नेतृत्व जन्मिने गरेको बताए । विकल्प आएमा आफू नेतृत्व छोड्न तयार रहेकोसमेत उनले बताए । 'म नेतृत्वमा रहेको नै ३५ वर्ष भइसक्यो । छोड्छु भन्दा पनि सुख छैन । तपाईंहरूले प्रचण्डले छाडिदिनुपर्छ र फलानो आउनुपर्छ भन्न सक्नुहुन्छ ? तपाईंहरूले भनिदिनुभयो भने म त खुसी हुन्छु । तर, परिस्थिति त्यस्तो छैन,' उनले भने । यस्तै, प्रधानमन्त्री प्रचण्डले राज्यमाथि नियन्त्रण, निगरानी र हस्तक्षेप जति प्रभावशाली हुन्छ, लोकतान्त्रिक प्रणाली त्यति नै बलियो हुने बताएका छन् । नुवाकोटको बेलकोटगढी नगरपालिकाका पूर्वउपप्रमुख कविता ढुंगानाद्वारा लिखित पुस्तक 'स्थानीय सरकारः अपेक्षा र अवस्था' को शनिबार नै लोकार्पण गर्दै उनले सरकार र राज्यमाथि जनताको प्रत्यक्ष निगरानी जरुरी रहेको बताए ।

'राज्यमाथि जनताको नियन्त्रण, निगरानी र हस्तक्षेप भए मात्रै लोकतन्त्र बलियो हुन्छ । सरकार र राज्यमाथि जनताको प्रत्यक्ष निगरानी चाहिन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने जिम्मेवारी राष्ट्रिय कार्यभार हो । यतिबेला हामी संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने कानुन निर्माण गर्ने चरणमा छौं', प्रचण्डले भने, 'संघीय लोकतान्त्रिक गणतन्त्रमाथि नै प्रश्न उठाउने वेलावेलामा प्रयत्न हुने गरेको छ, यस्तो वेला स्थानीय सरकारलाई थप जनमुखी बनाएर व्यवहारबाट प्रतिक्रान्तिकारी सोच पराजित गर्न जरुरी छ ।' प्रधानमन्त्रीले कतिपयमा संघीय लोकतान्त्रिक गणतन्त्रले परिकल्पना गरेका ऐन, कानुन लागू राम्रोसँग नगरिदिने र यो व्यवस्था नै ठिक छैन भनेर फेरि पुरानै सामन्ती निरंकुशतातिर फर्काउन चाहने सोच देखापरेको बताए ।

गण्डकीमा चार विषयगत समितिले पायो नेतृत्व

कास्की/ गण्डकी प्रदेश सभाको पहिलो बैठक बसेको नौ महिना ६ दिनपछि विषयगत समितिले सभापति पाएका छन् । प्रदेश सभामा रहेका चारमध्ये काग्रेसले दुई, एमाले र माओवादीले एक-एक समितिको सभापति पाएका छन् । गत ३० साउनमा प्रदेश सभाको पहिलो बैठक बसेको सात महिना १३ दिनपछि विषयगत समितिहरू गठन भएका थिए । समिति गठन भएको एक महिना २० दिनपछि समितिले सभापति पाएका हुन् । गत ४ मंसिरमा सम्पन्न निर्वाचनपछि प्रदेशमा दुई सरकार र दुई मुख्यमन्त्री नियुक्त भएका छन् ।

६० सदस्य रहेको प्रदेश सभामा चार विषयगत समितिहरू रहने व्यवस्था प्रदेश सभा नियमावली २०८० ले गरेको छ । गठित चार समितिमध्ये तीनमा १५ र एकमा १३ सदस्य छन् । ६० सदस्यीय प्रदेश सभामा काग्रेस २७, एमाले २२, माओवादी आठ, राप्रपा दुई र एकीकृत समाजवादीका एकजना सांसद छन् ।

काग्रेसको भागमा परेको अर्थ तथा विकास समितिको नेतृत्व स्याङ्जाका भोजराज अर्याल र प्रदेश मामिला तथा कानुन समितिको नेतृत्व बागलुङकी चम्पादेवी खड्काले गर्ने भएकी छिन् । एमालेको भागमा परेको सार्वजनिक लेखा समितिको सभापतिमा स्याङ्जाका सुधिरकुमार पौडेल र माओवादीको भागमा परेको सामाजिक विकास तथा कृषि समितिमा गोरखाका फणीन्द्र देवकोटाले नेतृत्व गर्ने भएका छन् । चार सभापतिका लागि चारजनाको मात्र उम्मेदवारी परेपछि उनीहरू निर्विरोध भएका छन् १५ सदस्यीय सार्वजनिक लेखा समितिमा कल्पना तिवारी, कृष्णप्रसाद पाठक, खगराज अधिकारी, जितबहादुर शेरचन, डा. टकराज गुरुङ, टीकाकुमारी बस्याल, दमयन्ती रुचाल, द्रोणकुमार कुँवर, नन्दकला दमाईं नेपाली, निर्मला थापा, पञ्चराम गुरुङ, भीमबहादुर कार्की, सरस्वती गुरुङ, सुधिरकुमार पौडेल र हरिबहादुर चुमान छन् ।

तीन मन्त्री पदेन सदस्य रहने अर्थ तथा विकास समितिमा १५ जना सदस्य रहनेछन् । समितिमा गणेशमान गुरुङ, डिल्लीराम सुवेदी, पदमा जिसी श्रेष्ठ, पार्वती तामाङ, प्रकाश बराल, प्रकाशबहादुर केसी, भोजराज अर्याल, लक्ष्मणबहादुर पाण्डे, विमला गौचन, बिन्दु पौडेल, सीताकुमारी सुन्दास र हरिबहादुर भण्डारी गरी १२ जना सदस्य छन् । मुख्यमन्त्री पदेन सदस्य रहने प्रदेश मामिला तथा कानुन समिति १३ सदस्यीय छ । समितिमा कुसुम बुढा पुन, गोविन्दबहादुर नेपाली, चम्पादेवी खड्का, देवका पहारी त्रिपाठी, नन्दप्रसाद न्यौपाने, बिकल शेरचन, भेषबहादुर पौडेल, मित्रलाल बस्याल, मुनीन्द्रजंग गुरुङ, यशोदा रिमाल, रोशनबहादुर गाहा थापा र रेखा गुरुङ सदस्य छन् ।

तीन मन्त्री पदेन सदस्य रहने सामाजिक विकास तथा कृषि समिति १५ सदस्यीय रहेको छ । समितिमा अशोककुमार श्रेष्ठ, दिलमाया पौ बि, नम्डु गुरुङ, फणीन्द्र देवकोटा, विन्दुकुमार थापा, वेदबहादुर गुरुङ, भक्तबहादुर कुँवर, महेश भट्टराई, राजकुमारी भुजेल, राजीव गुरुङ, लीलबहादुर थापा मगर र श्यामराजा महत सदस्य छन् ।

कुचगाउँका भूकम्पपीडितलाई वासको चिन्ता

बझाङमा **नवराज पनेरू**

बझाङको थलरा गाउँपालिका- ३ कुचगाउँकी जगु नेपाली त्रिपालमुनि बस्न थालेको चार दिन भइसक्यो । १६ असोजमा गएको ६.३ रेक्टर स्केलको भूकम्पले घर भत्काएपछि नेपालीको वास खेतमा लगाएको त्रिपालमुनि छ । 'भूकम्पले घर ध्वस्त बनाइदियो,' उनले भनिन्, 'मेरो त जग्गा पनि छैन । अर्काको जग्गामा गाउँलेले त्रिपाल हालेका छन् । सोही त्रिपालमुनि रात कटाइरहेकी छु ।' खानेभन्दा पनि कहाँ बस्ने भन्ने चिन्ता बढी भएको उनले बताइन् ।

कुचगाउँकै पालु विकको घर पनि भूकम्पले भत्काएको छ । 'सरकारले नै बनाइदिएको (मुक्त हलियामार्फत) एक घर थियो, त्यो पनि भूकम्पले लग्यो,' उनले भनिन्, 'जसोतसो ज्यान त जोगियो, अब बस्ने कहाँ ? भन्ने चिन्ता छ ।' सरकारले राहतका नाममा खाद्यान्न दिनुभन्दा पनि बसोवासको व्यवस्था गरिदिनुपर्ने माग विकको छ ।

सेती नदीलाई समानान्तर पारेर बनाएको जयपृथ्वी राजमार्गको पारिपट्टि पर्छ कुचगाउँ । १६ असोजको भूकम्पले गाउँ नै ध्वस्त बनाइदिएको छ । अहिले गाउँलेहरू खेतमा लगाइएको एउटै त्रिपालमुनि रात काटिरहेका छन् । जिल्ला सदरमुकाममा रहेको जयपृथ्वी नगरपालिका- १० की राधा बादीको घर पनि भूकम्पले भत्काएको छ । १६ असोजदेखि उनको वास पनि घरनजिकैको त्रिपालमुनि भएको छ । 'बस्न पनि छैन, खान पनि केही छैन,' बादीले भनिन्, 'सरकारले बसोवासको व्यवस्था तत्काल गरिदिनुपऱ्यो ।' जयपृथ्वीकै गणेश बोहराले पनि भूकम्पका कारण दैनिकी कष्टकर बनेको दुःखेसो पोखे । 'घर भत्किएर ध्वस्त नै त भएको छैन,' उनले प्रश्न गरे, 'तर चिराचिरा परेर बस्न निकै असुरक्षित भएको छ । यस्तो घरमा कसरी बस्ने ?' उनका अनुसार दिउँसोको समयमा भूकम्प जाँदा धेरै मानवीय क्षति नभएको हो । 'यही भूकम्प राति गएको भए धेरै मानवीय क्षति हुने थियो,' उनले भने ।

१६ असोजको भूकम्पपछि पनि निरन्तर रूपमा परकम्प गइरहेका कारण बझाङवासी थप पीडित भएका छन् । राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार पछिल्लो चार दिनमा बझाङ केन्द्रबिन्दु भएर १५ पटक भूकम्पका धक्का मापन गरिएका छन् । १६ गतेको भूकम्पले ठूलो भौतिक क्षति भएको र परकम्पले थप क्षति गरिहेको जिल्ला प्रहरी कार्यालय बझाङका प्रमुख तथा प्रहरी नायब उपरीक्षक भरतबहादुर शाहले बताए । 'भूकम्पका कारण भएको क्षतिको विवरण संकलन गरिरहेका छौं,' उनले भने, 'यकिन विवरण आउन अझै समय लाग्छ । तर,



भूकम्पपीडितका गुनासो सुन्दै सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह ।

अधिकांश घर बस्नका लागि असुरक्षित भएका छन् । त्यसैमा परकम्पले झन् त्रसित बनाइरहेको छ ।'

डिएसपी शाहका अनुसार शनिबारदेखि राहत वितरणको कार्यक्रम सुरु भएको छ । 'हामीलाई विभिन्न तहका सरकार र अन्य निकायबाट प्राप्त भएको राहत सामग्री स्थानीय तहलाई प्रदान गरेका छौं,' उनले भने, 'स्थानीय तहले प्राथमिकताका आधारमा राहत सामग्री वितरण गर्नेछन् ।' भूकम्पका कारण बझाङमा धेरै क्षति भएकाले तीन तहकै सरकार मिलेर काम गर्ने सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले बताए । 'सुरुमा प्राविधिक टोली खटाएर कुन घर बस्न मिल्ने र कुन नमिल्ने भनेर छुट्याउछौं,' उनले भने, 'त्यसपछि द्रुतगतिमा पुनर्निर्माणको कार्य हुन्छ । तीन तहकै सरकार मिलेर अगाडि बढ्छौं ।' उनका अनुसार भूकम्पमा परी घाइते भएकाहरूको उपचार प्रदेश सरकारले गरेको छ भने राहत वितरण कार्य स्थानीय तहमार्फत सुरु गरिएको छ । 'भूकम्पले सबैभन्दा बढी भौतिक क्षति गरेकाले सोहीतर्फ हाम्रो ध्यान जान पनि आवश्यक छ,' उनले भने, 'पीडितको बसोवासको व्यवस्था गर्ने जिम्मा सरकारको हो । यसमा ढिलाइ हुँदैन ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बझाङमा भूकम्पका कारण मृत्यु भएका व्यक्तिका परिवारलाई दुई लाख सहयोग प्रदान गर्ने घोषणा गरेका छन् । भूकम्पबाट पूर्ण क्षति भएका घरका परिवारलाई तत्कालका लागि अस्थायी आवास निर्माण गर्न ५० हजार, भूकम्पबाट प्रभावित अन्य परिवारलाई राहतस्वरूप १५ देखि २० हजार प्रदान गरिने बझाङ पुगेरै प्रचण्डले बताएका थिए । भूकम्पबाट एकजनाको मृत्यु भएको छ भने सुदूरपश्चिममा २९ जना घाइते भएका थिए । त्यस्तै, प्रदेशका सात जिल्लामा एक हजारभन्दा बढी भौतिक संरचनामा क्षति पुगेको छ ।

खाद्य पदार्थ तार्ने तेल तथा घ्यूका सम्वन्धमा होटेल रेष्टुरेन्ट एवं खाद्य व्यवसायीहरुको लागि जरुरी सूचना

सूचना प्रकाशित मितिः २०८०/०६/२१

खाद्य पदार्थ तार्ने वा पकाउने प्रयोजनका लागि प्रयोग हुने खाद्य तेल तथा घ्यूमा टोटल पोलार मेटेरियल (Total Polar Material) २५% भन्दा नबढेको हुनुपर्ने नेपाल सरकारको मापदण्ड रहेकोले खाद्य पदार्थ तार्न एक पटक प्रयोग भइसकेको तेल तथा घ्यू पुनः पटक पटक तार्ने वा पकाउने कार्य नगर्न वा नगराउन अनुरोध छ। अन्यथा खाद्य ऐन नियम अनुसार कारवाही हुने व्यहोरा जानकारी गराईन्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं ।
www.dftqc.gov.np

शुभ विहानी बचत तथा ऋण सहकारी संस्था लि.को
चाबहिल-७, काठमाडौं
फोन : ०१-४५६३१२४

१७ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

श्री सम्पुर्ण शेयर सदस्य ज्यूहरु -

विषयः- साधारण सभामा उपस्थित हुने बारे ।

प्रस्तुत विषयमा यस संस्थाको मिति २०८०/०६/१७ मा बसेको संचालक समितिको निर्णय अनुसार यस संस्थाको १७ औं वार्षिक साधारण सभा नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मंत्रालय अर्न्तगत सहकारी विभागले जारी गरेको निर्देशिकाको नियमहरुलाई पालना गर्दै निम्न प्रस्तावहरु पारित गर्नका लागि निम्न मिति, समय र स्थानमा यहाँहरुको उपस्थितिको लागी हार्दिक अनुरोध गर्दछु ।

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको मन्तव्य सहित संस्थाको वार्षिक प्रतिवेदन ।
२. संस्थाको कार्यकारी निर्देशकबाट पेश हुने वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८०/८१ को अनुमानित आय व्याय वजेट र भावी नीति तथा कार्यक्रम पारित गर्ने बारे ।
३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने बारे ।
४. आ.व. २०७९/८० को लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने बारे ।
५. शेयर लाभांश वितरण अनुमोदन गर्ने बारे ।
६. आ.व. २०८०/८१ को लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने बारे ।
७. विनियम संसोधन गर्ने बारे ।
८. सभामा उपस्थित शेयर सदस्यहरुलाई परिवहन खर्च दिने बारे ।
९. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने बारे ।
१०. विविध

साधारण सभा हुनेः-
मिति :- २०८०/०७/२५ गते शनिवार
समय : - विहानको ११:०० बजे देखी ४:०० बजे सम्म ।
स्थान :- ए-वान पार्टी प्यालेस चावहिल -७, काठमाण्डौं ।

संचालक समितिको आज्ञाले
(होम नाथ गुरुङ)
अध्यक्ष

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
दरबारमार्ग शाखा, नारायणहिटी पथ, काठमाण्डौं ।
यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०/०६/२१

श्री **प्रचण्ड बहादुर शाह**की नातिनी, श्री **यक्षबहादुर शाह/श्रीमती देवकी शाह**की छोरी, श्रीमान **दिपक के.सी** की पत्नी, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ४ बस्ने श्रीमती **मिनु के.सी (शाह)** (ना.प्र.नं १६४८४ जारी मिति : २०६२/०३/०२ जि.प्र.का. काठमाण्डौं) र श्री **प्रचण्ड बहादुर शाह**की नातिनी, श्री **सुर्य बहादुर शाह/मना शाह**की छोरी, श्रीमान **राजेश कुमार खड्का**की पत्नी, ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ३ बस्ने श्रीमती **मुन्ना शाह(खड्का)** (ना.प्र.नं १४१९ जारी मिति : २०४१/०४/१० जि.प्र.का. काठमाडौं) को संयुक्त नाममा यस बैंकको **मुख्य शाखा दरबारमार्ग, काठमाडौं** कार्यालयबाट **सेफ डिपोजिट लकर नं १५३६** लिई प्रयोग गरी आउनु भएकोमा निज श्री **हिरा सिंह के.सी** को नाति, श्री **शिवदर्शन के.सी/श्रीमती मोहिनी देवी के.सी** को छोरा, श्रीमती **मिनु के.सी** को पति, काठमाण्डौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३ बस्ने श्रीमान **दिपक के.सी** (ना.प्र.नं २७१०६०/१६५१७ जारी मिति : २०६४/११/२२, जि.प्र.का. काठमाण्डौं)ले लकरवालाहरु मध्ये श्रीमती **मिनु के.सी (शाह)** को मिति बि.सं. **२०७९/१२/०९** गते मृत्यु भएको भनी मृतकको हकवाला पति, नाताका श्रीमान **दिपक के.सी.**ले उक्त यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर आफ्नो हककायम गरी पाऊँ भनी मिति बि.सं. **२०८०/०५/०४** मा आवश्यक कागजात सहित यस बैंकको मुख्य शाखा दरबारमार्ग, काठमाडौं कार्यालयमा निवेदन दिनु भएको हुँदा निज मृतकको संयुक्त नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७९ तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको **मुख्य शाखा दरबारमार्ग, काठमाडौं** कार्यालयमा हकदाबी गर्न आउनु होला । अन्यथा सो म्याद भित्र हकदाबी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दाबी बमोजिम निजको नाममा हककायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

यात्रुको गुनासो सुन्न धादिङका ६ ठाउँमा यात्रु सहायता कक्ष

धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङको विभिन्न ठाउँमा प्रहरीले यात्रु सहायता कक्षा सुरु गरेको छ । यात्रुको गुनासो सुन्न र यात्रा सहज बनाउने उद्देश्यले विभिन्न ६ ठाउँमा यात्रु सहायता कक्षा सञ्चालनमा ल्याइएको हो । नजिकिँदै गरेको दसैं-तिहारलगायत चाडपर्वलाई लक्षित गरी शनिबारदेखि यात्रु सहायता कक्षा सञ्चालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

'समस्यामा परेका यात्रु, चालक तथा सहचालक सबैले प्रारम्भिक जानकारी गराउने ठाउँ यात्रु सहायता कक्षा हो । प्रहरी नै सडकमा उत्रिएर यात्रुलाई सहयोग गर्न यो कार्यक्रम ल्याइएको हो । यात्रा गरिरहँदा चोरी भएमा, सवारीसाधनले वृद्धवृद्धा, महिला, अपांगता भएकालाई दिनुपर्ने सहुलियत तथा सेवा नदिएमा, गन्तव्यमा पुऱ्याउन सवारीले ढिलाइ गरेमा जस्ता समस्या समाधान गर्न यात्रु सहायता कक्षाले सहयोग पुऱ्याउनेछ,' उनले भने ।

मिश्रका अनुसार राजमार्ग क्षेत्रमा पाँचवटा र जिल्ला सदरमुकाममा एउटा हेल्प डेस्क स्थापना गरिएको छ । 'धादिङबेँसी, महादेवबेँसी, गल्छी, गजुरी, जोगीमारा र खानीखोलामा यात्रु सहायता कक्षा सञ्चालनमा ल्याइएको छ,' एसपी मिश्रले भने, 'हामी सबैको चाहना, सुरक्षित यात्राको सबैमा शुभकामना भन्ने मूल नाराका साथ यात्रु सहायता कक्षा सञ्चालन गरिएको हो । यात्रुलाई ठगिनबाट जोगाउन र सहज तथा सुरक्षित यात्राको साथ गन्तव्यमा पुग्न सहयोग पुऱ्याउने अपेक्षा रहेको छ ।'

जिल्ला प्रहरी कार्यालय धादिङले दसैं-तिहार विशेष सुरक्षा योजना शनिबारदेखि सुरु गरेको उनले बताए । 'जिल्लामा भएको जनशक्तिबाहेक प्रदेश प्रहरी कार्यालयबाट ६५ जना जनशक्ति ल्याइँदै छ । दसैं-तिहार यात्रु सहायता कक्षालगायत अन्य विभिन्न क्षेत्रमा उनीहरूलाई परिचालन गरिनेछ । त्यससँगै, प्रहरीले सेफ्टी पिन कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । प्रहरीका साथीहरू सिभिलमा नागरिक बनेर यात्रा गरिरहेका छन् । सवारीसाधनमा हुन सक्ने ठगी र समस्याको पहिचान गरी कारबाही तथा समस्याको समाधान खोज्ने कार्य भइरहेको छ,' उनले भने ।



'योद्धा' ८ डिसेम्बरमा

सागर आम्ब्रे तथा पुष्कर ओझाको निर्देशनमा बनेको फिल्म 'योद्धा' ८ डिसेम्बरमा रिलिज हुने भएको छ। यस फिल्ममा सिद्धार्थ मल्होत्रा, दिशा पटानी र राशि खन्ना मुख्य भूमिकामा छन्। यो फिल्म विमान अपहरणको कथामा आधारित छ। सिद्धार्थ मल्होत्राले अपहरित विमानमा रहेका एक फौजीको भूमिका निर्वाह गरेका छन्।



'मिसन रानीगन्ज'को खराब ओपनिङ

अक्षय कुमार स्टारर फिल्म मिसन रानीगन्जले बक्स अफिसमा खराब ओपनिङ गरेको छ। शुक्रबार रिलिजको पहिलो दिन यस फिल्मले २ करोड ८५ लाख भारु मात्रै कमायो। फिल्ममा परिणिति चोपडा, कुमुद मिश्रा, पवन मल्होत्रा, रवि किशनलगायतको अभिनय छ।

एक्कासि तौल घट्नु स्वास्थ्यका लागि घातक

हिजोआज धेरैजसो मानिस तौल नघटेर चिन्तित भएको पाइन्छ। तौल घटाउनका लागि अनेक उपाय पनि अपनाउने गर्छन्। तर, एक-दुई महिनामै अस्वाभाविक रूपमा तौल घट्नु विभिन्न रोगको संकेत पनि हुन सक्छ। स्वस्थ मानिस ७० केजी छ र एक-दुई महिनामै उसको तौल घटेर ६०-६५ केजीमा झऱ्यो भने कुनै रोगको पनि संकेत हुन सक्छ। एक-दुई केजी तौल घट्दैमा शंका गर्नुपर्दैन। तर, एक्कासि धेरै तौल घट्नु राम्रो होइन। तर, एक्कासि धेरै तौल घट्नु राम्रो होइन। कुनै रोग वा रोगको औषधि लिइरहेका वेला पनि तौल घट्न सक्छ। अत्यधिक डाइटिङसँगै शारीरिक व्यायाम गर्दा पनि घट्छ।



डा. विवेकप्रभात शाह
वरिष्ठ फिजिसियन
विजयपुर हस्पिटल एन्ट रिसर्च, धरान



> स्वस्थ मानिस ७० केजी छ र एक-दुई महिनामै उसको तौल घटेर ६०-६५ केजीमा झऱ्यो भने कुनै रोगको पनि संकेत हुन सक्छ। एक-दुई केजी तौल घट्दैमा शंका गर्नुपर्दैन। तर, एक्कासि धेरै तौल घट्नु राम्रो होइन।

मधुमेह

मधुमेहका बिरामीमा पनि तौल बढ्न वा घट्न सक्छ। मधुमेहका बिरामीमा इन्सुलिन कम भएर ग्लुकोज र कार्बोहाइड्रेट पिसाबबाट निस्कने भएकाले शरीरमा आवश्यक मात्रा पुग्दैन र मानिस दुब्लाउँदै जान्छ। त्यसैले चिकित्सकको सल्लाहअनुसार मधुमेहको उपचार गर्नुपर्ने हुन्छ।

थाइराइडको समस्या

हर्मोनल डिसअर्डरले गर्दा पनि तौल घट्छ। हाइपर थाइराइड हुँदा खानाको रुचि राम्रो भए पनि तौल घट्छ। त्यसले समयमै परीक्षण गरी उपचार गर्नुपर्छ।

क्यान्सर

क्यान्सरका कारणले गर्दा पनि मानिसको तौल घट्न सक्छ। त्यसैले समयमै स्वास्थ्य परीक्षण गर्नुपर्ने हुन्छ।

मानसिक समस्या

पछिल्लो समय व्यस्त जीवनशैलीले गर्दा तनाव सिर्जना गरेको छ। कतिपय मानिसमा बिरामी, डिप्रेसन वा कुनै मानसिक रोगले गर्दा पनि खानेकुरा खान मन लाग्दैन। अझ, यस्ता व्यक्ति धेरै चिन्तामा हुन्छन्, स्मरणशक्तिमा ह्रास आदिले गर्दा खानपानमा ध्यान पुग्दैन। यसर्थ, शरीरको तौल घट्न थाल्छ। उसको मानसिक स्वास्थ्य कस्तो छ भन्ने ध्यान दिनुपर्ने हुन्छ।

पेटसम्बन्धी रोग

पेटको समस्या भयो भने पनि तौल घट्छ। पाचनक्रियामा रोग लाग्यो भने तौल घट्छ। पेटमा कुनै पनि रोग लागेमा तौल घट्छ।

क्षयरोग

क्षयरोगका लक्षण जस्तै- खोकी लाग्ने, ज्वरो आउने हुन सक्छ। तौल अस्वाभाविक रूपमा घट्यो भने क्षयरोग भएको पनि हुन सक्छ। हेपाटाइटिस बी रोग लाग्दा तौल घट्छ। दम र निमोनियाका बिरामीको पनि तौल कम हुन्छ।

एचआइभी

एचाइभी संक्रमित तथा अन्य कुनै घातक रोग भएका मानिसमा पनि तौल घट्ने सम्भावना हुन्छ। एचआइभी लागेपछि तुरुन्तै तौल घट्दैन। तर, बिस्तारै एचाइभीको प्रकोप शरीरमा बढ्दै गएपछि तौल घट्छ।

उपचार

- तौल घट्न थाल्यो भने चिकित्सकलाई देखाउनुपर्छ। चेकचौंच गरेपछि चिकित्सकको सल्लाहअनुसार उपचार गर्नुपर्छ। रोग परीक्षण गरेपछि नियमित औषधि सेवन गर्नुपर्ने पनि हुन सक्छ।
- तौल घटाउनकै लागि पनि कतिपयले खानपिनलाई नै असन्तुलित बनाइरहेका हुन्छन्। स्लिम शरीर देखाउनका लागि खानेकुरा कम खाने, शारीरिक परिश्रम धेरै गर्नेजस्ता उपाय पनि अपनाएका हुन्छन्। तर, यस्ता उपायले तत्काल समस्या नदेखिए पनि पछि असर गर्न सक्छ। तौल घटाउनु आवश्यक परेमा बिस्तारै खानाको मात्रा कम गर्दै व्यायाम गरेर घटाउन सकिन्छ।

मनाङमा पर्यटकको चहलपहल बढ्दै





> थोराङ्ला पास, लार्के पास, काला पास, ४,९१९ मिटरमा रहेको तिलिचो ताल अवलोकनका लागि पर्यटकहरू निकै उत्साहित हुने गर्छन्।

● **शान्ता कमली**

सिजन सुरु भएसँगै हिमाली जिल्ला मनाङमा पर्यटक बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापले जनाएको छ। एक्याप मनाङका प्रमुख ढकबहादुर भुजेलले दैनिक रूपमा ८० भन्दा बढी पर्यटक मनाङ आइरहेको बताए। 'सिजन सुरु भएकाले यहाँ आउने पर्यटक बढ्दै गएका छन्। यहाँका होटेल भरिभराउ हुने गर्छन्,' उनले भने। अन्नपूर्ण पदमार्गमा सेप्टेम्बर, अक्टोबर र नोभेम्बर महिनामा अत्यधिक पर्यटक आउने गर्छन्। लमजुङको सदरमुकाम बेँसीसहर अन्नपूर्ण पदयात्रा मार्गको प्रवेशद्वार मानिन्छ। त्यहाँबाट पर्यटक खुदी, भुलभुले, ङादी, स्याँगे, जगत हुँदै मनाङ जिल्लाको ताल, बगरछाप, चामेबाट थोराङ्ला पास गरेर मुक्तिनाथ, जोमसोम, बेनी अथवा घोरेपानी भएर पोखरा निस्कने गर्छन्। पदयात्राका सौखिन पाँच हजार चार सय १६ मिटरको थोराङ भञ्ज्याङ पार गर्न निकै उत्साहित हुने गर्छन्। अन्नपूर्ण पदमार्गमा विशेष गरी बेलायत, इजरायल, चीन, जर्मनी, अमेरिका, फ्रान्स, जापान, अस्ट्रेलियालगायत देशका नागरिक आउने गर्छन्।

थोराङ्ला पास, लार्के पास, कालापास, ४,९१९ मिटरको तिलिचो ताल अवलोकनका लागि पर्यटकहरू निकै उत्साहित हुने गर्छन्। त्यस्तै, चामे, तिमाङ, दानाक्यु, बगरछाप, धारापानी, ढिकुरपोखरी, पिसाङ, हुम्डे, भ्राका, मनाङ, खाङसार, थोराङ फेदी, नार, फुलगायतका स्थान पनि पर्यटकको रोजाइमा पर्छन्।

मनाङ डिस्याङ गाउँपालिका पिसाङका याङडुङ गुरुङले पछिल्ला वर्षमा मनाङमा स्वदेशी पर्यटकको संख्या बढ्दै गएको बताए। 'पहिले विदेशी धेरै हुन्थे, अहिले नेपाली पर्यटक धेरै आउँछन्, मनाङ स्वदेशी तथा विदेशीको पर्यटकीय गन्तव्य बनेको छ,' उनले भने। विदेशीको रुचि पदयात्रामा देखिने गरेको छ भने स्वदेशीहरू सवारीसाधनमार्फत मनाङका रमणीय गन्तव्य घुम्न रुचाउँछन्।

यो सिजनमा मनाङका खर्क अनि घाँसे मैदानहरू हरियो हुने र त्यहाँ लगाइएको फापर र उवा फुलेको मनोरम दृश्यले पनि पदमार्गमा आउने विदेशी पर्यटकलाई आकर्षित गर्ने अन्नपूर्ण संरक्षण क्षेत्र एक्याप मनाङले जनाएको छ।

भ्यानकुभरमा गुन्जियो नेपथ्य

नेपथ्यले शुक्रबार क्यानडाको भ्यानकुभर सहरस्थित 'भोग थिएटर'मा आफ्नो प्रस्तुति दिएको छ। ब्यान्डले 'सा कर्णाली', 'मै मरी जाउँला', 'कोशीको पानी यो जिन्दगानी', 'आमाको कोखमा बास मात्र लिएँ, कुन देशको मरन हौ हजुर'लगायत गीत गाइहँदा दर्शकदिर्घामा कतिपयको अनुहार भावुक देखिन्थ्यो। कन्सर्टमा त्यसपछि 'भेडाको ऊन', 'छेक्यो छेक्यो', 'आँगनैभरि' र 'लामपाते सुरती' सुनाइएको थियो।

कन्सर्ट हेर्नका निम्ति क्यानडाका विभिन्न सहरमा बसोवास गरिरहेका नेपालीहरू आएका थिए। नेपथ्यका मुख्य गायक एवं अगुवा अमृत गुरुङले पछिल्लो एक वर्षदेखि ब्यान्डले मानवसेवा आश्रमसँग जोडिएर 'मानवताका लागि संगीत' अभियान चलाइरहेको बताए। 'सडकमा अलपत्र परेर बाँचिरहेका मानिस देख्दा दिक्क लाग्थ्यो,' अमृतले थपे, 'केही वर्षयता मानवसेवा आश्रमले त्यस्ता मानिसको देशैभरि उद्धार गरिरहेको थाहा पाएपछि हामी पनि यो पवित्र उद्देश्यमा जोडिन पुगेका छौं।'

कन्सर्टमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गितारमा सुबिन शाक्य, गितारमा नीरज गुरुङ र मादलमा शान्ति रायमाझीले सघाएका थिए। भ्यानकुभरको दोस्रो कन्सर्ट सकिएपछि टोरन्टो पुगेको नेपथ्यले आज त्यहाँस्थित 'म्यासी हल'मा प्रस्तुति दिनेछ।

बोहो लुक्समा सजाउनुस् घर



धेरै खर्च गरेर मात्रै घर राम्रो देखिन्छ भन्ने होइन। आफ्नो आवश्यकता र रोजाइअनुसार सीमित खर्चमै पनि कलात्मक रूपमा घर सजाउन सकिन्छ। पछिल्लो समय मानिसहरूले बोहो स्टाइलमा घर डेकोरेट गर्न थालेका छन्। यसले घरलाई निकै कलरफुल र चम्किलो देखाउँछ।

बोल्ड कलर चयन

बोहो स्टाइलमा घर सजाउनका लागि तपाईंले डिप रेड, पर्पल, मस्टर्डलगायत चम्किला कलर चयन गर्न सक्नुहुन्छ। यसले घरलाई कलरफुल र सुन्दर देखाउँछ। अलग-अलग प्याटर्न र कलरका कार्पेट, कुशन र पर्दाले कोठा सिँगार्न सकिन्छ।

प्राकृतिक सामग्रीको प्रयोग

काठ, जुट, बाँसलगायतबाट बनेका फर्निचरले घर सजाउन ठूलो भूमिका खेल्छन्। यसले घरलाई राम्रो र फरक देखाउँछ।

प्लान्ट्सको प्रयोग

कोठा, बार्दली तथा बगैंचामा फूलका बिरुवा लगाउन सकिन्छ। त्यस्तै, ह्याङिङ प्लान्ट्स पनि राख्न सकिन्छ। यसले निकै राम्रो लुक्स दिन्छ।

हस्तकलाका सामग्री

हातले बनाएका सामग्रीहरूको प्रयोग बोहो लुक्सका लागि निकै राम्रो मानिन्छ। फर्निचर र डेकोरेटिभ सामग्रीमा हस्तकलाका आइटमलाई समावेश गर्न सकिन्छ।

बच्चालाई कस्तो सिनेमा देखाउने ?



बच्चालाई सधैं टिभी स्क्रिनअगाडि झुम्मिन दिनु राम्रो होइन। तर, वेला-वेलामा उनीहरूलाई सिरियल तथा सिनेमा हेर्न लैजानुपर्छ। उनीहरूलाई उमेर, परिपक्वता र रुचिअनुसारको सिनेमा देखाउनुपर्छ। किनकि, सिनेमाले बालमस्तिष्कमा गहिरो प्रभाव छाड्छ। तसर्थ, साना बच्चालाई सिनेमा हेर्न लैजानुअघि केही कुरा ख्याल गर्नुपर्छ :

सकारात्मक सन्देश : बच्चालाई त्यस्ता सिनेमा देखाउन लैजानुस्, जसले उनीहरूको मस्तिष्कमा सकारात्मक प्रभाव पारोस्। मित्रता, दया, इमानदारिता, प्रतिबद्धतालगायतका कुरा उनीहरूले सिनेमाबाट सिक्न सक्छन्। नैतिक शिक्षा सिकाउने सिनेमा उनीहरूका लागि राम्रो हुन्छ।

शैक्षिक सामग्री : सिनेमा मनोरञ्जन मात्रै होइन, यसले बच्चालाई शैक्षिक रूपमा पनि सहयोग गर्न सक्छ। विज्ञान, इतिहास, फरक संस्कृति र भाषाका सिनेमा हेर्न प्रेरित गर्नुस्।

सिर्जनशीलता : बच्चालाई रोमाञ्चकारी तथा एनिमेटेड सिनेमा मन पर्छ। यसले उनीहरूलाई अलग दुनियाँमा लैजान्छ र उनीहरूको सिर्जनशीलता बढाउँछ।

रोलमोडल : चुनौतीहरू सामना गर्ने पात्रहरूले उनीहरूको मस्तिष्कमा सकारात्मक छाप छाड्छन्। त्यसैले त्यस्ता सिनेमा हेर्न लैजानुस्, जसमा रहेका पात्रहरूले बच्चालाई सकारात्मक र ऊर्जाशील रहन प्रेरित गरोस्।

पारिवारिक सिनेमा : पारिवारिक सिनेमा बच्चालाई मन पर्छ। पूरै परिवार बसेर यस्ता सिनेमा हेर्नुको मज्जा नै बेग्लै छ।

कमेडी : कमेडी सिनेमा सबैलाई मन पर्छ। बच्चालाई यस्ता सिनेमालै धेरै प्रभाव पार्छ।

कस्ता सिनेमा नदेखाउने ?

- **हिंसा** : हिंसात्मक दृश्यहरू समावेश सिनेमाबाट बच्चालाई टाढा राख्नुपर्छ।
- **यौन** : यौन संवाद, नग्नतालगायत विषय समावेश फिल्म पनि बच्चाका लागि राम्रो हुँदैन। रोमान्टिक फिल्म हेर्न लैजाँदा पनि बच्चाका लागि उक्त सिनेमा सही हुन्छ वा हुँदैन भनेर सोच्नुपर्ने हुन्छ। कुन उमेरसमूहका लागि लक्षित सिनेमा हो भन्ने विषय रिभ्युहरू पढेर पनि तपाईंले निर्क्योल गर्न सक्नुहुन्छ।
- **ड्रग्स र अल्कोहल** : ड्रग्स वा अल्कोहल सेवन देखाइएको वा यसको प्रयोगलाई बढावा दिइएका दृश्य बच्चाका लागि उपयुक्त हुँदैन। यसले उनीहरूमा नकारात्मक प्रभाव पार्न सक्छ।
- **संवाद** : दोहोरो अर्थ बोक्ने संवाद प्रयोग गरिएका सिनेमा पनि बच्चाका लागि राम्रो हुँदैन। बच्चालाई सहज र सरल संवादयुक्त सिनेमा देखाउनुपर्छ।
- **हरर मुभी** : हरर थिममा बनाइएका सिनेमाले बच्चामा डर सिर्जना गर्न सक्छ। डर वा एन्जाइटीलाई बढावा दिने गरी बनाइएका सिनेमाबाट बच्चालाई टाढा राख्नुस्।
- **विभेद** : जात, लिंग, धर्म वा अन्य विभेदलाई प्रवर्द्धन गर्ने सिनेमाबाट बच्चालाई टाढा राख्नुस्।
- **नकारात्मक रोलमोडल** : कतिपय फिल्ममा मुख्य पात्रका नकारात्मक चरित्रलाई मलजल गरिएको हुन्छ। यस्ता फिल्म पनि बच्चाका लागि राम्रो हुँदैन।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

कर्मचारी आवश्यकता

प्रकाशित मिति २०८०/०६/२१ (8th October 2023)

एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको सहायक कम्पनिको रुपमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको एक प्रतिष्ठित लघुवित्त वित्तीय संस्था हो। लघुवित्त क्षेत्रमा सबैभन्दा बढी शाखा सञ्जाल विस्तार गरी देशभरि ७४ जिल्लामा २८७ शाखा कार्यालयहरु मार्फत आफ्नो लघुवित्त कार्यक्रम सञ्चालन गरी वित्तीय पहुँच नभएको ग्रामीण क्षेत्रमा शाखाहरु सञ्चालन गरी वित्तीय सेवा सुविधा उपलब्ध गराउन महत्वपुर्ण योगदान गरीरहेको छ। यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय तथा देशभरीको प्रदेश, उप-प्रदेश कार्यालयको लागि देहाय बमोजिमका पदहरुमा कर्मचारीहरु आवश्यक भई खुल्ला प्रतिस्पर्धा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ठेगानामा आईपुग्ने गरी दरखास्त आव्हान गरिन्छ।

क्र.सं.	विज्ञापन नं.	पद	संख्या	श्रेणी/विभाग	आवश्यक न्यूनतम योग्यता
१	०१/२०८०/०८१	मुख्य प्रबन्धक (Chief Manager)	१	व्यवस्थापकीय श्रेणी	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा CA उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ५ बर्षको कार्य अनुभव भएको तथा बरिष्ठ प्रबन्धक तहमा १ देखि ३ बर्षको कार्य अनुभव भएको तथा विभागीय प्रमुखको रुपमा कम्तिमा ५ बर्षको कार्य अनुभव भएको।
२	०२/२०८०/०८१	बरिष्ठ प्रबन्धक	१	व्यवस्थापकीय श्रेणी	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उत्तिर्ण वा CA उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ५ बर्षको कार्य अनुभव भएको तथा प्रबन्धक तहमा १ देखि ३ बर्षको कार्य अनुभव भएको तथा विभागीय प्रमुखको रुपमा कम्तिमा ३ बर्षको कार्य अनुभव भएको।
३	०३/२०८०/०८१	प्रबन्धक	१	व्यवस्थापकीय श्रेणी	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ५ बर्षको कार्य अनुभव भएको तथा सहायक प्रबन्धक तहमा १ देखि ३ बर्षको कार्य अनुभव भएको तथा विभागीय प्रमुखको रुपमा कम्तिमा ३ बर्षको कार्य अनुभव भएको।
४	०४/२०८०/०८१	नायब प्रबन्धक	२	विभागीय प्रमुख	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ५ बर्षको कार्य अनुभव भएको तथा सहायक प्रबन्धक तहमा १ देखि ३ बर्षको कार्य अनुभव भएको तथा विभागीय प्रमुखको रुपमा कम्तिमा २ बर्षको कार्य अनुभव भएको।
५	०५/२०८०/०८१	सहायक प्रबन्धक	३	विभागीय प्रमुख	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ४ बर्षको कार्य अनुभव भएको तथा बरिष्ठ अधिकृत तहमा १ देखि ३ बर्षको कार्य अनुभव भएको तथा विभागीय प्रमुखको रुपमा कम्तिमा २ बर्षको कार्य अनुभव भएको।
६	०६/२०८०/०८१	सहायक प्रबन्धक	४	प्रदेश प्रमुख	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ४ बर्षको कार्य अनुभव भएको तथा बरिष्ठ अधिकृत तहमा १ देखि ३ बर्षको र क्षेत्रीय प्रबन्धकको **(Area Manager)** को रुपमा कम्तिमा १ बर्षको कार्य अनुभव भएको।
७	०७/२०८०/०८१	बरिष्ठ अधिकृत	५	उपप्रदेश प्रमुख /अनुगमन अधिकृत	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ४ बर्षको कार्य अनुभव भएको तथा अधिकृत तहमा १ देखि २ बर्षको र अनुगमन अधिकृतको रुपमा कम्तिमा १ बर्षको कार्य अनुभव भएको।
८	०८/२०८०/०८१	अधिकृत	१०	उपप्रदेश प्रमुख /अनुगमन अधिकृत	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ४ बर्षको कार्य अनुभव भएको तथा अनुगमन तथा सुपरीवेक्षण अधिकृत भइ कम्तिमा १ बर्षको कार्य अनुभव भएको।
९	०९/२०८०/०८१	कनिष्ठ अधिकृत	१०	उपप्रदेश प्रमुख /अनुगमन अधिकृत	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ५ बर्षको कार्य अनुभव भएको तथा अनुगमन तथा सुपरीवेक्षण अधिकृत भइ कम्तिमा १ बर्षको कार्य अनुभव भएको। तथा शाखा प्रमुख भइ कम्तिमा ३ बर्षको कार्य अनुभव भएको।
१०	१०/२०८०/०८१	बरिष्ठ अधिकृत	१	आन्तरिक लेखा परिक्षण विभाग	मान्यता प्राप्त शिक्षण संस्थाबाट CA उत्तिर्ण गरेको
११	११ /२०८०/०८१	सुपरभाईजर	७	आन्तरिक लेखा परिक्षण विभाग	Semi-Qualified CA

उमेरको हद : व्यवस्थापन श्रेणी तथा अधिकृत श्रेणीको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

परीक्षाको किसिम : रितपूर्वक प्राप्त दरखास्तहरु मध्येबाट छनोट सूची (Short List) मा परेका उम्मेदवारलाई मात्र अन्तर्वार्ताको लागि सम्पर्क गरिनेछ। कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार तथा निर्णय वित्तीय संस्थामा निहित रहनेछ। लघुवित्त वित्तीय संस्थाले कुनै कारण नजनाई केही वा सम्पूर्ण आवेदन अस्विकृत गर्न सक्नेछ।

आवेदकहरुले आवेदनमा आफुले काम गर्न चाहेको पद, उमेर, अनुभव, सम्बन्धित पदका लागि तोकिएको शैक्षिक योग्यता, आफुलाई राम्रोसँग चिन्ने कुनै दुई जना व्यक्ति (Reference Person) को नाम/सम्पर्क नम्बर तथा इमेल ठेगाना लगायतका विवरणहरु उल्लेख गरिएको Bio Data संलग्न गर्नु पर्नेछ।

आवेदन दिने अन्तिम मिति : २०८०/०७/१२ (तदनुसार 29th October, 2023)

आवेदन दिनका लागि यस एन आई सी एशिया लघुवित्त वित्तीय संस्थाको वेभसाईट http://www.nicasialaghubitta.com/careers बाट आवेदन दिन सकिनेछ।

Corporate Office: Banepa-8, Kavre
Phone : 011-660034, 9820812345, Web.: www.nicasialaghubitta.com

साथी सँगै सबल बन्दै

विश्वव्यापी वातावरणीय शासनमा चीनको भूमिका

पर्यावरण संरक्षणमा अन्तर्राष्ट्रिय समुदायसँग हातेमालो गर्ने चीनको इच्छाले यस क्षेत्रको दीर्घकालीन दिगो विकासमा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ



● पामिर गौतम

अग्रलेख

चीन सिजाङ ट्रान्सहिमालय फोरम फर इन्टरनेसनल कोअपरेसनको तेस्रो सम्मेलन तिब्बतको निङ्चीमा शुक्रबार सम्पन्न भएको छ। ४ देखि ६ अक्टोबरसम्म तिब्बत स्वायत्त क्षेत्रको जनसरकार र चिनियाँ परराष्ट्र मन्त्रालयले आयोजना गरेको तीनदिने सम्मेलनमा ४० भन्दा बढी देश, क्षेत्र र अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधि सहभागी थिए। यस क्षेत्रका देशबीचको भौगोलिक सम्पर्क, वातावरण संरक्षण, पारिस्थितिक संरक्षण, सांस्कृतिक सम्बन्धलाई बढावा दिने र हिमालयपार क्षेत्रमा दिगो विकासलाई सहज बनाउने उद्देश्यले यस क्षेत्रका देशबीच व्यावहारिक सहयोगलाई सुदृढ गरी अन्तर्राष्ट्रिय सहमति निर्माण गर्ने उद्देश्यले चीनले सन् २०१८ मा ट्रान्स हिमालय फोरम सुरु गरेको थियो। यस वर्षको सम्मेलनको विषय 'पारिस्थितिक सभ्यता र वातावरण संरक्षण' रहेको थियो। सम्मेलनमा नेपालको प्रतिनिधित्व राष्ट्रियसभाकी उपाध्यक्ष उर्मिला अर्यालले गरेकी थिइन्।

फोरमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै चिनियाँ विदेशमन्त्री वाङ यीले हिमालयपार क्षेत्रको भौगोलिक सम्बन्ध, साझा संस्कृति र साझा भाग्यका कारण पारस्परिक लाभकारी सहयोगलाई गहिरो बनाउनुपर्ने बताएका छन्। राष्ट्रहरू जलवायु परिवर्तनका प्रतिकूल प्रभावसँग जुधिरहेका वेला बढ्दो वातावरणीय चुनौतीको दिगो रूपले सामना गर्न वाङले हिमालयपार क्षेत्रले हरित रूपान्तरणलाई तीव्रता दिन आवश्यक रहेको बताए। देशहरू बढ्दो रूपमा एक-अर्कामाथि निर्भर हुँदै जाँदा राम्रो कनेक्सनले व्यापार, आर्थिक वृद्धि र सांस्कृतिक आदानप्रदानलाई सहज बनाउने भएकाले वाङले हिमालय पार क्षेत्रमा कनेक्टिभिटी सुदृढ पार्नुपर्नेमा पनि जोड दिएका छन्। बढ्दो अन्तरसम्बन्धित विश्वमा विभिन्न चुनौतीको सामना गर्न र आर्थिक वृद्धिलाई बढावा दिन राष्ट्रहरूबीच सहकार्य र सहयोगको आवश्यकता खट्किरहेको समयमा वाङ यीको आह्वान प्रशंसायोग्य छ।

तेस्रो चीन सिजाङ ट्रान्स हिमालय फोरमले जारी गरेको दस्ताबेजले वातावरणीय शासन सुधार गर्न, पर्यावरणीय चुनौतीलाई संयुक्त रूपमा सम्बोधन गर्न र क्षेत्रीय जैविक विविधता, प्राकृतिक स्रोत र वातावरण संरक्षणलाई सुदृढ गर्न हिमालयपार देशसँग मिलेर काम गर्ने प्रस्ताव गरेको छ। त्यस्तै चीनले हिमालय क्षेत्रमा रेलमार्ग, राजमार्ग, पावर ग्रिड, दूरसञ्चार र उड्डयनलगायत पूर्वाधार निर्माणलाई बलियो बनाउने र खुलापनलाई थप विस्तार गर्न ट्रान्स हिमालयन अन्तरसम्बन्ध सञ्जाल निर्माण गर्ने, कृषि सहयोग र ग्रामीण पुनरुत्थान तथा संयुक्त रूपमा ट्रान्स हिमालय आर्थिक सहयोग बेल्ट निर्माण गर्न आह्वान गरेको छ। दस्ताबेजले स्वच्छ र न्यून कार्बन ऊर्जा र हिमालयपार क्षेत्रमा यसको सुरक्षित र प्रभावकारी प्रयोगलाई प्रवर्द्धन गर्न, नयाँ ऊर्जा, वातावरण संरक्षण र अन्य क्षेत्रमा सहकार्यलाई गति दिन र आर्थिक र सामाजिक विकासको व्यापक हरित रूपान्तरणलाई सहजीकरण गर्न पनि आह्वान गरेको छ। बिहीबार आयोजित पत्रकार सम्मेलनमा तिब्बत स्वायत्त क्षेत्रको विदेश मामिला कार्यालयकी उपनिर्देशक याङ लाहोडले तिब्बतले थप खुला नीति अवलम्बन गर्ने र आदानप्रदान र सहयोगलाई विस्तार गर्न चीन तिब्बत विकास मञ्च, चीन तिब्बत पर्यटन र सांस्कृतिक अन्तर्राष्ट्रिय एक्स्पो र अन्तर्राष्ट्रिय सहयोगका लागि ट्रान्स हिमालय फोरमजस्ता उच्चस्तरका अन्तर्राष्ट्रिय गतिविधि आयोजना गर्ने बताएकी छिन्। नेपाल लामो समयदेखि तिब्बतको सबैभन्दा ठूलो व्यापार साझेदार रहेको छ। यसबाहेक, धेरै तिब्बती उद्यमीले नेपालमा लगानी गर्न चासो देखाएका छन्। भौगोलिक तथा ऐतिहासिक निकटता र बौद्ध धर्ममा आधारित सांस्कृतिक सम्बन्धका साथै जलवायु परिवर्तनको प्रभावका कारण नेपाल र तिब्बत दुवैले सामना गर्नुपरेका चुनौतीलगायतका कारण दुवै पक्षले विभिन्न विषयमा एकअर्कासँग सहकार्य गरेर धेरै फाइदा लिन सक्नेछन्।

'स्वच्छ पानी र हरियो पहाड सुन र चाँदीजस्तै मूल्यवान् हुने' चिनियाँ उखानलाई आफ्नो पर्यावरणीय सभ्यता पहलको नारा बनाएका राष्ट्रपति सी चिनपिंगले दिगो विकासलाई आफ्नो प्रमुख एजेन्डा बनाएका छन्। सन् ०१२ मा भएको चिनियाँ कम्युनिस्ट पार्टीको १८औँ राष्ट्रिय महाधिवेशनले पारिस्थितिक सभ्यताको अवधारणालाई अनुमोदन गरेको थियो। यसको ६ वर्षपछि यो अवधारणालाई चीनको संविधानमै समावेश गरिएको छ। यो अवधारणा हरित र समृद्ध भविष्यका लागि एक दर्शन, दृष्टि र दिशानिर्देश हो, जसले समाज र प्रकृतिबीच नयाँ र अधिक सामञ्जस्यपूर्ण सम्बन्धतर्फ परिवर्तनकारी बदलाबका लागि विभिन्न मूल्य र रूपरेखालाई अघि सारेको छ। चीनको पर्यावरणीय सभ्यताको पहलको लक्ष्य कार्बन उत्सर्जन घटाउनुका साथै जलवायु परिवर्तनसँग लड्न र यस लडाइँमा अन्तर्राष्ट्रिय समुदायसँग सहयोग र सहकार्य स्थापनाका लागि महत्त्वपूर्ण दृष्टिकोण हो। सन् ०२० को संयुक्त राष्ट्रसंघीय महासभाको ७५औँ अधिवेशनमा चिनियाँ सरकारले जलवायु परिवर्तनलाई सक्रिय रूपमा सम्बोधन गर्न सन् ०३० सम्ममा कार्बन उत्कर्षमा पुग्ने र सन् ०६० सम्ममा कार्बन तटस्थताको लक्ष्य हासिल गर्ने घोषणा गरेको थियो।



सन् ०२२ मा चीनको वाणिज्य मन्त्रालय तथा पारिस्थितिकी र वातावरण मन्त्रालयले 'विदेशी लगानी सहयोग र निर्माण परियोजनाको पारिस्थितिक र पर्यावरण संरक्षणका लागि दिशानिर्देश' जारी गरेका छन्। सो दिशानिर्देशले प्रदूषण र जलवायु सबैभन्दा महत्त्वपूर्ण रूपमा जैविक विविधता संरक्षणमा वातावरणीय संरक्षणका लागि गम्भीर ध्यान दिन र पारिस्थितिक प्रणालीको संरक्षण र पुनर्स्थापनामा ठोस कार्य गर्न आह्वान गरेको छ। चीन सरकारले चिनियाँ निजी र राज्य-स्वामित्वका उद्यमलाई पर्यावरण सभ्यताको अवधारणा लागू गर्न र विदेशी परियोजनामा 'परियोजनाको हरित र उच्च गुणस्तरको विकासलाई प्रवर्द्धन गर्न' निर्देशन गरेको छ। यी निर्देशन 'बेल्ट एन्ड रोड इनिसिएटिभ'को सन्दर्भमा थप महत्त्वपूर्ण छन्, किनभने बेल्ट एन्ड रोड परियोजनाले चिनियाँ विदेशी लगानी र निर्माणको ७० प्रतिशत हिस्सा ओगटेको छ। चीनको सो लक्ष्य र पर्यावरण संरक्षणमा अन्तर्राष्ट्रिय समुदायसँग हातेमालो गर्ने इच्छाले यस क्षेत्रको दीर्घकालीन दिगो विकासमा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ।

> 'चीन सिजाङ ट्रान्स हिमालय फोरम फर इन्टरनेसनल कोअपरेसन'अन्तर्गत चीन हिमालयपार क्षेत्रका अन्य देशसँग व्यापक र गहन सहकार्यमा संलग्न भएको छ र यस क्षेत्रको आर्थिक र सामाजिक विकास तथा इको-वातावरणीय शासन सुधार गर्न उसले महत्त्वपूर्ण भूमिका खेल्ने चाहना प्रकट गरेको छ

नेपाल बृहत् हिमालय पर्वतमालाको केन्द्रमा अवस्थित छ। एक रिपोर्टअनुसार नेपालमा ११८ वटा इकोसिस्टम, ७५ वर्गका वनस्पति र ३५ प्रकारका वन छन्। नेपाल-चीन तिब्बत सीमा जलवायु परिवर्तनबाट सबैभन्दा बढी जोखिममा रहेका क्षेत्रमध्ये एक हो। नेपालका जनता प्रत्यक्ष रूपमा प्राकृतिक स्रोतमा निर्भर छन् र नेपालको अर्थतन्त्रको एक महत्त्वपूर्ण हिस्सा जलवायु-संवेदनशील उद्योगजस्तै कृषि, वन र इको-पर्यटनबाट आउँछ। यस हिसाबमा जलवायु परिवर्तनले प्राकृतिक स्रोतमा आधारित हाम्रो जीविकोपार्जन र कृषिमा आधारित अर्थतन्त्रमा गम्भीर असर गर्छ। नेपाल सरकारको १५औँ योजनाले आफ्नो विकास आयोजनामा वातावरण संरक्षण, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनलाई प्राथमिकता दिएको छ। तर, गरिबी र वैज्ञानिक र प्राविधिक स्रोतसाधन र क्षमताको अभावले मुलुकलाई जलवायु परिवर्तनको प्रकोपसँग स्फुर्तीसाथ जुध्न अवरोध सिर्जना गरेको छ।

निङ्चीको फोरमको बैठकमा विदेशमन्त्री वाङले नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भर्खरको चीन भ्रमणका क्रममा भएको न्यून कार्बन उत्सर्जनसहितको हरित विकासमा सहयोगसम्बन्धी समझदारी उल्लेख गर्दै हरित विकासमा सहयोग सुदृढ गर्न आह्वान गरेका छन्। प्रचण्डको हालैको चीन भ्रमणका क्रममा भएका समझदारीले दुई देशबीच रणनीतिक सडक सञ्जाल, राजमार्ग, हवाई मार्ग, रेलमार्ग र पारवहन सुविधा, नवीकरणीय ऊर्जा विकास र विद्युत्-प्रसारण लाइनका माध्यमबाट सम्पर्क सञ्जाललाई थप विस्तार गर्ने कार्यमा सहयोग र सहकार्य गर्ने उल्लेख छ। विभिन्न पुरातात्त्विक प्रमाणअनुसार पुरातन समयमा नेपालबाट कम्तीमा तीनवटा मार्गले सिल्क रोडलाई गंगाको मैदानसँग जोडेको थियो। अहिले चीन सरकारले अघि सारेको बेल्ट एन्ड रोड परियोजनाअन्तर्गत चीन र नेपाललाई जोड्ने ट्रान्स हिमालयन बहु-आयामिक कनेक्टिभिटी नेटवर्क यस परियोजनाको महत्त्वपूर्ण अंग हो। एकातर्फ हिमाली क्षेत्रको जटिल भौगोलिक अवस्था अर्कातर्फ अर्थतन्त्रको विकास, जनताको जीविकोपार्जनमा सुधार र वातावरण संरक्षण गर्ने चुनौतीबीच चीनको विकास अनुभव र यसले अघि सारेको हरित बेल्ट एन्ड रोड परियोजनाअन्तर्गतको सहयोग र सहकार्यबाट भूपरिवेष्टित नेपाललले यातायात कनेक्टिभिटीबाट मात्र नभई वातावरण संरक्षण, पारिस्थितिक सुरक्षा, जलवायु परिवर्तनको जोखिम न्यूनीकरण र जैविक विविधताको संरक्षणमा पनि फाइदा उठाउन सक्ने अवसर छ।

विश्व पर्यावरण शासन प्रणालीमा आज चीन अग्रणी शक्ति हो। चीनको परराष्ट्र मन्त्रालयका अनुसार चीनले ३८ विकासोन्मुख देशसँग जलवायुसम्बन्धी ४३ दक्षिण-दक्षिण सहयोग दस्ताबेजमा हस्ताक्षर गरेको छ भने १२० भन्दा बढी देशबाट जलवायुसम्बन्धी विशेषज्ञता हासिल गरेका करिब दुई हजार अधिकारी र विज्ञलाई तालिम दिएको छ। अक्टोबर ०२१ मा संयुक्त राष्ट्रसंघीय जैविक विविधता सम्मेलन, कोप-१५ को खुनमिङ घोषणा स्वीकृत हुँदा चीनले विकासोन्मुख देशमा जैविक विविधता संरक्षणलाई सहयोग गर्न कुनमिङ जैविक विविधता कोष स्थापना गर्न १.५ बिलियन रेन्मिन्बी लगानी गर्ने घोषणा गरेको थियो। सिजाङ ट्रान्स हिमालय फोरम फर इन्टरनेसनल कोअपरेसनअन्तर्गत चीन हिमालय पार क्षेत्रका अन्य देशसँग व्यापक र गहन सहकार्यमा संलग्न भएको छ र यस क्षेत्रको आर्थिक र सामाजिक विकास र इको-वातावरणको शासन सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने चाहना प्रकट गरेको छ। यो अवश्य पनि विश्वव्यापी जलवायु शासन प्रणाली निर्माण गर्ने मार्गमा एक सकारात्मक योगदान हो र हाम्रा जस्ता देशका लागि अवसर पनि।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **पुरञ्जन आचार्य**लाई



एमालेको प्रदेश अधिवेशनलाई कसरी हेरिरहनुभएको छ ?

एमालेका अहिलेसम्म सम्पन्न पाँच प्रदेशको अधिवेशनले पार्टीमा अध्यक्ष केपी ओलीको उर्दी मान्न नेता, कार्यकर्ता तयार छैनन् भन्ने प्रस्ट गरेको छ। यसले पार्टीभित्र ओलीको 'कमान्ड' कमजोर भएको संकेत गरेको छ। घोषित पाँचमध्ये तीन प्रदेशमा उहाँले समर्थन गरेको समूह पराजित भई नै सक्यो। यसले पार्टीभित्र ओलीको विकल्पमा गठबन्धन बन्दै गरेको र पार्टी नेतृत्व संकटमा परेको संकेत गरेको छ। चितवन महाधिवेशनमा पूरै टिम खल्तीबाट घोषणा गर्ने हैसियतमा रहेका ओलीको शक्ति क्षीण भएको प्रदेश अधिवेशनले देखाएको छ। ओली कम्युनिस्ट एकताविरोधी भएकाले पार्टीमा उहाँ कमजोर भएमा अन्य कम्युनिस्ट शक्तिबिच एकता हुन सक्छ।

प्यानल बनाएर निर्वाचन लड्न नदिने अध्यक्ष ओलीको घोषणाविरुद्ध उभिएर नेता, कार्यकर्ताले उनलाई च्यालेन्ज गरेका त होइनन् ?

त्यस्तै देखिन्छ। अहिले तुरुन्तै ओलीको नेतृत्वमाथि 'च्यालेन्ज' त भई नहाल्ला। तर, अबका दिनमा पार्टीभित्र विगतको जस्तो एकलौटी चल्दैन भन्ने संकेत भने अधिवेशनले गरेको छ। सबैलाई मिलाएर जानु नै राजनीति हो। तर, राजनीतिको मर्मविपरीत विरोधी आवाजलाई लखेटेर पार्टी चलाउने सोच राख्न थालेपछि पार्टी र स्वयं नेतृत्व कमजोर हुनु स्वाभाविक हो।

अधिवेशनले पार्टीमा ओलीको 'बा'वादमाथि प्रश्न उठाएको हो त ?

ओलीलाई बिगारेकै उहाँका 'बा'वादी 'फ्यान'हरूले हो। पार्टीमा बावादीहरू उहाँका नजिक भएपछि 'कमरेड'हरू टाढिँदै गए। बावादीहरूले खुट्टा ढोग्ने पद्धति बसाए। जसले ओलीसहित एमालेलाई नै कमजोर बनायो। यसबारे ओलीको वेलैमा होस खुल्न जरुरी छ।

प्रेरक प्रसंग

बालक र चेस

एक बालक सानैदेखि चेस खेलमा अत्यन्त रुचि राख्थे। उनी चेस खेल्नबाहेक अरू केही जान्दैनथे। उनी चेस खेलसँगै कुनै राम्रो शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गर्न चाहन्थे। उनले एउटा चर्चित विद्यालयबारे सुनेका थिए।

एक दिन बालक विद्यालय गए र प्राचार्यसित आफूलाई विद्यालयमा भर्ना लिन अनुरोध गरे। प्राचार्यले भने- भर्ना हुन तिमीसित केही विशिष्ट गुण जरुरी छ। तिमी नै भन, तिमीसित कुन गुण छ ? बालकले नम्रतापूर्वक भने- मलाई चेस खेल्नबाहेक केही आउँदैन। प्राचार्यले भने- चेस खेल्न जान्दैमा यहाँ भर्ना हुन पाइन्न। बालकले पटक-पटक आफूलाई भर्ना लिइदिन अनुरोध गरिरहे। अन्त्यमा प्राचार्यले भने- ठिक छ, तिमीले हाम्रो यस विद्यालयका सबैभन्दा दक्ष खेलाडीलाई चेसमा जित्यौ भने मात्र प्रवेश पाउँछौ। विद्यालयका सबैभन्दा दक्ष चेस खेलाडीलाई बोलाएर प्राचार्यले थप सर्त राखे- हेर बालक, तिमीले जित्यौ भने यस स्कुलमा भर्ना पाउँछौ र हार्नेलाई विद्यालयबाट निष्कासन गरिनेछ। खेल सुरु भयो। बालकले होसियारीसाथ खेल अघि बढाए। खेल निकै रोचक र प्रतिस्पर्धात्मक हुँदै गयो। तर, विद्यालयका खेलाडीलाई आफूले बालकसित हार्ने हो कि भन्ने चिन्ता लाग्न थाल्यो। हारियो भने विद्यालयबाट निकालिनुपर्छ भन्ने सोचेर उनी चिन्तित देखिन थाले। बालकले पनि उनको मनोदशा बुझे। त्यसपछि उनले मनमनै सोचे- मैले जितेँ भने स्कुलले चेसबाहेक अरू केही नजान्ने विद्यार्थी पाउनेछ भने एक योग्य विद्यार्थीको भविष्य चौपट हुनेछ।

त्यसपछि उनी हार्नका लागि खेल्न थाले। यो सबै हेरिरहेका प्राचार्यले बालकको मनोभाव बुझे। बालकले जित्नका लागि होइन, अब हार्नका लागि खेलिरहेका छन् भन्ने उनले बुझे। त्यसैले, उनले चेसबोर्ड हटाए र भने- बालक, तिमीले चेसबाहेक पनि अरू धेरै कुरा सिकेका रहेछौ। तिमी जित्न पनि चाहन्छौ, त्यसका लागि सक्षम पनि छौ। तर, तिमी आफ्नो जितसँगै अरूको अस्तित्व मेटाउन पनि चाहँदैनौ। अरूका लागि यसरी त्याग गर्न तयार हुने बालक हाम्रो स्कुलका लागि आवश्यक छ। तिमी भर्नाका लागि योग्य छौ। तिमीलाई हाम्रो विद्यालयमा स्वागत छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कोशीमा बगेको नेताहरूको विवेक

कोशी प्रदेशले यो देशमा प्रदेश संरचनाको कुनै काम छैन भन्ने पुष्टि गरिरहेको छ। विश्वासको मत नपाएर मुख्यमन्त्री परिवर्तन गर्ने दलहरूको दौडले प्रदेश राजनीति नै आमजनतामा वितृष्णा फैलाइरहेको छ। तैपनि, हाम्रो राजनीतिक दलका नेताहरूको चेत फिरेको देखिँदैन। उनीहरू कोशीमा एकअर्कालाई 'देखाइदिने' ध्याउन्नबाट टसमस भएका छैनन्। जब कुनै एक दलको मुख्यमन्त्रीले विश्वासको मत लिन सक्दैन र अर्को कोही अगाडि आएमा उसको पनि अवस्था त्यही हुने निश्चित छ भने यो मुख्यमन्त्री पदको लिगलिगे दौड केका लागि कहिलेसम्मका लागि ? के हाम्रा नेताको विवेक पनि कोसीको बाढीसँगै बगेको हो ? नत्र मिलेर सरकार बनाउन तिनलाई कसले रोकेको छ ?

● **वन्दना त्रिपाठी**, घट्टेकुलो, काठमाडौं

रकम दुरुपयोग

राज्यकोषबाट दुई अर्ब १६ करोड खर्चेर बनाइएका सात होल्डिङ सेन्टर प्रयोगविहीन अवस्थामा रहेको सुन्दा राज्यकोष दुरुपयोग भएको महसुस भयो। कोभिडका कालका लागि निर्माण भएका यस्ता होल्डिङ सेन्टर अन्य कुनै पनि काममा प्रयोग गर्न सकिन्छ। सरकारले होल्डिङ सेन्टर सञ्चालनको कार्यविधि बनाएर कुनै पनि सामाजिक कामका लागि यी सेन्टर चलाउन दिए कम्तीमा राज्यकोषको सदुपयोग हुन्थ्यो कि ?

● **सुजाता गुरुङ**
सामाखुसी, काठमाडौं

बाइपासका खाल्डा कसले पुर्ने ?

काठमाडौं महानगरपालिका- १६ मा पर्ने बाइपास चोकको सडकको अवस्था बेहाल भएको लामो समय भइसक्यो। बाइपास चोक हुँदै बाइसधारापट्टि जाँदा सडकका खाल्डाखुल्डीले जोकोहीले हायलकायल बनाउँछन्। तैपनि, जिम्मेवार निकायको ध्यान यी खाल्डाखुल्डी पुरेर पिच गर्नेतर्फ गएको देखिन्न। के यो सडकका खाल्डाखुल्डी नपुर्ने नै हो त ? के हामीले यिनै खाल्डाखुल्डीमा अल्झेर जिन्दगी बिताउनुपर्ने हो त ?

● **बलराम ओझा**
बाइपास, काठमाडौं

माननीयज्यूहरूलाई प्रश्न

एकजना माननीयज्यूसित अनुरोध गरी पास लिएर प्रतिनिधिसभामा गएको थिएँ। प्रतिनिधिसभा भनेको हाम्रो कानुन बनाउने थलो हो। तर, त्यही संस्थाको पास हेर्दा अचम्म लाग्यो। पासले नेपालको संविधानको धारा १२ मा 'वंशीय आधार तथा लैंगिक पहिचानसहितको नागरिकता' भन्ने व्यवस्थाको खिल्ली उडाइरहेको देखियो।

पास लिने वेला पहिचान खुल्ने 'आइडी' मागियो। पासमा लिंग उल्लेख गर्नुपर्ने रहेछ। त्यहाँ पुरुष वा महिला मात्र खुलाउन मिल्ने कोठा थिए। त्यही प्रतिनिधिसभाले लिंगलाई महिला, पुरुष र अन्य अर्थात् तेस्रोलिंगी भनी कानुन ल्यायो। अनि, आफ्नै संसद् भवन प्रवेश गर्ने कार्डमा चाहिँ महिला र पुरुष मात्र उल्लेख गर्नु कत्तिको न्यायोचित हुन्छ ? जब पारित गर्ने सभा स्वयंले कानुन लागू गर्न सक्दैन भने त्यो कानुन देशमा लागू भइरहेको छ भनी कसरी विश्वास गर्ने ? के प्रतिनिधिसभामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका कोही पनि दर्शक भएर आउन सक्दैनन् हो ?

सुरक्षाका नाममा चेकजाँच गर्दा पुरुषले पुरुषलाई र महिलाले महिलालाई चेकजाँच गरिँदो रहेछ। अनि यौनिक तथा लैंगिक अल्पसंख्यकका लागि अलग व्यवस्था खोइ ? अनि, शौचालयको दुर्गन्धको त के नै कुरा गर्नु र ? तर, त्यही दुर्गन्धित शौचालय पनि पुरुष र महिलाका लागि मात्र रहेछ। के यहाँ पुग्ने तेस्रोलिंगी समुदायले शौचालय प्रयोग गर्न पाउँदैनन् ? के संसद्ले बनाएको कानुन संसद्लाई चाहिँ लागू हुन्न हो ? खोइ त हाम्रो प्रतिनिधिसभालाई यौनिक तथा लैंगिक अल्पसंख्यकमैत्री बनाउन सकेको ?

● **निधि**, काठमाडौं

न्युजक्लिकमाथि छापा र भारतमा घट्दो प्रेस स्वतन्त्रता

थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार संस्थाले न्युजक्लिकमा छापा मारिनुलाई सन् १९७५ को संकटकालको पुनरावृत्ति भएको भन्दै चासो व्यक्त गरेका छन्



देश/विदेश

● आस्था राजवंशी

३ अक्टोबरमा दिल्लीको एक स्वतन्त्र डिजिटल समाचार माध्यम न्युजक्लिकमा प्रहरीले छापा मार्‍यो। प्रहरीको छापापछि भारतीय पत्रकार एवं मिडियाले प्रेस स्वतन्त्रताबारे चिन्ता व्यक्त गर्दै 'प्रतिशोधको जोखिम'मा काम गर्न नसकिने जनाएका छन्। वरिष्ठ पत्रकार प्रविर पुरकायस्थद्वारा सन् २००९ मा स्थापित न्युजक्लिकले आफूलाई 'भारतका विभिन्न आन्दोलन र जनसंघर्षको सबैभन्दा सुसंगत अभिलेख'राख्ने संस्था बताउँदै आएको छ। न्युजक्लिकमा सयभन्दा कम पत्रकार कार्यरत छन् र सामाजिक सञ्जालमा यसको करिब ७० हजार फलोअर छन्। ३ अक्टोबरको बिहानै दिल्ली पुलिसले सम्पादक, रिपोर्टर र फ्रिल्यान्सरसहित ३० जनाका घरमा छापा मार्‍यो। र, सबैलाई गैरकानुनी गतिविधि रोकथाम ऐन (युएपिए)अन्तर्गत सोधपुछ गरियो। व्यक्तिगत फोन एवं ल्यापटपलगायत इलेक्ट्रोनिक उपकरण जफत गरियो। पुरकायस्थ र न्युजक्लिकका मानव संसाधन प्रमुख अमित चक्रवर्तीलाई सम्पत्ति शुद्धीकरणको आरोपमा पक्राउ गरियो।

४ अक्टुबरमा भारतका विभिन्न सहरका प्रेस क्लबसहित १६ पत्रकार एवं समाचार संस्थाले संयुक्त रूपमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश डिवाई चन्द्रचुँडसँग न्यायिक हस्तक्षेपको माग गर्दै पत्र लेखेका छन्। पत्रकारले न्युजक्लिकमा छापा मार्नुलाई प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) सरकारले प्रेसमाथि गरेको आक्रमणको पछिल्लो कडी बताएका छन्।

न्युजक्लिकले 'मुलुकका धनी र शक्तिशालीको एजेन्डा बोक्ने कर्पोरेट मिडियाद्वारा बेवास्ता गरिएका' समाचार र श्रव्यदृश्यलाई प्रसारण गर्ने गरेको दाबी गर्दै आएको छ। न्युजक्लिकका पत्रकारले सन् २०२० को किसान आन्दोलन र गत अप्रिलमा सरकारको इतिहासको पाठ्यपुस्तक परिवर्तनजस्ता मुद्दामा रिपोर्टिङ गरेका कारण सरकार चिढिएको थियो। करिब ३० लाख युट्युब सब्सक्राइबर भएका हिन्दी भाषाका लोकप्रिय पत्रकार अभिसार शर्माले हालै बिहारमा जातिगत जनगणनाको कभरेज गरेका थिए, जसले सरकारको दाबीलाई खण्डन गरेको छ।

सन् २०२१ देखि भारतीय अधिकारीले एक अमेरिकी कम्पनीबाट लगानी भित्र्याएर विदेशी प्रत्यक्ष लगानी कानुन उल्लंघन गरेको नाममा न्युजक्लिकलाई निगरानी गरिरहेका थिए। सन् २०२१ को फेब्रुअरीमा सम्पत्ति शुद्धीकरण हेर्ने सरकारी निकाय प्रवर्तन निर्देशनालयले न्युजक्लिकको कार्यालय र पुरकायस्थको घरमा छापा मारेको थियो।

यही अगस्टमा न्युयोर्क टाइम्सले बेइजिङसँगको निकट सम्बन्ध रहेको र चिनियाँ प्रोपगान्डा फैलाउन अन्तर्राष्ट्रिय रूपमा आर्थिक सहयोग गर्ने गरेको आरोप लागेका नेभिल रोय सिंघमले न्युजक्लिकमा लगानी गरेको समाचार छापेको थियो। रिपोर्टमा न्युजक्लिकले आफ्नो समाचारमा 'चिनियाँ सरकारी सन्देश' पनि प्रकाशित गरेको जनाएको थियो। भारतीय अधिकारीले न्युयोर्क टाइम्सको समाचारलाई न्युजक्लिक र यसका पत्रकारविरुद्ध मुद्दा दायर गर्ने आधारका रूपमा प्रयोग गरेका छन्। प्रहरी हस्तक्षेप उत्प्रेरित गर्ने समाचार प्रकाशन गरेका कारण न्युयोर्क टाइम्स पनि आलोचित भइरहेको छ। त्यसैल, मंगलबार न्युयोर्क टाइम्सको कार्यालयअगाडि विरोध प्रदर्शन भएको थियो।

बुधबार एक विज्ञप्ति जारी गर्दै न्युजक्लिकले आफूविरुद्धका सबै आरोपको खण्डन गरेको छ। र, न्युजक्लिक आफूले आरोपको व्यहोरा भएको एफआइआरको प्रतिलिपि अहिलेसम्म नपाएको जनाएको छ। न्युजक्लिकले सम्पत्ति शुद्धीकरणको आरोपविरुद्ध



तस्बिर : कबिर झाँगियानी/नुरफोटो

आफ्नो दलिल पेस गर्दै सरकारी अधिकारीले पछिल्लो दुई वर्षयता संस्थाका सबै जानकारी, सञ्चार र दस्ताबेजमा पहुँच हुँदाहुँदै पनि पुरकायस्थसित दुई वर्षसम्म कुनै सोधपुछ नगरेको वा न्युजक्लिकलाई कुनै आरोप नलगाएको औंल्याएको छ।

विज्ञप्तिले न्युयोर्क टाइम्सको दाबीलाई खण्डन गर्दै न्युजक्लिकले कुनै पनि समाचार वा जानकारी 'कुनै पनि चिनियाँ निकाय वा प्राधिकरणको आदेशमा, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा' प्रकाशित गर्दैन वा न्युजक्लिकको 'वेबसाइटमा चिनियाँ प्रोपगन्डा' नछापेको जनाएको छ।

सर्वोच्च अदालतका न्यायाधीशलाई लेखिएको पत्र सँगसँगै थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार संस्थाले न्युजक्लिकमा छापा मारिनुलाई सन् १९७५ को संकटकालको पुनरावृत्ति भएको भन्दै चासो व्यक्त गरेका छन्। धेरैले भारतमा प्रेस स्वतन्त्रतामा ह्रास आएको तथ्यलाई पनि औंल्याएका छन्। सन् २०१४ मा मोदी सत्तामा आएदेखि रिपोर्टर्स विदाउट बोर्डर्सले प्रकाशित गरेको वार्षिक विश्व प्रेस स्वतन्त्रता सूचकांकमा भारत एक सय ४० बाट एक सय ६१औँ स्थानमा झरेको छ, जुन लाओस, फिलिपिन्स र छिमेकी पाकिस्तानभन्दा पनि तल्लो स्थान हो।

प्रेस क्लब अफ इन्डियाले छापाबारे 'गहिरो चिन्ता' व्यक्त गर्दै पत्रकारलाई समर्थन गरेको छ। एडिटर्स गिल्ड अफ इन्डियाले अत्याचारी कानुनअन्तर्गत भयको वातावरण सिर्जना गरेर पत्रकारलाई दबाब नदिन आग्रह गरेको छ। द नेटवर्क अफ वुमन इन मिडिया इन्डियाले सरकारी कार्यमा पारदर्शिताका लागि आग्रह गर्दै पत्रकार र आलोचकमाथि आतंकवादविरोधी कानुनको अन्धाधुन्ध प्रयोग नगर्न सचेत गराएको छ। त्यसैगरी भारतको डिजिटल सञ्चारमाध्यमको संस्था 'डिजिपब'ले छापा प्रकरणले सरकारको मनोमानी र सताउने व्यवहार थप बढेको जनाएको छ।

न्युयोर्कस्थित कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (सिपिजे) ले पनि छापा रणनीतिबाट पत्रकारलाई तर्साउन बन्द गर्न सरकारलाई आग्रह गर्दै पुरकायस्थको तत्काल रिहाईको माग गरेको छ। 'यो भारतको प्रेस स्वतन्त्रतामाथिको पछिल्लो आक्रमण हो' भन्दै सिपिजेका एसिया कार्यक्रम संयोजक बेह ली यीले विरोध जनाएका छन्।

(राजवंशी टाइम म्यागजिनकी पत्रकार हुन्। उनी भारत र भारतका छिमेकी मुलुकको रिपोर्टिङ गर्छिन्।)
- टाइमबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नयाँ अव्यवस्थाबाट गुज्रिरहेको विश्व



एउटा पुरानो सोभियत जोक छ, जसमा एकजना पत्रकारले रुसी कम्युनिस्ट पार्टीका महासचिवलाई देशको अर्थतन्त्रबारे टिप्पणी गर्न आग्रह गर्छन्। 'राम्रो', उनको छोटो जवाफ हुन्छ। पत्रकारले उनलाई विस्तारमा बताउन आग्रह गर्छन्, ता कि समाचारमा उद्धृत गर्न सकियोस्। 'त्यसो हो भने ठिक छैन,' महासचिवले जवाफ दिन्छन।

आज विश्वको अवस्थाबारे पनि यस्तै भन्न सकिन्छ। चिनियाँ राष्ट्रपति सी जिनपिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, बेलायतका प्रधानमन्त्री ऋषि सुनक, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंजस्ता उल्लेखनीय व्यक्ति संयुक्त राष्ट्रसंघ महासभाको ७८औं वार्षिक अधिवेशनमा अनुपस्थित भए। न्युयोर्कमा भेला भएका विश्वनेता चिन्तित हुनुपर्ने कारण थुप्रै छन्।

अमेरिका-चीन सम्बन्ध यो युगको सबैभन्दा महत्त्वपूर्ण सवाल हो। कूटनीतिक आदानप्रदानमा वृद्धिका बाबजुद उनीहरूको सम्बन्ध चिसिँदो नै छ। अमेरिकाको लक्ष्य यी दुई ठूला शक्तिराष्ट्रले द्विपक्षीय सम्बन्धका लागि आधार तयार पार्ने हुनुपर्छ। यसरी मात्रै यी दुई मुलुक संकटबाट बच्न सक्षम हुनेछन्। तर, चीनले सैन्य सञ्चार पुनः सुचारु गर्न र संकटकालीन सञ्चारको माध्यम स्थापना गर्न इन्कार गरेपछि यो समस्या झन् पेचिलो बनेको छ। आशावादीहरूले समेत यी दुईले अर्थपूर्ण सहकार्यको परिकल्पना गर्न सकिरहेका छैनन्।



● रिचर्ड हास

(अमेरिकाको विदेश सम्बन्ध परिषद्का प्रेसिडेन्ट एमेरिट्स रिचर्ड हास अमेरिकी विदेश विभागका नीति योजनाका पूर्वनिर्देशक हुन्)

यसैबीच, चीनले ठूला आर्थिक चुनौतीको सामना गरिरहेको छ मुख्यतः आफ्नै नीतिगत कमजोरीका कारण। उसका यी समस्या घरेलु भए पनि तिनको दुष्प्रभाव भने चीनमा मात्र सीमित रहनेछैन। न्यूनतममा पनि चीनका परिघटनाले विश्वव्यापी आर्थिक वृद्धिमा बाधा पुऱ्याउनेछ। खराबमा, चीनको नेतृत्व आफ्नो आन्तरिक आर्थिक संकटबाट ध्यान भड्काउन विदेशमा अझ आक्रामक रूपमा प्रस्तुत हुनेतर्फ उद्यत् हुने सम्भावना छ।

इन्डो-प्यासिफिक क्षेत्रको उत्तरकोरियाले आफ्नो आणविक शस्त्रागारको आकार र गुणस्तर दुवै विस्तार गरिरहेको छ। प्योङ्याङले अत्याधुनिक ब्यालेस्टिक क्षेप्यास्त्रको परीक्षणलाई जारी राख्दै आणविक हतियारले सुसज्जित पनडुब्बीको अनावरण गरेको छ। यसले उसको आणविक क्षमता थप बढाउनेछ। उत्तर कोरिया आफ्नो आणविक वा क्षेप्यास्त्र कार्यक्रमबारे छलफल गर्न तयार हुने अहिलेसम्म कुनै संकेत देखिएको छैन।

अर्को चिन्ताको विषय के छ भने करिब साढे तीन महिनाअघि सुरुआत भएको युक्रेनको प्रत्याक्रमणको प्रगति सीमित छ। युक्रेनको पूर्वी तथा दक्षिणको ठूलो भूभागमा अहिले पनि रुसी सेनाको नियन्त्रण छ। अमेरिकी प्रतिबन्धका बाबजुद रुस युद्धलाई जारी राख्न हातहतियार उत्पादन गरिरहन र इरान र उत्तर कोरियाबाट हतियार आयात गर्न सक्ने हैसियतमा छ। यो तथ्यले दोस्रो वर्षमा प्रवेश गरेको युक्रेन युद्ध अझै केही समय जारी रहने देखाउँछ।

युक्रेन आफ्नो भूमि पुनः प्राप्त गर्ने लक्ष्यमा सम्झौता गर्न इच्छुक छैन। पश्चिमबाट थप उन्नत हतियार आएपछि युद्ध आफ्नो पक्षमा फर्कने उसको विश्वास छ। पुटिनमा आफूमा युद्धको लागत थाम्न सक्ने विश्वास छ। उनी अमेरिका र युरोपेले सधैँ युक्रेनलाई सहयोग गरिरहन नसक्ने ठान्छन्। एकदिन उनीहरू थाक्ने उनको विश्वास छ।

अफगानिस्तानको नयाँ तालिवान पुरानो तालिवानजस्तै हो भन्ने स्पष्ट हुँदै गएको छ। प्रश्न उनीहरूले कुन हदसम्म फेरि आफ्नो देशलाई आतंकवादको लागि लन्चप्याड बन्न अनुमति दिनेछन् भन्ने मात्र हो। पाकिस्तानको कमजोरीलाई थप चर्काउने अस्थिरतामा तालिबानले कत्तिको योगदान पुऱ्याउँछ भन्ने अर्को सवाल छ। अफ्रिका र ल्याटिन अमेरिकामा कमजोर शासन, कमजोर संस्था र कमजोर स्रोतसाधनबाट पीडित कमजोर राज्यहरूको संख्या बढ्दो छ।

> विश्वव्यापी दृष्टिले हेर्दा विश्वको अवस्था अहिले खासै राम्रो देखिँदैन। करिब एक करोड ५० लाख मानिसको ज्यान लिएको वैश्विक महामारीपछि गत ग्रीष्म ऋतु अहिलेसम्मकै सबैभन्दा तातो रह्यो।

विश्वव्यापी दृष्टिले हेर्दा विश्वको अवस्था अहिले खासै राम्रो देखिँदैन। करिब एक करोड ५० लाख मानिसको ज्यान लिएको वैश्विक महामारीपछि गत ग्रीष्म ऋतु अहिलेसम्मकै सबैभन्दा तातो रह्यो। संयुक्त अरब इमिरेट्समा हुने संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२८)को बैठक आउन दुई महिना मात्र बाँकी रहँदा सरकारहरू सन्निकट आर्थिक समस्यालाई भन्दा जलवायुसम्बन्धी चिन्तालाई प्राथमिकता दिन तयार हुने विश्वास गर्ने कुनै आधार छैन।

अन्तमा, आर्टिफिसियल र अगुमेन्टेड इन्टेलिजेन्सीका टेक्नोलोजीहरू द्रुत गतिमा विकसित हुँदै गइरहेको परिप्रेक्ष्यमा तिनको रचनात्मक आयामको फाइदा कसरी लिने र सम्भावित विनाशकारी अनुप्रयोगमा कसरी लगाम लगाउने भन्नेबारे अन्तर्राष्ट्रिय आमसहमतिको कुनै संकेत देखिइरहेको छैन।

तर, केही शुभ समाचार पनि छन्। रुसी आक्रामकताप्रति पश्चिमाहरूको दृढ प्रतिरोधपूर्ण अडान र चिनियाँ दुस्साहसलाई रोक्ने अमेरिका नेतृत्वको हिन्द-प्रशान्त साझेदारी प्रमुख उदाहरण हुन्। मध्यपूर्वमा इरानले हालै पाँच अमेरिकी कैदीलाई रिहा गरेको छ। बदलामा वासिंटनले तेहरानलाई रोक्का राखेको ६ अर्ब अमेरिकी डलर खाने कुरा र औषधिमा मात्रै प्रयोग गर्न पाउने गरी फुकुवा गरिदिने भएको छ। औपचारिक सम्झौता नभइसकेको भए पनि प्रतिबन्ध खुकुलो बनाउने सर्तमा इरान आफ्नो आणविक गतिविधिमा केही लगाम लगाउन तयार हुने दिशामा यी दुई मुलुकले काम गरिरहेका छन्।

यसैगरी, इजरायल र साउदी अरेबियाबीचको सम्बन्धलाई सामान्य बनाउने अमेरिकी मध्यस्थताको वार्ताले पनि केही प्रगति गरेको देखिन्छ। सम्झौतामा हस्ताक्षर भएमा इरानी आक्रामकताविरुद्ध साउदी अरेबियाको प्रतिरक्षालाई मजबुत बनाउने र इजरायल-प्यालेस्टाइन कूटनीतिलाई गति दिने दिशमा प्रगति हुनेछ।

दुःखद समाचारले सुसमाचारलाई उछिनेको बुझ्न गाह्रो छैन। अन्तर्राष्ट्रिय विकासका लक्ष्य पूरा हुन सकिरहेका छैनन्। भारतमा हालै सम्पन्न जी-२० शिखर सम्मेलनले खासै उपलब्धि हासिल गर्न सकेको छैन। संयुक्त राष्ट्रसंघ महासभाको बैठक पनि जी-२० कै पदचाप पछ्याइरहेको देखिन्छ। यतिखेर संयुक्त राष्ट्रसंघको सबैभन्दा महत्त्वपूर्ण घटक सुरक्षा परिषद् कोमामा छ र केही समय यस्तै रहनेछ। किनकि एउटा भिटो धारक मुलुकले संयुक्त राष्ट्र चार्टरको सबैभन्दा आधारभूत सिद्धान्तको उल्लंघन गर्दै अर्को मुलुकमाथि युद्ध थोपरिरहेको छ। समयले प्रभावकारी अन्तर्राष्ट्रिय सहयोग र सहकार्यको माग गरिरहेको छ, तर उल्टो भइरहेको छ।

- प्रोजेक्ट सिन्डिकेटबाट

'अमेरिका र चीनका राष्ट्रपतिबीच भेटको तयारी'

न्युयोर्क/ ह्वाइट हाउसले आगामी नोभेम्बरमा अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच भेट गराउने योजना बनाइरहेको वासिंटन पोस्टले जनाएको छ। ह्वाइट हाउस प्रशासनका एक उच्च अधिकारीका अनुसार दुई देशबीचको सम्बन्धलाई स्थिर बनाउने प्रयासका रूपमा दुई नेताबीच भेट गराउन लागिएको हो।

'बैठक पक्का हुनेछ,' भेटबारे औपचारिक घोषणा भइनसकेको भन्दै आफ्नो नाम उल्लेख नगर्ने सर्तमा ती अधिकारीले भने, 'भेट गराउने योजनाको हामी प्रारम्भिक प्रक्रियामा छौं।'

बाइडेन चिनियाँ राष्ट्रपति जिनपिङसँग भेट्न उत्सुक भएको तर त्यसबारे अहिलेसम्म केही पुष्टि भइनसकेको ह्वाइट हाउसका अर्का अधिकारीले बताएको पनि उक्त अखबारले उल्लेख गरेको छ। ती अधिकारीले आगामी सातामा चिनियाँ विदेशमन्त्री वाङ यीले लगाम लगाउने भन्नेबारे अन्तर्राष्ट्रिय आमसहमतिको कुनै संकेत देखिइरहेको छैन।

वासिंटनको भ्रमण गरेपछि दुई राष्ट्रपतिबीचको भेटको योजनाबारे स्पष्ट हुने जानकारी दिए।

'चीन र अमेरिकाबीच द्विपक्षीय संलग्नता र सहयोग आदानप्रदानबारे कुराकानी भइरहेको छ,' वासिंटनस्थित चिनियाँ दूतावासका प्रवक्ता लिउ पंग्युले भने, 'दुवै पक्षले अवरोधहरू हटाउन, ठोस कार्यद्वारा मतभेदहरूको व्यवस्थापन गर्न तथा असल विश्वासका साथ संवादलाई बढाउन र सहयोग अभिवृद्धि गर्न एउटै दिशामा काम गर्न आवश्यक छ।' वासिंटन पोस्टका अनुसार गत नोभेम्बरमा इन्डोनेसियाको बालीमा सम्पन्न जी-२० को बैठकका क्रममा दुई ठूला अर्थतन्त्रका प्रमुखबीचको भेटपछि आगामी नोभेम्बरमा पहिलो व्यक्तिगत भेट हुनेछ। उक्त बैठकमा दुवै राष्ट्रपतिले प्रत्यक्ष कूटनीतिको महत्त्वमाथि जोड दिँदै अमेरिका-चीन सम्बन्धलाई सही मार्गमा ल्याउन सकिने आशा व्यक्त गरेका थिए।

पपुवा न्युगिनी र अफगानिस्तानमा शक्तिशाली भूकम्प

काबुल/ पपुवा न्युगिनी र अफगानिस्तानमा दुई शक्तिशाली भूकम्प गएका छन्। पपुवा न्युगिनीको मडाङकमा शनिबार बिहान सात म्याग्निच्युडको भूकम्प गएको अमेरिकी भौगर्भिक सर्वेक्षण (युएसजिएस) ले जनाएको छ। सर्वेक्षणअनुसार ७२ किलोमिटर गहिराइमा रहेको भूकम्पीय केन्द्र पाँच दशमलव सात डिग्री दक्षिणी अक्षांश र एक सय ४६ दशमलव एक डिग्री पूर्वी देशान्तरमा थियो। त्यस्तै, अफगानिस्तानको पश्चिमी भूभागमा पनि शनिबार बिहान ६ दशमलव ३ म्याग्निच्युडको भूकम्प गएको युएसजिएसले जनाएको छ। उक्त क्षेत्र भूकम्पीय जोखिमयुक्त क्षेत्र हो। त्यसपछि हेरात सहरबाट ४० किलोमिटर उत्तर पश्चिममा केन्द्र बनाए तीनवटा परकम्प गएका थिए। हिन्दकुश पर्वतमाला, युरेसियन र भारतीय टेक्टोनिक प्लेटहरूको संगममा अवस्थित भएकाले अफगानिस्तान उच्च भूकम्पीय जोखिममा रहेको भूगर्भविदहरूले बताउँदै आएका छन्।

भारतले गगनयान मिसनका लागि परीक्षण उडान सुरु गर्ने

नयाँदिल्ली/ भारतीय अन्तरिक्ष अनुसन्धान संस्था (इसरो) ले गगनयान मिसनको हिस्साका रूपमा मानवरहित परीक्षण उडानको तयारी सुरु गरेको छ। सामाजिक सञ्जाल एक्स (ट्विटर) मा इसरोले गरेको पोस्टमा भनिएको छ, 'मिसन गगनयान : इसरोले गगनयानका लागि मानवरहित परीक्षण उडान सुरु गर्नेछ। फ्लाइट टेस्ट भेहिकल एबोर्ट मिसन-१ (टिभी-डी वान) तयारी भइरहेको छ, जसले क्रु इस्केप सिस्टमको प्रदर्शन गर्छ।'

इतिहासमा आज अक्टोबर ८



सन् २००५ : पाकिस्तानमा विनाशकारी भूकम्प। कम्तीमा ७९ हजार मानिसको मृत्यु भएको भूकम्पबाट पाकिस्तान प्रशासित कस्मिर क्षेत्र र पाकिस्तानको उत्तर-पश्चिम सीमा प्रान्त प्रभावित भएको थियो।

● **सन् १८७१** : अमेरिकाको सिकागोमा भीषण आगलागी। एउटा फार्म बिल्डिङबाट सल्किएको आगो निभाउन दुई दिन लागेको थियो। आगलागीमा ३०० जनाको मृत्यु भएको थियो

● **सन् १९१२** : ओटोमन साम्राज्यमाथि युद्ध घोषणा गरेर मोन्टेनेग्रोले द्वन्द्व सुरु गरेको थियो। केही दिनपछि ग्रिस, बुल्गेरिया र सर्बिया युद्धमा सहभागी भई बाल्कन लिग गठन गरेका थिए। सात महिनापछि सो युद्ध सकिएको थियो।

● **सन् १९१९** : विश्वको पहिलो अन्तरमहादेशीय हवाई दौड। ५४ सय माइल लामो सो हवाई दौडमा सान फ्रान्सिस्कोका १५ र न्युयोर्कका ४८ गरी ६३ विमान प्रयोग गरिएका थिए।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ताप्लेजुङ्ग शाखा, ताप्लेजुङ्ग

ऋणीको विवरण

१. प्रदेश सरकार, प्रदेश नं - १, उद्योग, श्रम तथा रोजगार मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, ताप्लेजुङ्गमा प्रा.फ.द.नं. ४६९/०७३/७४ अन्तर्गत मिति २०७३/०५/१६ मा दर्ता कायम भएको **सागर किराना पसल**
फर्म दर्ता ठेगाना : फुङलिङ. न. पा - ४, ताप्लेजुङ्ग
स्थायी लेखा नं. ६०००८१२५६ मिति २०६६/०५/०७
प्रोपाइटर : भीमा देवी खतिवडा
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

संयुक्त ऋणीको विवरण

२. छईन्द्र कुमार खतिवडा र भीमा देवी खतिवडा
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

छईन्द्र कुमार खतिवडा	भीमा देवी खतिवडा
ना.प्र.नं. ११२/१४८८	ना.प्र.नं. ४१७२६/२३११
जारी मिति २०४४/१२/०८ जि.प्र.का ताप्लेजुङ्ग	जारी मिति २०५६/०९/२८ जि.प्र.का. ताप्लेजुङ्ग
बाबुको नाम : पुण्य प्रसाद खतिवडा	बाबुको नाम : चिरन्जीवी नेउपाने
बाजेको नाम : बिष्णु प्रसाद खतिवडा	पतिको नाम : छइन्द्र कुमार खतिवडा
स्थायी ठेगाना : फुलबारी - ७, ताप्लेजुङ्ग	ससुराको नाम : पुण्य प्रसाद खतिवडा
	स्थायी ठेगाना : फुलबारी - ७, ताप्लेजुङ्ग

नोट : संयुक्त ऋणी छईन्द्र कुमार खतिवडा र भीमा देवी खतिवडाको लागी सागर किराना पसलको संस्थागत जमानत रहेको।

लगनखेल शाखा, ललितपुर

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय ललितपुरमा प्रा.फ.द.प्र.प.नं. ११६१२/५७८/०६८/०६९ अन्तर्गत मिति २०६९/०२/०३ मा दर्ता कायम भएको **भैरव मसला उद्योग**
फर्म दर्ता ठेगाना : वज्रबाराही न.पा. - १५, ललितपुर
स्थायी लेखा नं. ६००५९३८७४ मिति २०६९/०२/०४
प्रोपाइटर : कमला खुलाल
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा सवारी साधन कर्जा

२. भैरव खनाल
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

कमला खुलाल	भैरव खनाल
ना.प्र.नं. ६७८०३	ना.प्र.नं. १००-०३५-३६
जारी मिति २०५१/०४/०३ जि.प्र.का. ललितपुर	जारी मिति २०३५/०४/१२ जि.प्र.का. ललितपुर
बाबुको नाम : लोक बहादुर खड्का	बाबुको नाम : चन्द्र बहादुर खुलाल
पतिको नाम : भैरव खुलाल	बाजेको नाम : कटक बहादुर खुलाल
ससुराको नाम : चन्द्र बहादुर खुलाल	स्थायी ठेगाना : गोदावरी न.पा.- ५, ललितपुर
स्थायी ठेगाना : लेले - ०३, ललितपुर	

कोहलपुर शाखा, बाँके

ऋणीको विवरण

१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय नेपालगंज बाँकेमा प्रा.फा.र.नं. १६२३९/०६३/६४ अन्तर्गत मिति २०६३/०५/०८ मा दर्ता कायम भएको **धिर स्टोर**
फर्म दर्ता ठेगाना : कोहलपुर न.पा. - ०३, बाँके (हाल कोहलपुर न.पा. - ११, बाँके)
स्थायी लेखा नं. ३०२३२८४७७ मिति २०६३/०५/०९
प्रोपाइटर : धिर प्रसाद अधिकारी खत्री
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

२) धिर प्रसाद अधिकारी खत्री
कर्जा शिर्षक : सवारी साधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

धिर प्रसाद अधिकारी खत्री	अनु खत्री
ना.प्र.नं. १०१०	ना.प्र.नं. ६६१०४१/२४०
जारी मिति २०६०/०४/०९ जि.प्र.का. जुम्ला	जारी मिति २०६४/१२/१४ जि.प्र.का. बाँके
बाबुको नाम : रामजी प्रसाद खत्री	बाबुको नाम : गगन बहादुर पुन मगर
बाजेको नाम : पुरी नाथ खत्री	पतिको नाम : धिर प्रसाद अधिकारी खत्री
स्थायी ठेगाना : चन्दननाथ - ०९, जुम्ला	ससुराको नाम : रामजी प्रसाद खत्री
	स्थायी ठेगाना : कोहलपुर - ३, बाँके

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

Kakani Rural Municipality
Office of Rural Municipal Executive
Ranipauwa, Nuwakot
(Notice No. 06/Kkni/road/2080-81)

Date of publication: 2080-06-21

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding

IFB Contract no.	Description and location of works	Estimate amount with Ps (Excluding VAT NRs)	Bid Security Amount, NRs.	Bid Validity period/ Bid Security Validity period	Price of Bid Document, NRs.
06/Kkni/ road/2080-81	Upgrading Of Syagu Gumba Rural Road Kalopatra	8591271.72	250000.00	90 days/120days	3000.
07/Kkni/ road/2080-81	Upgrading Of Kalimaray manaykharka sadak	8584841.25	250000.00	90 days/120days	3000.
08/Kakani/ Road/080-81	Upgrading Of Mahalaxmistan Siran Gauhudai Jalukeni Okharpauwa Rural Road	8587027.10	250000.00	90 days/120days	3000.

2. Bid Purchase, Pre Bid Meeting, Bid Submission and Bid Opening Dares are sa given below.

Pre Bid Meeting	Last Date of Bid Purchase	Last Date of Submission	Bid Opening Date And Address	Details of Bank For deposit of Cost for Bid Document	Details of Bank for Cash Deposit for Bid Security
2080/07/15	2080/07/20 within office Hour	2080/07/21 12:00 Hrs.	2080/07/21 ,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa	Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch Office Account no:0213401251034093 (Kakani rural municipality Rajaswo khaata)	Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch deposit Account no:02134012510340 42Name of the Office : Kakani rural municipality,Office of municipal Executive, Ranipauwa,Nuwakot

3. Eligible Bidders are advisedto visit e-GP portal of PPMO'Swebsitewww.bolpatra.gov.np/egpfurther Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa,Nuwakot,Telephone :010-411022 and mailing Address: ito.kakanimun@gmail.com
4. Any amendment in the tender notice will be published in official website a kakani rural Municipality Office of Municipal Executive Ranipauwa, Nuwakot and e-GP portal of PPMO Website http://www.bolparta.gov .np/egp.
5. Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

Chief Administrative officer

अर्थतन्त्रको यथार्थ र अबको बाटो

सरकारले अर्थतन्त्र चलायमान बनाउन धेरै काम गर्नैपर्दैन, थोरै सरकारी अनुगमन, निर्देशन र थप केही उत्प्रेरणा भए पुग्छ

अर्थ संवाद

● कृष्णमणि पराजुली

देशको अवस्था पहिचान गराउने भनेको नै राजनीति र अर्थतन्त्र हो । यसमा पनि राजनीतिको भूमिका महत्त्वपूर्ण हुन्छ । आर्थिक, सामाजिक र अन्य क्षेत्रहरूको विकास गर्ने माध्यम भनेको राजनीति हो । देशलाई समुन्नत बनाउने प्रमुख दायित्व पनि राजनीतिको नै हो । किनभने, देशको शासन सञ्चालन गर्न निर्वाचनका माध्यमबाट जनताले आफ्ना प्रतिनिधि संसद्मा पठाएका हुन्छन् । शासनको बागडोर समाएर जनताको आवश्यकता परिपूर्ति गरेका हुन्छन् । यो नै लोकतान्त्रिक पद्धति हो ।

अहिले नेपालको राजनीति कमजोर हुन पुगेको छ । कुनै पनि दलको बहुमत नभएकाले सत्तामा पुग्न अवाञ्छनीय गतिविधि हुने गरेका छन् । छोटो समयमा नै सरकार परिवर्तन हुने र स्थिरता नहुँदा राज्यबाट लागू गरिने नीति तदर्थ हुने गरेका छन् । सत्तासीन दलमा पनि आत्मश्विास बढ्न सकेको देखिँदैन । त्यसकारण राज्यका सबै अंगले राम्रोसँग काम गर्न सकिरहेका छैनन् । यसैको परिणामस्वरूप देशले अपनाउने आर्थिक नीति पनि कमजोर भएको छ ।

राजनीति तदर्थवादितिर उन्मुख हुँदा देशको अर्थतन्त्र पनि कमजोर हुँदै गएको छ । अहिले हाम्रो अर्थतन्त्रको आकार मुस्किलले ५४ खर्ब पुगेको छ । विकासको दृष्टिले यसको आकार निकै सानो हो । प्रतिव्यक्ति आय पनि १४ सय अमेरिकी डरल छ । शिक्षा, स्वास्थ्य, पानी, रोजगारीजस्ता क्षेत्रमा खासै प्रगति भएको छैन । रोजगारीका लागि ठूलो जनशक्ति विदेश पलायन भएको छ । गरिबीको रेखामुनि रहेको जनसंख्या कुल जनसंख्याको करिब १८ प्रतिशतको हाराहारीमा रहेको अनुमान छ । विप्रेषणबाट प्राप्त भएको रकमले देशको अर्थतन्त्र धानिएको अवस्था छ । जुन गत वर्ष करिब १३ खर्बको हाराहारीमा प्राप्त भएको थियो ।

त्यसैगरी, प्रत्येक वर्ष आयात बढ्दै गएको छ । एक खर्बको निर्यात गर्दा करिब १६ खर्बको आयात गरेका हुन्छौं । देशको अर्थतन्त्र बलियो हुनका लागि त यसको ठीक विपरीत हुनुपर्ने थियो । अर्थात्, एक खर्ब आयात र १६ खर्बको निर्यात । आयात बढ्ने गर्दा विदेशी मुद्रा सञ्चितिमा वेला-वेलामा दबाब सिर्जना हुने गरेको छ । यसको सही समाधान हुन नसकेपछि पटके निर्णयबाट आयातलाई नियन्त्रण गर्ने काम भएको छ ।

अहिले विदेशी मुद्रा सञ्चितिले करिब एक वर्षको आयातलाई धान्ने भनिएको छ । आयात खुकुलो बनाउनेबित्तिकै पुनः सरकारी ढुकुटीमा विदेशी मुद्राको चाप पर्न जान्छ । यसरी तदर्थ नीतिबाट देशको अर्थतन्त्र चलाउनुलाई आर्थिक दृष्टिकोणबाट राम्रो मानिँदैन ।

अहिले आन्तरिक र बाह्य गरी २३ खर्बको हाराहारीमा ऋण पुगेको छ । साथै, विभिन्न मित्रराष्ट्र देशबाट वैदेशिक अनुदान सहायता पनि प्राप्त भई नै रहेको छ । राज्यले जनताबाट कर पनि उठाएकै छ । यति हुँदाहुँदै किन विकास हुन सकेन भन्ने प्रश्न पनि आएको छ ।



> राजनीति तदर्थवादोन्मुख हुँदा अर्थतन्त्र कमजोर हुँदै गएको छ । हाम्रो अर्थतन्त्रको आकार मुस्किलले ५४ खर्ब पुगेको छ । विकासका दृष्टिले यो निकै सानो हो । शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता क्षेत्रमा पनि प्रगति भएको छैन ।

नभएको होइन, साधनस्रोत पनि छ । जनशक्ति पनि छ । आधारभूत संरचना पनि निर्माण भएकै छन् । ऐन कानुन पनि विद्यमान छन् । विकासलाई देशको कुनाकाप्चासम्म पुऱ्याउन तलदेखि माथिसम्म ७६१ ओटा सरकार छन् । यस आधारमा हेर्दा जनतासँग सरकार जोडिएको छ । यद्यपि, सेवा प्रवाह र विकास जनताको घरदैलोसम्म सजिलोसँग पुग्नुपर्ने हो, जुन पुग्न सकेको छैन । जनताले विकासको अनुभूति गर्न सकेका छैनन् ।

अर्थतन्त्रको चरित्र हेर्दा देशमा धेरै समस्या देखिन्छन् । वर्षैपिच्छे बढ्दै गएको ऋणभारकै कारण प्रत्येक नागरिकले थाप्लोमा ७४ हजारको ऋण बोक्नुपरेको छ । ऋण तिर्ने आयका स्रोत खुम्चिँदै गएका छन् । जनताको मुख्य आम्दानी भनेको रोजगारी हो । रोजगारी नभएपछि आम्दानी हुनै कुरै भएन । आम्दानी नभएपछि राज्यले लिएको राष्ट्रिय ऋण तिर्ने बाटो बन्द हुनु स्वाभाविकै हो ।

सरकारले गर्ने सार्वजनिक खर्च पनि निराशाजनक हुँदै गएको छ । सरकारले नै खर्च गर्न सक्दैन भने अर्थतन्त्र कसरी चलायमान हुन सक्छ र ? सरकारी कामको भुक्तानी पाउन नसकेको भनी निर्माण व्यवसायीले चर्को आवाज उठाइरहेका छन् । सम्पन्न गरेको कामको भुक्तानी नहुँदा पछि आउने काममा प्रतिकूल असर पर्छ नै । त्यसकारण अर्थतन्त्रमा समस्या आउन नदिन सरकारले कहाँ-कहाँ अर्थतन्त्रमा धक्का परेको छ, पहिचान गरेर समस्या सुल्झाउनुपर्छ ।

अर्थतन्त्र बिग्रिँदै गएको छ भन्ने कुरा स्वयं अर्थमन्त्रीले स्वीकार गरिसकेका छन् । यसै सम्बन्धमा 'अब थप बिग्रिने ठाउँ नै छैन' भन्ने उनको अभिव्यक्तिले पनि अर्थतन्त्रको वर्तमान यथार्थ सजिलै अनुमान गर्न सकिन्छ । जिम्मेवार निकायमा बसेकाले एक-आपसमा छलफल गरेर अर्थतन्त्रमा देखिएका समस्या निराकरण गर्नुपर्दछ ।

अर्थतन्त्रलाई उकास्ने भनिएका निकाय अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक नै हुन् । यी दुई निकायबीच समन्वय हुन नसक्दा अर्थतन्त्रले गति लिन नसकेको भन्दा खासै फरक नपर्ला । अर्थमन्त्री र गभर्नरबीच समझदारी हुन नसक्दा पूर्वअर्थमन्त्रीले त गभर्नरलाई निलम्बन नै गरिदिए । भलै पछि सर्वोच्च अदालतले उनलाई पुनर्स्थापित गरिदियो । संवेदनशील क्षेत्रमा कार्यरत व्यक्तिलाई निलम्बन गर्दा अर्थतन्त्रमा कस्तो असर पर्न जान्छ भन्नेतर्फ विचारै नगर्दा हाम्रो अर्थतन्त्रले गति लिन नसकेको कुरा स्वीकार गर्नैपर्छ ।

अहिलेको अवस्थामा पनि वित्त नीति र मौद्रिक नीतिमा तालमेल गर्न नसकिएको कारणले गर्दा अर्थतन्त्रमा समस्या थपिँदै गएको देखिन्छ । वित्त नीतिले मौद्रिक नीतिलाई देखाउने र मौद्रिक नीतिले वित्त नीतिलाई देखाउने कार्यले अर्थतन्त्रका समस्या सुल्झिनेभन्दा बल्झिने भइरहेका छन् । केन्द्रीय संगठनहरूबीच नै समन्वय नहुँदा देशको अर्थतन्त्र बिग्रिँदै जाने कुरा स्वाभाविक नै देखिन्छ ।

अर्थतन्त्रमा अहिले देखिएका समस्या प्रस्ट छन् र तिनीहरूको निराकरण गर्ने उपाय पनि प्रस्टै छन् । यद्यपि, समस्या नसुल्झाएर यथास्थितिमा राख्ने काम भएको छ । अर्थतन्त्रमा केही समस्या छैनन् र सानातिना समस्या आई नै रहन्छन् भन्ने हो भने अझै अर्थतन्त्र बिग्रिने सम्भावना धेरै छ । यसतर्फ सबैको ध्यान जानुपर्छ ।

हामीले भएको साधन स्रोतलाई पनि अधिकतम फाइदा लिने गरी परिचालन गर्न सकिरहेका छैनौं । देशमा भित्रिँदै गरेको विप्रेषणको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्न सकेका छैनौं । आर्थिक वृद्धिका लागि सरकारले पुँजीगत खर्च बढाउनुपर्ने हो, त्यो पनि बढाउन सकिएको छैन । स्रोतको यकिन गरेर, कार्यक्रम स्वीकृत गराएर र अन्य आधारभूत व्यवस्था एवं प्रक्रिया पूरा गर्दा पनि किन सरकारको पुँजीगत बजेट खर्च हुँदैन, यसतर्फ गहन अध्ययन गरेर समस्याको पहिचान गर्नुपर्दछ । सरकार नै आफ्नो दायित्व पूरा गर्दैन भने कसले पूरा गर्छ त ? यो अहम् प्रश्न हो ।

अर्थतन्त्रलाई चलायमान बनाउन आन्तरिक उत्पादनमा जोड दिनुपर्दछ । आन्तरिक उत्पादनले देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन सक्दछ । उत्पादन बढाउन सकियो भने निर्यात बढ्न सक्छ र विदेशी मुद्रा सञ्चिति पनि सकारात्मक हुन जान्छ । यस अवस्थामा आन्तरिक उत्पादनले आयातलाई निरुत्साहित एवं विस्थापित गर्छ ।

अहिलेको समस्या भनेको ऋणको ब्याजदर घटाउनुपर्ने तथा कर्जा प्रवाह सहज हुनुपर्नेजस्ता काम सरकारले गर्न सकेको छैन । संकटको समयमा सरकारले धेरै खर्च गरेर अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । अर्थतन्त्रको ऐनाको रूपमा रहेको सेयर बजारमा देखिएका समस्याहरूको पहिचान गरेर सम्बोधन गर्नुपर्ने हो, त्यो पनि हुन नसकेको कारणले समस्या जस्ताको त्यस्तै छन् ।

खस्किँदै गएको सेयर बजारलाई लयमा फर्काउन त्यति कठिन देखिँदैन । सेयर बजारमा सानो कुराले पनि यसमा सुधार गर्न सकिन्छ । अहिले सरकारले स्थानीय तहमा बचत भएको रकमलाई बैंकहरूले आफ्नो मौज्दातमा गणना गर्न सक्छन् भन्नेबित्तिकै सेयर बजार सकारात्क भएको छ र बैंकहरूले ४/१२ को जुन क्याप लगाउँदै आएका छन्, त्यसलाई हटाइने कुराले पनि सेयर बजारलाई प्रोत्साहन गरेको छ । नयाँ अर्थसचिवले सेयर बजारलाई सुधार गर्ने भन्नासाथ सेयर बजारले सकारात्मक रूप लिएको छ ।

त्यसकारण सरकारले अर्थतन्त्रलाई चलायमान बनाउन धेरै काम गर्नैपर्दैन । थोरै सरकारी अनुगमन, निर्देशन र थप केही उत्प्रेरणाले अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ । यसतर्फ सरकारको ध्यान जानुपर्दछ ।

(पराजुली नेपाल सरकारका पूर्वउपसचिव हुन्)

अंक र अर्थ

पाँच आर्थिक वर्षमा विद्युतीय कारको आयात

पछिल्ला चार आर्थिक वर्षमा २२ अर्ब १२ करोड मूल्यका कुल सात हजार पाँच सय ७९ विद्युतीय कार भित्रिएका छन् । यसैगरी चालू आवको दुई महिना साउन र भदौमा दुई अर्ब ४३ करोडबराबरका आठ सय वटा ९८ कार भित्रिएका छन् । त्यस्तै अघिल्लो आर्थिक वर्ष ०७९/८० मा चार हजार ५० युनिट विद्युतीय जिप, कार तथा भ्यान भित्रिएका थिए । जसको मूल्य झन्डै १२ करोड रहेको छ । अहिले टाटा, एमजी, हुन्डाई, बिवाइडी, निटा, विलिङ, ग्रेटवाल, निसान, सिट्रोन, सेरेस, टेस्ला, किया, अउडी, बिएमडब्लूलगायत ब्रान्डका विद्युतीय गाडी नेपाली बजारमा बिक्री सुरु भइसकेको छ ।



आर्थिक वर्ष	संख्या	मूल्य (रु.)
०८०/८१ (दुई महिना)	८९८	२ अर्ब ४३ करोड
०७९/८०	४०५०	११ अर्ब ८४ करोड
०७८/७९	१८०७	५ अर्ब ३२ करोड
०७७/७८	२४९	६५ करोड ७८ लाख
०७६/७७	५७५	१ अर्ब ८७ करोड
कुल	७५७९	२२ अर्ब १२ करोड

बिजनेस @



गोविन्द पोखरेल, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

आर्थिक कठिनाइले हरेक दिन मान्छेले आत्महत्याको गलत बाटो रोजेका छन् । महँगीले जनता थिचिएका छन् । साना उद्यमी र व्यवसायी पेसा बन्द गर्दै छन् । रोजगार नभएर युवा अन्यत्र भौंतारिएका छन् । असंवेदनशील र विवेकहीन नेता मन्त्रालय फुटाएर सत्ता प्राप्त गर्दै छन् । नैतिकता र लाज हराएपछि !

चन्द्रमणि अधिकारी, अर्थविद्

कटु वा तितो सत्य ! हाम्रो देशमा उद्योग भनी सुविधा र सहुलियत लिएका कतिपय उद्योग उद्योग नै होइनन्, बरु संस्करण बदलिएका व्यापारका फरक प्रकार हुन् ।



हरि रोका, राजनीतिक विश्लेषक



सप्ताहान्तको बहसको निचोड : आन्तरिक अर्थतन्त्र चलायमान भएन, 'डिप डिप्रेसन'उन्मुख छ, संकट गहिरिँदै छ । निचोड निकाल्नमाथि प्रश्न छ, के संकट एक रातको उपज हो ? के देशले अँगालेको आर्थिक सिद्धान्त, नीति, संस्थागत परिचालन तथा आमसरोकार वा सहभगितामा खोजिनुपर्दैन ? आफूबाट गल्ती भएको स्विकार्नुपर्दैन ?

अर्थ ज्ञान

कस्तो अवस्थामा वस्तु सट्टा या फिर्ता गर्न सकिन्छ ?

कसैले विक्रेताबाट खरिद गरेको कुनै वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिनभित्र विक्रेतासमक्ष फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्यबराबरको अर्को वस्तु वा आफूले त्यस्तो वस्तु खरिद गर्दा तिरेको रकम भुक्तानी लिन सक्नेछ । यसरी वस्तु फिर्ता गर्दा त्यस्तो वस्तु खरिद गर्दा विक्रेताले दिएको बिल वा रसिद देखाउनुपर्नेछ । तर, देहायको अवस्थामा वस्तु फिर्ता गर्न वा सट्टा लिन सकिनेछैन :

- खरिद भइसकेपछि खरिदकर्ताले त्यस्तो वस्तुको गुणस्तर वा परिमाण परिवर्तन गरेमा ।
- निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने प्रकृतिका वस्तु भए त्यस्तो अवधि व्यतीत भइसकेको वस्तु भएमा ।
- दूध, फलफूल, तरकारी, माछा, मासुजस्ता तुरुन्त उपभोग नगरेमा सडी, गली जाने प्रकृतिका वस्तु भएमा ।
- खरिद गरेको वस्तु प्रयोग गरिसकेको भएमा ।
- सिलबन्दी गरिएको वस्तु भए सिलबन्दी तोडिएको भएमा ।
- सिलबन्दी गरेको वस्तु भए सिल नतोडिएको अवस्थामा त्यस्तो वस्तु १५ दिनभित्र फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्यबराबरको त्यस्तै अर्को वस्तु लिन सकिनेछ ।

-उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

एआईमा चीनको दबदबाले जन्माएको त्रास

सन् २०३० सम्म एआई क्षेत्रमा विश्वभरमै उच्च स्थान प्राप्त गर्ने महत्वाकांक्षा चीनले सार्वजनिक गरेपछि अमेरिका त्रस्त छ

प्रविधिसँग जोडिएको चीनको लोकप्रिय कम्पनी आर्टिफिसियल इन्टेलिजेन्स (एआई) च्याटबटको निर्माणमा अमेरिकाझैं प्रतिस्पर्धी ढंगले अगाडि बढिरहेको छ । विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनले यो वर्ष मात्रै १५ अर्ब डलर एआई प्रोजेक्टमा खर्च गर्ने बताएको छ । यो बजेट पछिल्ला दुई वर्षमा ५० प्रतिशतले बढेको बताइन्छ । माइक्रोसफ्टमार्फत तयार गरिएको च्याटजिपिटीजस्ता ठूलो भाषा मोडल सार्वजनिक हुनुअघि पनि केही प्रविधिका जानकारले एआईको दौडमा पश्चिमा देशको दबदबा नहुने बताएका थिए । स्मरण होस्, सर्वाधिक उन्नत एआई प्रयोगशाला अमेरिका र बेलायत (पश्चिमा देश)मै छन् ।

ताइवानका कम्प्युटर वैज्ञानिक, पुँजीपति तथा प्रविधि प्रबन्धक काई फु लीले सन् २०१८ मै चीन एआई महाशक्तिका रूपमा अमेरिकाभन्दा अगाडि निस्कने अनुमान गरेका थिए । उनका अनुसार प्रविधि (टेक्नोलोजी)ले आविष्कारको पहिलो चरण पार गरिसकेको छ । यसमा चीनले उल्लेख्य प्रगति गरेको छ । आफ्ना नागरिकको जासुसी गर्न चीनले लामो समयदेखि एआई प्रयोग गरेको छ । एआई प्रयोगमार्फत उसले असंख्य डेटा संग्रहण पनि गरेको छ । डेटाको सहायतामा एआई प्लेटफर्म भन्ने उत्कृष्ट बनाउँदै लगेको छ ।

निगरानीका लागि विश्वभर जडान गरिएका करिब एक अर्ब क्यामेरामध्ये आधाभन्दा बढी चीनमा छन् । यद्यपि, एआई क्रान्ति अझै पनि प्रारम्भिक अवस्थामा छ र यसको चाबी पश्चिमा देशसँग रहेको ली बताउँछन् ।

चीनबाट त्रस्त अमेरिका


वासिङ्टन विश्वविद्यालयस्थित पल जी एलन स्कुल अफ कम्प्युटर साइन्स एन्ड इन्जिनियरिङका पूर्वप्राध्यापक पेड्रोगका अनुसार एआईको क्षेत्रमा अझैसम्म ठूलो खोज हुन सकेको छैन । यो क्षेत्रमा अझै पनि अमेरिकाको दबदबा छ । १.४ अर्ब जनसंख्याको जासुसी गर्ने चीनलाई अमेरिकाको तुलनामा धेरै लाभ हुनेछैन । भिन्दाभिन्दै प्रकारका डेटा हुनु पनि महत्त्वपूर्ण विषय हो । 'म चीनको तुलनामा युरोपबाट डेटा लिन मन पराउँछु,' पेड्रोग भन्छन्, 'कारण, यो विविधतापूर्ण छ । यसबाट धेरै चिज सिक्नसमेत सकिन्छ ।'

स्पष्ट रूपमा भन्नुपर्दा अमेरिका चीनको प्रविधि महत्त्वाकांक्षाबाट त्रस्त छ । चीन सरकारले आधिकारिक नीतिअन्तर्गत सन् २०३० सम्म एआई क्षेत्रमा विश्वभरमै उच्च स्थान प्राप्त गर्ने बताएको छ । चीनसँग लगातार बिग्रँदो सम्बन्धका कारण गत वर्ष अमेरिकाले चिप निर्यातमा प्रतिबन्ध लगाएको थियो । किनकि, एआई भाषा मोडललाई उत्कृष्ट रूप दिन चिनियाँ कम्पनीलाई चिपको आवश्यकता पर्छ ।

सेन्टर फर ए न्यु अमेरिका सेक्योरिटीका कार्यकारी उपाध्यक्ष एवं निर्देशक पल सार्रे अत्याधुनिक एआई सिस्टमका लागि ठूलो परिमाणमा हार्डवेयर अर्थात् विशेष चिप आवश्यक पर्ने बताउँछन् । उनका अनुसार यदि चीनले यस्ता खालका चिप नपाउने हो भने उसले उत्कृष्ट सिस्टम पनि विकास गर्न सक्दैन । यो अवस्थामा निचियाँ कम्पनीले अन्य कुनै उपाय खोज्न सक्छन् । जसले गर्दा घरेलु सेमिकन्डक्टर बजारमा लगानी बढ्न सक्छ । कारण, स्थानीय उत्पादक आफ्नै चिपलाई उत्कृष्ट बनाउन होडबाजी गरिरहेका छन् ।

ओपन सोर्सको फाइदा

अमेरिकाले अर्को एउटा छिद्र पनि बन्द गर्न सक्छ । त्यो के भने, अमेरिकी मेसिन लर्निङ प्लेटफर्म ओपन सोर्स (खुला स्रोत) हो । यसलाई सहजै नक्कल गरी परिवर्तन गर्न सकिन्छ । 'फोर ब्याटलग्राउन्ड्स : पावर इन द एज अफ आर्टिफिसियल इन्टेलिजेन्स'का लेखक पल सार्रेले प्रशिक्षित एआई मोडलमा छ भने त्यसका लागि उत्कृष्ट चिपको आवश्यक नरहेको बताएका छन् । यसकारण पनि अमेरिकाले चिप निर्यातमा लगाएको प्रतिबन्धको प्रभाव नपर्न पनि सक्छ ।



वास्तवमा ई-कमर्सको लोकप्रिय कम्पनी अलिबाबा र सोसल मिडिया प्लेटफर्म बायडुजस्ता कम्पनीले च्याटजिपिटीको चिनियाँ संस्करण अप्रिलमा सार्वजनिक गरेका छन् । यसअघि अमेरिकी कम्पनीले च्याटजिपिटी सार्वजनिक गरेको थियो ।

चीनका चुनौती

एआई क्षेत्रमा कब्जा जमाउनुअघि चीनले कैयौं अन्य बाधा-अड्चन पार गर्नुपर्ने हुन्छ । पछिल्ला दुई वर्षमा राष्ट्रपति सी जिनपिङले प्रविधि क्षेत्र (टेक्नोलोजी सेक्टर)माथि निगरानी बढाएका छन् । जसले गर्दा चिनियाँ अधिकारीहरू ज्यादा जोखिम उठाउन चाहेका छैनन् । त्यहाँको प्रविधि क्षेत्रमा एकपछि अर्को नयाँ नियम लागू गरिएको छ । तर, ती नियम निकै अस्पष्ट छन् । र, यसले उद्योगमा गहिरो आघात पुऱ्याएको छ ।

अमेरिकाको प्रतिबन्धप्रति चीनको सन्काहा प्रवृत्ति उसैका लागि दुःखदायी साबित हुने जानकारहरू बताउँछन् । ठूलो परिमाणमा डेटा हराइरहेको छ या धेरै विषय प्रयोग नगर्न प्रोग्रामिङ गरिएको छ भने एआई मोडलले आफ्नो पूर्ण सिकाइ क्षमता हासिल गर्न सक्नेछैनन् । साथै, चीनमा सेन्सर गरिने कन्टेन्टबारे सर्घै नियम परिवर्तन भइरहन्छ । आज जुन कन्टेन्ट प्रयोगको अनुमति छ, भोलि त्यसमाथि सरकारले प्रतिबन्ध लगाउन सक्छ । यसकारण, भोलि के हुन्छ भन्न सकिँदैन ।

प्रतिभा पलायन रोक्नु अनिवार्य

एआईमा आफ्नो लक्ष्य हासिल गर्न चीनमा पर्याप्त दक्ष श्रमिकको पनि अभाव छ । एआई क्षेत्रमा दक्ष जनशक्तिको टिम बनाउने प्रयासका बाबजुद प्रविधि क्षेत्रमा शीर्षस्तरका कर्मचारीलाई आफ्नो टिममा राखिरहनु उसका लागि एउटा ठूलो चुनौती हुन सक्छ । यस्ता दक्ष जनशक्तिको माग विश्वभरमै उच्च छ । यसकारण प्रतिभा पलायन चीनका लागि ठूलो समस्या बनेको छ । त्यहाँका उत्कृष्ट एआई वैज्ञानिक या विशेषज्ञ अर्कै देश जान्छन् । उनीहरू अध्ययन गर्न या पैसा कमाउन मात्रै विदेश जाँदैनन् । जान्छन् त, मनमौजी तरिकाले जीवन बाँच्न । जुन चीनमा सायदै सम्भव छ । यति हुँदा पनि चीन एआई प्रयोगशालामा पश्चिमा देशका उत्कृष्ट प्रयोगशालाभन्दा १८ महिना पछाडि छ । जबजब एआई प्रयोगको सन्दर्भ आउँछ, चीन यसमा सबभन्दा अगाडि छ ।

निष्फिक्री एआई प्रयोग गर्दै चीन

केही पश्चिमा देश र त्यहाँका मानिस सुरक्षाको दृष्टिकोणलाई मध्यनजर गर्दै एआई प्रयोगमा प्रतिबन्ध लगाउनुपर्ने बताउँछन् । तर, चीन भने यो प्रविधिको फाइदा उठाउन जोडतोडले लागिपरेको छ । चीनका लागि यो निरंकुश शासनका लागि स्वप्न-औजारजस्तो हो ।

लोकतान्त्रिक विश्वमा अमेरिका अगाडि बढ्नु जरुरी छ । तर, चीन अगाडि बढ्छ भने अमेरिकालाई राजनीतिक, आर्थिक र सैन्य रूपले निकै घाटा पुग्छ । जसरी पछिल्लो शताब्दीमा अमेरिकी संस्कृति र प्रविधि विश्वभर फैलिएको छ, त्यसैगरी एआईमाथिको चीनको प्रभुत्वले बाँकी विश्वलाई उसकै जस्तो बनाउनेछ ।

- एजेन्सी

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २१ असोज ०८०

इजरायलले फेरि माग्यो २३ सय नेपाली श्रमिक

औसतमा एक लाख ६५ हजार खर्च गरेर श्रमिकले मासिक न्यूनतम करिब दुई लाख पारिश्रमिक पाउँछन्

मुना कुँवर/नयाँ पत्रिका

इजरायलले दुई हजार तीन सय नेपाली श्रमिकको माग गरेको छ। यसअघि केयर गिभरका रूपमा एक हजार एक सय नेपाली श्रमिक गएर इजरायलमा काम गरिरहेका छन्।

इजरायलले सरकारीस्तरमै श्रमिक लैजाने सम्झौता छ। सोही सम्झौताअनुसार एक हजार तीन सय केयर गिभर र एक हजार कृषि श्रमिकका रूपमा लैजाने प्रस्ताव नेपालसमक्ष गरेको हो।

इजरायलले माग गरेको दुई हजार तीन सयमध्ये केयर गिभरका एक हजार तीन सय श्रमिक तत्काल नै पठाउन प्रक्रिया सुरु गर्न लागेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजीव पोखरेलले जानकारी दिए। माग भएका कामदार पठाउने विषयमा मन्त्रालय र इजरायलका अधिकारीबीच पहिलो चरणको वार्तासमेत सकिएको उनले बताए।

'दुई देशका अधिकारीबीचको वार्ता सकारात्मक रूपमा सम्पन्न भएको छ। अब तिहारलगत्तै केयर गिभरका लागि माग भएको एक हजार तीन सय श्रमिक इजरायल पठाउनका लागि आवश्यक प्रक्रिया सुरु गर्छौं,' पोखरेलले भने।

इजरायलमा विभिन्न देशबाट आपूर्ति गरिएका कामदारमध्ये रोजगारदाताहरू नेपाली श्रमिकबाट खुसी भएकाले माग थपिएको महाशाखा प्रमुख पोखरेलले बताए। 'नेपालीको स्वभाव र काम गर्ने तरिकाबाट इजरायली रोजगारदाता कम्पनी खुसी भएको पाइयो,' उनले भने।

मन्त्रालयले इजरायलको केयर गिभरको भर्ना प्रक्रिया यसपटक सहज बनाउने योजना बनाएको छ। आवेदक संख्या धेरै हुँदा भौतिक रूपमा परीक्षा धेरै कठिनाइ हुने गरेको मन्त्रालयको अनुभव छ। त्यसैले यसपटक भाषा परीक्षालाई सहज बनाउन अनलाइनमार्फत परीक्षा लिइने प्रोखरेलले बताए। 'यसअघिको भाषा परीक्षामा हामीलाई धेरै कठिन भयो। सबैको भौतिक उपस्थितिमा परीक्षा लिँदा धेरै समय खर्च गर्नुपऱ्यो। त्यसैले यसपटक सहज प्रक्रिया अपनाउनेछौं,' उनले भने।

दुई वर्षअघि इजरायलले पहिलोपटक एक हजार एक सय केयर गिभरको माग गरेको थियो। त्यतिखेर करिब १० हजारजनाले आवेदन दिएका थिए। आवेदन दिनेमध्येमा पाँच हजार चार सय ९९ पुरुष र चार हजार दुई सय महिला थिए। इजरायलले ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष कामदारको माग गरेको थियो। अवेदकमध्ये योग्य श्रमिकहरू विभिन्न चरण गरेर तीन महिनाअधिसम्म इजरायल पुगेका छन्।

सामान्य लागतमा आकर्षक कमाइ हुने भएकाले पछिल्लो समय इजरायलको रोजगारीमा आकर्षण बढ्दै गएको छ। इजरायल रोजगारीका लागि करिब एक लाख ६५ हजार लागत तोकिएको छ। यो खर्च श्रमिक आफैंले व्यहोर्नुपर्नेछ। जसमध्ये जहाज टिकटका लागि करिब एक लाख ४० हजार रुपैयाँ, पासपोर्ट खर्च पाँच हजार, अभिमुखीकरण तालिम र मेडिकलका लागि १० हजार रुपैयाँ तोकिएको छ। तर, जहाज टिकटको मूल्य तल-माथि हुँदा श्रमिकले सोहीअनुसार भुक्तानी गर्नुपर्नेछ। साथै, कल्याणकारी कोषमा दुईवर्षे भिसाका लागि एक हजार पाँच सय र तीनवर्षे भिसाका लागि दुई हजार पाँच सय लाग्नेछ। यसका साथै अब जाने नेपाली श्रमिकले सामाजिक सुरक्षा कोषका लागि दुई हजार रुपैयाँ पनि भुक्तानी गर्नुपर्नेछ। इजरायल रोजगारीमा जाने श्रमिकले मासिक १६ सय डलर अर्थात् करिब दुई लाख रुपैयाँ पारिश्रमिक पाउँछन्।

नेपाल र इजरायलबीच १४ असोज ०७७ मा श्रम सम्झौता भएको थियो। सम्झौताअनुसार पहिलो चरणमा केयर गिभरमा कामदार पठाइएको छ। इजरायल रोजगारीमा रोजगारदाता र श्रमिकबीच पहिलोपटक एक वर्षका लागि सम्झौता हुने गरेको छ। तर, रोजगारदाताले चाहेमा पाँच वर्षसम्मका लागि सम्झौता विस्तार गर्न सकिने सर्त राखिएको छ।

रोमानियासँग श्रम सम्झौता

नयाँ पत्रिका



नेपाल र रोमानियाबीच श्रम सम्झौता भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र रोमानियाको श्रम तथा सामाजिक सुरक्षामन्त्री सिमोना बुकुरा ओप्रेस्कुले शुक्रबार द्विपक्षीय श्रम समझदारीपत्रमा हस्ताक्षर गरेका छन्।

युरोपेली मुलुक रोमानिया नेपाली श्रमिकका लागि आकर्षित र सुरक्षित श्रम गन्तव्य बन्न थालेको छ। श्रम बजारको फराकिलो सम्भावना रहेकाले नेपाल र रोमानियाबीचको कूटनीतिक सम्बन्ध कायम भएको ५५ वर्षपछि दुई देशबीच श्रम क्षेत्रमा समेत थप समझदारी कायम भएको हो। त्यहाँ जाने नेपाली कामदारले रोमानियाका नागरिकसरह सामाजिक सुरक्षाको उपभोग गर्न पाउने व्यवस्था रहेको छ।

प्रतिनिधि मण्डलबीचको द्विपक्षीय वार्ताका क्रममा नेपालमा छिट्टै रोमानियाका लागि दूतावास स्थापना गरी आप्रवासी कामदारको माग प्रमाणीकरण, प्रवेशाज्ञा जारी गर्न लाग्ने गरेको लामो समयावधि तथा श्रम स्वीकृति कार्यलाई थप सरलीकरण गर्ने, रोमानियामा नेपाली श्रमिकका लागि सम्भावित सीपयुक्त श्रम बजारको पहिचान गर्नुका साथै महिला श्रमिकलाई समेत लक्षित गरी सुरक्षित वैदेशिक रोजगारलाई संयोजन गर्नेलगायतका पक्षमा सहमति भएको छ।

कृषि श्रमिक पठाउने टुंगो छैन

इजरायलले कृषि श्रमिकका लागि माग गरेको एक हजार श्रमिक पठाउने विषयमा भने श्रम मन्त्रालय टुंगोमा पुगेको छैन। कृषि श्रमिक पहिलोपटक माग भएको र केयर गिभरको जस्तो सामाजिक सुरक्षाको ग्यारेन्टी नभएकाले श्रम मन्त्रालयले एक समिति निर्माण गरी अध्ययनसमेत गरेको छ। इजरायलमा नेपाली श्रमिक कृषि क्षेत्रका लागि पठाउनु उपयुक्त हुन्छ वा हुन्न भन्ने विषयमा अध्ययन भएको पोखरेलले बताए। अध्ययनपछि श्रम मन्त्रालय र इजरायल सरकारबीच एकपटक छलफलसमेत भएको थियो। तर, यस विषयको टुंगो भने लागिसकेको छैन।

कृषि क्षेत्रका लागि आवश्यक श्रमिकको मापदण्डका विषयमा इजरायलले औपचारिक रूपमा नबोलेको श्रम मन्त्रालयले जनाएको छ।

केयर गिभरको योग्यता

इजरायल जान चाहने नेपाली श्रमिकले कम्तीमा १२ कक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको निर्देशिकाअनुसार इजरायल जान चाहने कामदारले सरकारबाट मान्यताप्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभरसम्बन्धी कम्तीमा तीन महिनाको तालिमसमेत लिएको हुनुपर्नेछ।

त्यस्तै, कम्तीमा १० कक्षा उत्तीर्ण गरी अनमी वा सिएमएसम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गर्नेलेसमेत इजरायलमा केयर गिभरका लागि काम गर्न आवेदन दिन सक्ने निर्देशिकामा उल्लेख छ। कामदार २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। कम्तीमा १ दशमलव ५ मिटर उचाइ र ४५ किलोग्राम तौल भएको हुनुपर्नेछ।

एकपटक इजरायल गई काम गरेको कामदार दोस्रोपटक जानका लागि भने योग्य हुनेछैन। साथै बाबु, आमा, पति, पत्नी, छोरा वा छोरी इजरायलमा बसोवास गरेको वा कार्यरत रहेको कामदारले पनि इजरायलका लागि आवेदन दिन पाउनेछैन।

श्रमिकका सन्ततिलाई 'कमाउँदै पढ्दै, पढ्दै कमाउँदै' कार्यक्रम

नयाँ पत्रिका

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'कमाउँदै पढ्दै, पढ्दै कमाउँदै' कार्यक्रम सञ्चालन गर्ने भएको छ।

यो कार्यक्रम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट यसअघिबाटै सञ्चालनमा ल्याइएको छ। अब श्रम मन्त्रालयले पनि वैदेशिक रोजगारीमा गएका श्रमिकका छोराछोरीका लागि यस्तो कार्यक्रम सञ्चालन गर्ने भएको हो।

वैदेशिक रोजगार बोर्डमार्फत उच्च माध्यमिक विद्यालय तहमा अध्ययनरत श्रमिकका छोराछोरीलाई 'कमाउँदै पढ्दै' र माध्यमिक तहका विद्यार्थीलाई 'पढ्दै कमाउँदै' कार्यक्रम सञ्चालन गरिने बोर्डका निर्देशक राजन पौडेलले बताए।

वैदेशिक रोजगारीमा गएका श्रमिकले गरेको योगदानबापत सरकारले यस्तो कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको उनले बताए। श्रममन्त्री शरतसिंह भण्डारीले यस कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको उनको भनाइ छ। 'श्रमिकका सन्ततिले पनि वैदेशिक रोजगारीमा जानुनपरोस् भनेर पनि यो कार्यक्रम सञ्चालन गर्न खोजिएको हो। १२ कक्षापछि धेरै युवाहरू वैदेशिक रोजगारीमा जाने योजना बनाउँछन्। तर, विद्यालयस्तरमा नै शिक्षाको साथमा सीप पनि दिइयो भने मुलुकभित्रै बस्ने वातावरण बन्नेछ,' उनले भने। वैदेशिक रोजगारीमा गएका श्रमिकका छोराछोरीमध्ये इच्छुक मात्रै यो कार्यक्रममा समावेश हुन सक्नेछन्। बोर्डले यो कार्यक्रम लागू गर्न सम्बन्धित विद्यालयसँग सम्झौता गर्नेछ। सम्झौताबमोजिम बोर्डले इच्छुक विद्यार्थीका लागि विभिन्न किसिमका तालिम र बिउ पुँजी उपलब्ध गराउनेछ।

श्रमिकका परिवारको सबलीकरणमा सात करोड विनियोजन


वैदेशिक रोजगार बोर्डले चालू आर्थिक वर्ष ०८०/८१ मा वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकका परिवारको सबलीकरणका लागि सात करोड विनियोजन गरेको छ। चालू आवमा बोर्डले विभिन्न तीन प्रकारका कार्यक्रम सञ्चालन गर्नेछ। कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यलाई समेट्ने गरी सामुदायिक विद्यालयबाट पढाइ छाडेका सीमान्तकृत युवाहरूलाई सीपमूलक तालिम सञ्चालन गर्ने भएको छ। यसका लागि बोर्डले एक करोड ५० लाख विनियोजन गरेको छ।

कार्यविधि निर्माण गरिँदै

वैदेशिक रोजगारी बोर्डले श्रमिकका सन्ततिका लागि पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गर्ने कार्यविधि निर्माणका लागि एक विज्ञ समूह गठन गरेको छ। सो समूहले कार्यविधि निर्माणको प्रक्रिया अगाडि बढाइसकेको बोर्डका निर्देशक राजन पौडेलले बताए। कार्यविधि निर्माण कार्य सम्पन्न भएपछि कार्यक्रम सञ्चालन गरिने उनले स्पष्ट पारे।

श्रमिकका सन्ततिलाई समेटिनेछ

■ **राजन पौडेल**, निर्देशक, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड



श्रमिकका सन्ततिले पनि वैदेशिक रोजगारीमा जानुनपरोस् भनेर पनि यो कार्यक्रम सञ्चालन गर्न खोजिएको हो। १२ कक्षापछि धेरै युवाहरू वैदेशिक रोजगारीमा जाने योजना बनाउँछन्। तर, विद्यालयस्तरमा नै शिक्षाको साथमा सीप पनि दिइयो भने मुलुकभित्रै बस्ने वातावरण बन्नेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

यो कार्यक्रम बोर्डले स्थानीय निकायसँगको सहकार्यमा सञ्चालन गर्नेछ।

त्यस्तै, बोर्डले 'पढ्दै कमाउँदै' कार्यक्रम सञ्चालनका लागि पाँच करोड विनियोजन गरेको छ। वैदेशिक रोजगारीमा गएका श्रमिकका सन्तति जो १० कक्षासम्म अध्ययनरत छन्, उनीहरू यो कार्यक्रममा सहभागी हुन पाउनेछन्। यो कार्यक्रममा सहभागी हुने विद्यार्थीले पढाइलाई प्राथमिकता दिनुपर्नेछ। बाँकी रहेको समयमा इच्छाअनुसारको सीप सिक्न पाउनेछन्।

त्यस्तै, ११ र १२ कक्षा पढ्दै गरेका विद्यार्थीका लागि भने बोर्डले वित्तीय साक्षरता र उद्यमशीलतासम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ। यसका लागि बोर्डले ४० लाख विनियोजन गरेको छ। वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकका सन्तति यस कार्यक्रममा सहभागी हुन सक्नेछन्।

त्यस्तै, बोर्डले चालू आवदेखि नेपाली श्रमिकहरू रहेको मुलुकमा स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गर्ने भएको छ। पहिलो चरणमा धेरै नेपाली श्रमिक भएका मुलुकमा शिविर सञ्चालन गर्ने योजना बनाएको छ। बोर्डले सुरुमा जनरल फिजिसियनद्वारा शिविर सञ्चालन गर्नेछ। चिकित्सकहरू नेपालबाट नै पठाउने वा सम्बन्धित मुलुकमा नै भएका चिकित्सकलाई नियुक्त गरी शिविर सञ्चालन गर्ने विषयमा छलफल गरिरहेको छ।

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक स्वास्थ्य समस्याबाट गुज्रनुपर्ने अवस्थालाई अन्त्य गर्न बोर्डले यस्तो कार्यक्रम सञ्चालन गरेको हो। हाल बोर्डले टेलिमेडिसिन सेवा सञ्चालन गरेको छ। यो सेवाका लागि बोर्डले वीर हस्पिटलसँग सम्झौता गरेको छ। हस्पिटलले उपलब्ध गराएको नम्बरमा सीधै सम्पर्क गरी गन्तव्य मुलुकमा रहेको श्रमिकले आफ्ना समस्या राख्न सक्छन्। हाल खाडी, मलेसियालगायत युरोपमा रहेका नेपाली श्रमिकले पनि टेलिमेडिसन सेवा लिएको बोर्डको तथ्यांक छ।

शरद्मा हिमाल चढ्न चार सय ३६ आरोहीलाई अनुमति



अन्नपूर्ण हिमशृंखला। फाइल तस्बिर

नयाँ पत्रिका

यस वर्षको शरद्कालीन सिजनको हिमाल आरोहण सुरु भइसकेको छ। यस सिजनमा हिमाल आरोहणका लागि अहिलेसम्म नेपालसहित ५१ देशका चार सय ३६ जनाले पर्यटन विभागबाट अनुमति लिएका छन्। हालै फोटो पत्रकार पूर्णिमा श्रेष्ठले विनाअक्सिजन मनास्लु (८,१६३ मि.) हिमालको सफल आरोहण गरिसकेकी छिन्।

आरोहण खुला गरिएकामध्ये २९ सेप्टेम्बरसम्म २६ हिमाल आरोहणका लागि अनुमति लिएको पर्यटन विभागले जनाएको छ। जसमध्ये सबैभन्दा धेरै तीन सय एक आरोहीले मनास्लु (८,१६३ मि.) हिमाल आरोहणका लागि अनुमति लिएको देखिन्छ। वसन्तकालीन सिजनमा सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने आरोही सबैभन्दा धेरै हुन्छन्, तर शरद् ऋतुमा सगरमाथा आरोहण गर्न अलि कठिन मानिन्छ। यस सिजनका लागि हिमाल आरोहणको अनुमति लिनेमा ९४ जना महिला आरोही रहेका छन्।

अहिलेसम्म हिमाल आरोहणको अनुमति लिनेमा सबैभन्दा धेरै ६७ चिनियाँ आरोही रहेका छन्। रसियाली र अमेरिकी समान ३६-३६ आरोहीले आरोहणको अनुमति लिएको देखिन्छ। हिमाल आरोहणको अनुमति लिनेमा अस्ट्रेलियाली १०, क्यानाडेली १४, डेनमार्कका १५, फ्रान्सेली २५, जर्मन २०, भारतीय २४, इरानी १३, जापानी २८, पोल्यान्डका ११, स्पेनका २०, स्विट्जरल्यान्डका १४ र बेलायती २२ आरोहीले अनुमति लिएको पर्यटन विभागले जनाएको छ।

पर्यटन विभागका अनुसार रक्षा उराइ हिमाल आरोहण गर्न चारजना, पुथा हिउँचुली पाँचजना, कुम्भकर्ण पाँचजना, हिमलुङ १४ जना, निमजुङ दुईजना, मकालु फस्ट चारजना, थापा पिक दुईजना, अन्नपूर्ण फोर्थ चारजना, धौलागिरि फस्ट २३ जना, पुमोरी पाँचजना, लिङट्रेन पाँच, वरुण त्से आरोहणका लागि आठजना आरोहीले अनुमति लिएका छन्। यस्तै, ड्रोमो हिमाल आरोहण गर्न दुईजना, आमादब्लम चढ्न १० जना, क्याबुरा तीनजना, अनिदेश चुली चारजना, सरिबुङ एकजना, चोयु पाँचजना, फुर्वी च्याचु तीनजना, चोवुजे दुईजना, टुकुचे पिक आठजना, खायाङ ६ जना, चण्डी हिमाल चारजना, हुन्कु चुली दुईजना र सुर्मा सरोवर नर्थ आरोहणका लागि चारजनाले अनुमति लिएका छन्।

नेपालमा हिमाल आरोहण गर्नका लागि शरद् र वसन्त ऋतु सबैभन्दा उपयुक्त मानिन्छ। अरू समयमा हिमाल आरोहण बन्द नै हुन्छ। साथै, ट्रेकिङका लागि पनि शरद् र वसन्त ऋतु नै उपयुक्त हो। यस मौसममा हिमाली भेगमा ट्रेकिङ जाने स्वदेशी तथा विदेशी पर्यटकको भिड नै लाग्ने गर्छ।

उद्योगको फोहोर पानी शुद्धीकरणका लागि प्रविधि जडान गरिँदै

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरको एक चिनी मिलले उद्योगबाट निस्किने फोहोर पानी शुद्धीकरणका लागि प्रविधि जडान गरेको छ। पुनर्वास नगरपालिका-२, दशरथ बस्तीमा रहेको भागेश्वर सुगर एन्ड केमिकल प्रालिले उद्योगबाट निस्किने फोहोर पानी शुद्ध बनाउन लागेको हो। गत साउनमा सिमरी नदीमा आएको बाढीमा उद्योगले केमिकलयुक्त पानी बगाएका कारण धान र उखुखेती नष्ट भएको किसानले आरोप लगाएपछि उद्योगले आधुनिक प्रविधिबाट पानी शुद्धीकरण गर्ने भएको हो।

भागेश्वर सुगर एन्ड केमिकल प्रालिका अधिकृत डम्बरबहादुर खडकाले उद्योगबाट निस्किने पानी प्रशोधनका लागि प्लान्ट जडान भइरहेको बताए। 'पहिले पनि हामीले उद्योगबाट पानी प्रशोधन गर्दै आएका थियौं,' उनले भने, 'उद्योगबाट निस्किएको पानीले स्थानीय किसानले उद्योगलाई आरोप लगाउन थालेपछि आधुनिक प्लान्ट जडान गरिरहेका छौं।' प्लान्ट निर्माण भएसँगै उद्योगबाट निस्किएको फोहोरो वर्गीकरण गरेर बाहिर निस्किने पानी सिँचाई गर्न सकिने अधिकृत खड्काले बताए। 'हामीसँग पहिला पनि थियो, तर अहिले हामीले आधुनिक प्रविधियुक्त जडान गरेका छौं, 'उनले भने, 'अब यो पानीबाट सिँचाइ गर्दा पनि हुन्छ।' उनले उद्योगबाट कुनै पनि नदीमा केमिकलयुक्त पदार्थ नबगाएको बताए।

भागेश्वर सुगर एन्ड केमिकल प्रालिका महाप्रबन्धक द्वारिकानाथ पाण्डेयले उद्योगबाट निस्किएको पानीका कारण अन्नबाली नष्ट नभएको जिकिर गरे। उनले उद्योगबाट निस्किने फोहोरपानीको परिमाणभन्दा तलै रिपोर्ट आएको बताए।

उनले बिओडी र सिओडीको तोकिएको मापदण्डभित्रै पानी परीक्षणको रिपोर्ट आएकाले उद्योगकै कारण अन्नबाली नष्ट नभएको र लेदोका कारण अन्नबाली नष्ट भएको दाबी गरेका छन्।

'अर्थतन्त्र सुधार्न ढिलो नगरौं'

काठमाडौं/ नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्र सुधारका लागि ढिलो गर्न नहुने बताएका छन्। केही समयअगाडि विदेशी मुद्रा सञ्चितिमा परेको दबाबका कारण चालिएको कदम र आवश्यकताभन्दा बढी उपचार गर्दा अर्थतन्त्र अहिलेको शिथिल अवस्थामा आइपुगेको बताउँदै अग्रवालले तत्कालै देखिने गरी सुधार थाल्नुपर्ने बताएका हुन्।

उद्योग परिसंघको बागमती प्रदेश समितिको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनमा बोल्दै अध्यक्ष अग्रवालले ढिलो गरी गरिने उपचारले समाधान नदिन सक्नेतर्फ ध्यान दिन सरकार र नियामक निकायलाई अनुरोध गरेका थिए। गम्भीर अवस्थामा रहेको अर्थतन्त्र सुधारका लागि सरकार, राजनीतिक दल, कर्मचारीतन्त्र, नियामक निकाय सबैले उच्च प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो।

'हामीले यस्तो विषम आर्थिक चुनौतीको समयमा पनि अर्थतन्त्र सुधारभन्दा राजनीतिक मुद्दाहरूमा नै ध्यानकेन्द्रित गर्ने हो भने आर्थिक हिसाबले मुलुक निकै अप्ठ्यारो अवस्थामा पुग्ने निश्चित छ,' उनले भने, 'त्यसपछि सुधारको प्रयास गर्दा पनि सुधार हुन निकै समय लाग्ने र त्यसवेलासम्म अन्य क्षेत्रलाई समेत नराम्रोसँग प्रभावित पार्न सक्छ।'

चक्रपथमा द्रुत गतिका सार्वजनिक बस नचल्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

काठमाडौं उपत्यकाको २७.३० किलोमिटर लामो भित्री चक्रपथ (रिङरोड)मा द्रुत गतिको बिजुली बस परिवहन (इबिआरटी) आयोजना बनाउने योजनाबाट सरकार पछि हटेको छ। गत ३ असोजबाट रत्नपार्क-सूर्यविनायक-रत्नपार्क रुटमा द्रुत गतिको बस सेवा (बिआरटी) सुरु गरेको सरकारले चक्रपथमा इबिआरटी बनाउने योजना भने तत्काललाई स्थगित गरेको हो।

त्यसका लागि चक्रपथमा इबिआरटी आयोजनाको सम्भाव्यता अध्ययन गर्नका लागि आह्वान गरिएको ग्लोबल टेन्डर पनि रद्द गरिएको छ। लगानी बोर्डले चक्रपथ इबिआरटीको अध्ययन गर्न पहिलोपटक २० कात्तिकदेखि २६ मंसिरसम्म ग्लोबल टेन्डर आह्वान गरेको थियो। तर, त्यसमा प्रस्ताव दिएका १३ कम्पनीको मूल्यांकन भइरहेका वेला उक्त टेन्डर रद्द गरेर २२ माघदेखि ५ चैतसम्ममा अर्को टेन्डर आह्वान गरिएको थियो। तर, बोर्डले उक्त टेन्डर पनि गत २ साउनमै रद्द गरिसकेको छ। त्यसपछि बोर्डले यसबारे थप प्रक्रिया अघि बढाएको छैन।

सरकारले आर्थिक वर्ष ०७१/७२ को बजेटमै काठमाडौं उपत्यकाको सार्वजनिक यातायात व्यवस्थित गर्न धेरै यात्रु अट्ने बिआरटी योजना घोषणा गरेको थियो। त्यसपछि ०७५ मा लगानी बोर्डले यसलाई इबिआरटीको मोडेलमा निर्माण गर्ने प्रक्रिया अघि बढाएको थियो। बोर्डले रिङरोडमा द्रुत गतिको बिजुली बस सञ्चालन गर्न तत्काललाई योजना स्थगित गरिएको छ

■ **अमृत लम्साल**, प्रवक्ता, लगानी बोर्ड नेपाल



तत्काललाई चक्रपथमा इबिआरटी बनाउने योजना स्थगित गरिएको छ। चक्रपथमा मेट्रोरेल बनाउनेलगायतका सरकारी योजना पनि छन्। साथै, इबिआरटीका लागि पर्याप्त ठाउँ पनि नपुग्नेजस्तो देखियो। त्यसैले तत्काललाई चक्रपथमा इबिआरटी बनाउने योजना स्थगित गरिएको छ। अहिले यसबारे केही काम भएको छैन।

०१९ (०७५/७६) मै पूर्वसम्भाव्यता अध्ययन गरिसकेको थियो। त्यसले चक्रपथमा इबिआरटी सञ्चालन गर्न सम्भव देखाएको थियो। ०१९ मा सम्पन्न लगानी सम्मेलनमा यो आयोजना निर्माण र सञ्चालन गर्न चारवटा लगानी प्रस्तावसमेत आएका थिए। सोहीअनुसार पूर्ण सम्भाव्यताका लागि टेन्डर पनि आह्वान गरिएको थियो। तर, अहिले सरकार एकाएक चक्रपथमा इबिआरटी बनाउने निर्णयबाट पछि हटेको छ।

बोर्डका प्रवक्ता अमृत लम्सालले पनि तत्काललाई चक्रपथमा इबिआरटी बनाउने योजना स्थगित गरेको बताए। 'चक्रपथमा मेट्रोरेल बनाउनेलगायतका सरकारी योजना पनि छन्। साथै, इबिआरटीका लागि पर्याप्त ठाउँ पनि नपुग्नेजस्तो देखियो,' उनले भने, 'त्यसैले तत्काललाई चक्रपथमा इबिआरटी बनाउने योजना स्थगित गरिएको छ। अहिले यसबारे केही काम भएको छैन।' यद्यपि, पछि सरकारले निर्देशन दिएको अवस्थामा यो आयोजना अघि बढ्न सक्ने बोर्डका एक अधिकारीले बताए।

अध्ययन गर्न आधारभूत तथ्यांकै पाइएन

मेट्रोरेललगायतका प्राविधिक कारण देखाउँदै बोर्डले तत्काललाई उक्त आयोजना बनाउने योजना स्थगित गरेको छ। तर, बोर्डले यस आयोजनाबारे अध्ययन गर्न आधारभूत तथ्यांकसमेत नपाएको स्रोतको भनाइ छ। त्यसले गर्दा यसबारे अहिले कुनै काम हुन नसकेको उनले बताए।

बोर्डले उक्त आयोजना निजी-सार्वजनिक साझेदारी (पिपिपी) मोडेलमा बनाउन खोजेको थियो। त्यसका लागि निजी क्षेत्रलाई लगानीको प्रतिफल ग्यारेन्टी हुनुपर्छ। अध्ययन अर्थात् विस्तृत आयोजना प्रतिवेदन (डिपिआर)ले नै प्रतिफलको ग्यारेन्टी गरेको हुनुपर्छ। जसलाई त्यहाँ आवतजावत गर्ने यात्रुको संख्याले सुनिश्चित गर्छ। तर, चक्रपथको कुन रुट (खण्ड)मा कति यात्रु हुन्छन् भन्नेबारे तथ्यांक पाउन नसकेको स्रोतको भनाइ छ। त्यसले गर्दा यसको सम्भाव्यता अध्ययन नै हुन नसकेको हो। 'चक्रपथमा इबिआरटी भने चाहिन्छ नै। सोहीअनुसार हामीले पिपिपी मोडेलमा यसको निर्माण गर्ने भनेका थियौं। त्यसअनुसार यसमा लगानीकर्तालाई लगानी प्रतिफलको ग्यारेन्टी हुनुपर्छ। लगानीको ग्यारेन्टी देखाउने मुख्य आधार नै यात्रु हुन्। तर, चक्रपथमा कति यात्रु आवतजावत गर्छन् भन्नेबारे विश्वसनीय तथ्यांक नै पाइएन,' उनले भने, 'त्यस्तो तथ्यांक पाउन सकेको भए, त्यसकै आधारमा आयोजनाबाट कति प्रतिफल पाउन सकिन्छ भनेर अनुमान गर्न सकिन्थ्यो। र, त्यसकै आधारमा यसमा निजी क्षेत्रलाई आकर्षित गर्न सकिन्थ्यो। तर, त्यस्तो तथ्यांक पाइएन। त्यसैले तत्काललाई यो स्थगित गरिएको हो।'

विनातथ्यांक अध्ययन गर्दा निकट भविष्यमा लगानीकर्ताबाट भियाबिलिटी ग्याप फन्डिङ (भिजिएफ) माग हुने जोखिम रहेको स्रोतको भनाइ छ। जुन सरकारले दिन नसक्ने पनि उनले बताए। 'राम्रोसँग अध्ययन नगरी आयोजना बनाउँदा भविष्यमा विभिन्न समस्या आउन सक्छन्। यदि, भविष्यमा यो आयोजना फाइनान्सियल भायबल देखिएन भने लगानीकर्ताबाट भिजिएफको माग हुन सक्छ, जुन भिजिएफ हामी दिन सक्दैनौं,' उनले भने, 'त्यसैले तत्काललाई यो आयोजना बनाउने योजना स्थगित गरिएको छ। तर, भविष्यमा यो अघि बढ्न पनि सक्छ।' यद्यपि, बोर्डले यसअघि ०१९ मा गरेको पूर्वसम्भाव्यता अध्ययनमा यसमा दैनिक बढीमा दुई लाख ४० हजार यात्रुले सेवा लिन सक्ने बताइएको थियो। न्यूनतम भने एक लाख ५४ हजार यात्रु पाइने पूर्वसम्भाव्यता अध्ययनमा उल्लेख छ। ०२९ सम्म भने दैनिक अधिकतम तीन लाख आठ हजार र न्यूनतम एक लाख ७० हजार यात्रु हुने बोर्डको अनुमान थियो। तर, अहिले यसबारे विश्वसनीय तथ्यांक पाउन नसकेको स्रोतको भनाइ छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं. १)

ऋणीको विवरण

१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १०२३३/१०५३, स्थानिय अन्तर्गत मिति २०७७/०९/१२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ४ स्थित **गौतम बस्त्रालय**

प्रोप्राइटर तथा जमानीकर्ता: सुमित्रा साह कानु
स्थायी ठेगाना : बारा जिल्ला, महेन्द्र आर्दश गा.वि.स. वडा नं. १
हालको ठेगाना : बारा जिल्ला, आर्दश कोतवाल गा.पा. वडा नं. १
बाबु : काशी नारायण साह कानु
ससुरा : भोला साह कानु
पति : लक्ष्मी साह कानु

धितोको विवरण

१) हरि साह कानुकी छोरी, जोखु साह कानुकी बुहारी, भोला साह कानुकी पत्नी, बारा जिल्ला, भगवानपुर गाउँ पञ्चायत वडा नं. ८, स्थायी ठेगाना भई हाल बारा जिल्ला, आर्दश कोतवाल गा.पा. वडा नं. १ बस्ने अमी देवी कनुईनको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, जयनगर च्यूटाहा गा.वि.स. वडा नं. २/क (हाल आर्दश कोतवाल गा.पा. वडा नं. १) स्थित कित्ता नं. ११८३ र ११८७ को क्षेत्रफल क्रमश: ०-३-३, र ०-०-१८-८ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) जोखु साह कानुको नाती, भोला साह कानुको छोरा, बारा जिल्ला, महेन्द्र आर्दश गा.वि.स. वडा नं. १, स्थायी ठेगाना भई हाल बारा जिल्ला, आर्दश कोतवाल गा.पा. वडा नं. १ बस्ने सुजय प्रसाद गुप्ताको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, जयनगर च्यूटाहा गा.वि.स. वडा नं. २/क (हाल आर्दश कोतवाल गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३५७ र ११९७ को क्षेत्रफल क्रमश: ०-५-४, र ०-०-१२-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) गौतम बस्त्रालयको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) असमिता कुमारी हालको ठेगाना: बारा जिल्ला, आर्दश कोतवाल गा.पा. वडा नं. १ बाबु : काशी नारायण साह कानु ससुरा : भोला साह कानु पति : सुजय प्रसाद गुप्ता	**२) सुजय प्रसाद गुप्ता** स्थायी ठेगाना : बारा जिल्ला, महेन्द्र आर्दश गा.वि.स. वडा नं. १ हालको ठेगाना: बारा जिल्ला, आर्दश कोतवाल गा.पा. वडा नं. १ बाबु : भोला साह कानु बाजे : जोखु साह कानु	**३) लक्ष्मी साह कानु** स्थायी ठेगाना : बारा जिल्ला, महेन्द्र आर्दश गा.वि.स. वडा नं. १ हालको ठेगाना: बारा जिल्ला, आर्दश कोतवाल गा.पा. वडा नं. १ बाबु : भोला साह कानु	**४) अमी देवी कनुईन** स्थायी ठेगाना: बारा जिल्ला, भगवानपुर गाउँ पञ्चायत वडा नं. ८ हालको ठेगाना: बारा जिल्ला, आर्दश कोतवाल गा.पा. वडा नं. १ बाबु : हरि साह कानु ससुरा : जोखु साह कानु पति : भोला साह कानु

क्र.सं. २)

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वीरगंज, पर्सामा घ. तथा सा. उ. का. प्रा. फ. पर्सा नं. : ४००८/०६४/०६५ अन्तर्गत मिति २०६५/०१/२५ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ स्थित **तरुन प्लाष्टिक उद्योग**

तैरुन नेशा हजामिन: प्रोप्राईटर तथा जमानीकर्ता (क्रेडिट कार्ड कर्जा समेत)
स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २
हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २
बाबु : दिसिमदार मियाँ हजाम
ससुरा : हफिज मिया हजाम
पति : ग्यासोदिन मिया हजाम

धितोको विवरण

१) नथुनी मिया हजामको नाती, हफिज मिया हजामको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २ बस्ने ग्यासो दिन मिया हजामको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. २ (हाल वीरगंज म.न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०००८८.८८ (व.मी)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) मोताव मिया ह.की छोरी, नथुनी मिया हजामकी बुहारी, हफिज मिया हजामकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २ बस्ने तेतर हजामिनको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. २ (हाल वीरगंज म.न.पा. वडा नं. २) स्थित कित्ता नं. २४ र १८३ को क्षेत्रफल क्रमश: ०००१९.९० र ०००५१.६ (व.मी)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) दिसिमदार मियाँ हजामकी छोरी, हफिज मिया हजमकी बुहारी, ग्यासो दिन मिया हजामकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २ बस्ने तैरुन नेसा हजामिनको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. २ (हाल वीरगंज म.न.पा. वडा नं. २) स्थित कित्ता नं. ८१ र ८८ को क्षेत्रफल क्रमश : ००३३८.६३ र ००३५०.९७ (व.मी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४) तरुन प्लाष्टीक उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) ग्यासो दिन मिया हजाम स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २ बाबु : हफिज मिया हजाम बाजे : नथुनी मिया हजाम	**२) तेतर हजामिन** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २ बाबु : मोताव मिया ह. ससुरा : नथुनी मिया हजाम पति : हफिज मिया हजाम	**३) अब्दुल कौसर आलम** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म न.पा. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २ बाबु : ग्यासोदिन मिया हजाम बाजे : हफिज मिया हजाम	**४) अब्दुल कैश** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २ बाबु : ग्यासो दिन मिया हजाम बाजे : हफिज मिया हजाम

क्र.सं. ३)

ऋणीको विवरण

१) प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जनकपूरधाम, धनुषामा प्रा. फ.द.प्र.प.नं: ४२२९/८२/१५४/०५८/५९ अन्तर्गत मिति २०५८/१२/०७ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको धनुषा जिल्ला, भरतपूर गा.वि.स. वडा नं. २ स्थित, **न्यू पुजा स:मिल** **प्रोप्राईटर तथा जमानीकर्ता: पवन कुमार मण्डल** स्थायी ठेगाना: धनुषा जिल्ला, औरही गा.वि.स. वडा नं. ८ हालको ठेगाना: धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६, ढल्केवर बाबु : राम दयाल मण्डल बाजे : वासुदेव मण्डल केवट	**२) पवन कुमार मण्डल** स्थायी ठेगाना : धनुषा जिल्ला, औरही गा.वि.स. वडा नं. ८ हालको ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६, ढल्केवर बाबु : राम दयाल मण्डल बाजे : वासुदेव मण्डल केवट

धितोको विवरण

१) वासुदेव मण्डलको नाती, राम दयाल मण्डलको छोरा, धनुषा जिल्ला, औरही गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६, ढल्केवर बस्ने पवन कुमार मण्डलको नाममा मालपोत कार्यालय जनकपूरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. १९२४ को क्षेत्रफल ०-०-९-३-१२ (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) न्यू पुजा स:मिलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) किरण देवी स्थायी ठेगाना : धनुषा जिल्ला, औरही गा.वि.स. वडा नं. ४ हालको ठेगाना: धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६, ढल्केवर बाबु : लटु मण्डल केवट ससुरा : राम दयाल मण्डल केवट पति : पवन कुमार मण्डल	२) राम दयाल मण्डल केवट स्थायी ठेगाना : धनुषा जिल्ला, औरही गा.वि.स. वडा नं. ८ हालको ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६, ढल्केवर बाबु : वासुदेव मंडल केवट बाजे : ठकन मण्डल केवट

क्र.सं. ४)

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेस्वर काठमाडौंको दर्ता नं. ११८१६३/०७०/०७१ अन्तर्गत मिति २०७०/०९/१७ गते कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १०, गणेश टोल स्थित **सौजन विजनेश सप्लायर्स प्रा.लि**

अध्यक्ष तथा जमानीकर्ता : सुदिन पौडेल क्षेत्री
ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५
बाबु : कृष्ण वहादुर पौडेल क्षेत्री
बाजे : डिल बहादुर पौडेल क्षेत्री

धितोको विवरण

१) उपेन्द्र वहादुर कवरकी छोरी, डिल बहादुर पौडेल क्षेत्रीकी बुहारी, कृष्ण वहादुर पौडेल क्षेत्रीकी पत्नि, लमजुङ जिल्ला, चन्द्रेश्वरी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. २ मा बस्ने सान्ता देवी पौडेलको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ३६४, ५६९ र १६० को क्षेत्रफल क्रमश: ०-१२-०-२, ०-१२-३-२ र २-०-०-० (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) सौजन विजनेश सप्लायर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सान्ता देवी पौडेल स्थायी ठेगाना : लमजुङ जिल्ला, चन्द्रेश्वरी गा.वि.स. वडा नं. ५ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. २ बाबु : उपेन्द्र वहादुर कवर ससुरा : डिल बहादुर पौडेल क्षेत्री पति : कृष्ण वहादुर पौडेल क्षेत्री	२) कृष्ण वहादुर पौडेल क्षेत्री ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. २ बाबु : डिल बहादुर पौडेल क्षेत्री बाजे : मनबिर पौडेल क्षेत्री	३) सोनिया पौडेल क्षेत्री स्थायी ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. २ बाबु : पुर्ण बहादुर थापा ससुरा : कृष्ण वहादुर पौडेल क्षेत्री पति : सुदिन पौडेल क्षेत्री

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लक्ष्मी र सन्राइज क्यापिटल गाभिने



काठमाडौं/ लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राइज क्यापिटल लिमिटेडबीच एक-आपसमा गाभ्ने-गाभिनेसम्बन्धी औपचारिक सम्झौता भएको छ। १८ असोजमा भएको समझदारीपत्रमा लक्ष्मी क्यापिटलका तर्फबाट अध्यक्ष सुमेद भट्टराई र सन्राइज क्यापिटल लिमिटेडका तर्फबाट अध्यक्ष अपछकुमार यादवले हस्ताक्षर गरेका छन्।

लक्ष्मी क्यापिटल मार्केटको मुख्य संस्था लक्ष्मी बैंक लिमिटेड २८ असार ०८० बाट सन्राइज बैंक लिमिटेडसँग गाभिएर लक्ष्मी सन्राइज बैंक लिमिटेड भई एकीकृत कारोबार प्रारम्भ भइसकेको छ। लक्ष्मी सन्राइज बैंकका दुई सहायक कम्पनीहरू लक्ष्मी क्यापिटल र सन्राइज क्यापिटलबाट मर्चेन्ट बैंकिङलगायत अन्य सेवाहरू छुट्टाछुट्टै रूपमा प्रवाह गरिरहेको अवस्थामा धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, ०६४ को दफा २९ (क) बमोजिम एकै प्रकृतिका कम्पनीहरू आवश्यक नभएको मध्यनजर गर्दै एक मात्र सहायक कम्पनी कायम गर्न लागेको हो। मर्जरपश्चात् कम्पनीको चुक्ता पुँजी ४८ करोड रुपैयाँ पुग्नेछ।

कामना सेवा र मल्पी कलेजबीच सम्झौता

काठमाडौं/ कामना सेवा विकास बैंकले मल्पी इन्टरनेसनल कलेजसँग शिक्षण शुल्क छुटसम्बन्धी सम्झौता गरेको छ। सम्झौताअन्तर्गत बैंकका कर्मचारी र कर्मचारी परिवारका सदस्यलाई चार वर्षको भर्ना र सेमेस्टर शिक्षण शुल्कमा २० प्रतिशत छुट र ग्राहकलाई भर्ना र सेमेस्टर शिक्षण शुल्कमा १५ प्रतिशत छुट दिइने भएको हो। बैंकसँग आबद्धताको प्रमाणका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिनेछ।

एनआरएनएको अध्यक्षमा डा. केसीको उम्मेदवारी

काठमाडौं/ गैरआवासीय नेपाली संघको अध्यक्षमा डा. बद्री केसीले उम्मेदवारी घोषणा गरेका छन्। नौबुँदे प्रतिबद्धतासहित केसीले ५० भन्दा बढी देशका प्रतिनिधिमाझ भर्चुअल कार्यक्रममार्फत उम्मेदवारी दिएका हुन्।



केसी केन्द्रीय कोषाध्यक्ष, दुई कार्यकाल महासचिव, उपाध्यक्ष हुँदै कार्यकारी अध्यक्ष भइसकेका छन्। कार्यकारी अध्यक्ष भएकैले मतदाताको नामावली प्रकाशन नभएसम्म उम्मेदवारी घोषणा नगरेको उनलेब बताए। 'कार्यकारी अध्यक्ष भएकाले मतदाताको नामावली प्रकाशन नभएसम्म उम्मेदवारी घोषणा गर्न नैतिकताले दिएन,' उम्मेदवारी घोषणा गर्दै डा. केसीले भने, 'अब विवादरहित स्वच्छ प्रतिस्पर्धाका आधारमा निर्वाचन हुनेछ।'

काठमाडौंको फर्पिङमा जन्मिएका डा. केसी अमृत साइन्स क्याम्पसमा अध्ययन गरेका उनी उच्च शिक्षा अध्ययनका लागि रुस प्रस्थान गरे। संस्थापक उपेन्द्र महतो, जीवा लामिछानेसँगै एनआरएनए अभियानमा जोडिएका हुन्।

अर्थतन्त्रको हितमा दिएका सुझाव पनि कार्यान्वयन हुँदैनन् : ढकाल

नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले दिने सुझाव निजी क्षेत्रको मात्र हितमा नभएर समग्र अर्थतन्त्रको हितमा रहने गरेको बताएका छन्। बुटवल उद्योग वाणिज्य संघको ७०औँ वार्षिक साधारणसभा उद्घाटन गर्दै उनले निजी क्षेत्रले समग्र व्यवसाय, अर्थतन्त्र र आमजनतालाई हित हुने गरी अनुभव र अनुसन्धानमा आधारित भएर सरकार तथा यसका निकायलाई सुझाव दिँदै आएको बताएका छन्।

'तर, सरकार र त्यसका निकायले ती सुझावलाई निजी क्षेत्रको व्यक्तिगत सुझावजस्तै ठान्ने गरेको र उपेक्षा गरी समाधानका लागि आवश्यक कदम नचालेको अनुभव निजी क्षेत्रले गरेको छ,' उनले भने, 'उत्पादन, रोजगारी, सरकारको राजस्वका साथै समाजका कतिपय कल्याणकारी कार्यसमेत निजी क्षेत्रले सञ्चालन गरेका व्यापार-व्यवसायकै सफलतामा निर्भर रहने भएकाले सरकारले निजी क्षेत्रका सुझाव तथा मागहरू गम्भीर रूपमा समीक्षा गरेर सम्बोधन गर्नुपर्छ।'

नेपाल उद्योग वाणिज्य महासंघलगायत निजी क्षेत्रका अन्य सरोकारवाला संस्थाहरूले बजेट तथा मौद्रिक नीतिमा व्यावहारिक सुझाव दिँदै आएका छन्। प्रत्येकपटक सरकार परिवर्तन हुँदा प्रधानमन्त्री, अर्थमन्त्री, उद्योगमन्त्रीलगायत विशिष्ट व्यक्तित्वसँग भेट गरी अर्थतन्त्रबारे जानकारी गराउने गरेका छन्। अध्यक्ष ढकालले भने, 'उहाँहरूलाई राष्ट्रिय अर्थतन्त्र, उद्योग-व्यवसाय तथा तिनका चुनौती र विकासका



लागि चाल्नुपर्ने कदमका लागि निजी क्षेत्रले व्यावहारिक सुझाव र संकटबाट जोगिन वा पार पाउनका लागि चाल्नुपर्ने समाधानका उपायसमेत दिँदै आएको छ। तर, सरकार तथा नियामक निकायले हाम्रा मागलाई गम्भीर रूपमा नलिँदा अर्थतन्त्र अहिलेको अवस्थामा आइपुग्यो।'

अध्यक्ष ढकालले समग्र अर्थतन्त्र कठिन मोडमा आइपुगेको औँल्याउँदै अब सरकार र निजी क्षेत्र एउटै मञ्चमा उभिनु आवश्यक रहेकाले बताए। निजी क्षेत्रको तर्फबाट महासंघले यही असोज २५ गते बृहत् राष्ट्रिय विमर्शको आयोजना गर्न लागेको पनि उनले जानकारी गराए। अर्थतन्त्रका सबै सरोकारवाला एक ठाउँमा आएर स्पष्ट रोडम्याप नबनाई संकटको समाधान नहुने महासंघले ठहर गरेको छ।

एनआइएमबि एस क्यापिटलले लगानीकर्ता सप्ताह आयोजना गर्ने

काठमाडौं/ 'विश्व लगानीकर्ता सप्ताह २०२३' को सन्दर्भमा सिराइचुली होटेल, चितवनमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको छ ।

विश्व लगानीकर्ता सप्ताह ०२३ एक हप्ता लामो, आइओएससिओद्वारा प्रवर्द्धन गरिएको विश्वव्यापी अभियान हो। जसले लगानीकर्ता शिक्षा र संरक्षणको महत्त्वबारे चेतना जगाउन धितोपत्र नियामकहरूको विभिन्न पहललाई केन्द्रीकृत गर्छ। नेपाल मर्चेन्ट बैंकर एसोसिएसनको पहलमा आयोजना भएको कार्यक्रममा नेपाल धितोपत्र बोर्डका प्रतिनिधि सानु खड्काको समेत उपस्थिति थियो। कार्यक्रमका मुख्य वक्ता एनआइएमबि एस क्यापिटलका महाप्रबन्धक सचिन्द्र ढुंगाना थिए भने कर्पोरेट एडभाइजरी विभाग प्रमुख भुवनराज पन्त र पिएमएस प्रमुख सृष्टि शाहले सञ्चालन गरेका थिए।

लगानीकर्ताको लचिलोपन, क्रिप्टो सम्पत्ति र दिगो वित्त कार्यक्रम यस अभियानको मुख्य विषयवस्तु हो। ठगी र घोटाला रोकथाम, लगानीको आधारभूत र प्रविधि र डिजिटल वित्त अन्य पूरक विषय वस्तु रहेका छन्।

कार्यक्रममा लगानीकर्ता सप्ताह २०२३ को मुख्य विषयवस्तुसँग नेपाली सेयर बजारका विभिन्न पक्षहरूको सम्बन्धबारे पनि छलफल गरिएको थियो। उक्त कार्यक्रममा स्मार्ट लगानीकर्ताका विशेषतासहित नेपाली लगानीकर्ताको व्यावहारिक पक्षबारे पनि छलफल गरिएको थियो।

गरिमा विकास बैंकको क्रेडिट कार्डमा इएमआई सेवा सुरु



काठमाडौं/ 'आज किन्नुहोस् र पछि तिर्नुहोस्' सिद्धान्तमा आधारित रहने क्रेडिट कार्ड सुविधा गरिमा विकास बैंकले सुरुवात गरिसकेको छ। यसलाई थप ग्राहकमैत्री विकास बैंकहरूमा नै पहिलोपटक क्रेडिट कार्डमा इएमआई अर्थात् किस्ताबन्दीको सुरुवात गरेको छ। यसअन्तर्गत बैंकले सम्झौता गरेका विक्रेतासँग सामान खरिद गरी गरिमा विकास बैंकको क्रेडिट कार्डबाट भुक्तानी गर्दा रकम एकैपटक नभई शून्य प्रतिशत ब्याजदरमा मासिक किस्ताका रूपमा तिर्न सकिनेछ। साथै, ग्राहक आफैँले पनि अरू कतैबाट सामान खरिद गरी गरिमा विकास बैंकमा भ्याट बिल पेस गरी यो सुविधा लिन चाहेमा पनि सजिलै लिन सकिनेछ। आउँदै गरेको बडादसैँ तथा तिहारमा सामान खरिद गर्न मन हुने, तर तुरुन्तै सबै रकम भुक्तानी गर्न असहज हुने ग्राहकले यो सुविधामार्फत लाभ उठाउन सक्ने बैंकले जनाएको छ।

नेपाल-भारत भेटेरिनरी सम्मेलन सम्पन्न

काठमाडौं/ नेपाल र भारतका भेटेरिनरी डाक्टरहरू सम्मिलित 'पहिलो संयुक्त अन्तर्राष्ट्रिय सम्मेलन' सम्पन्न भएको छ। सम्मेलनमा भारतका विभिन्न १४ राज्यबाट ८० भेटेरिनरी जनस्वास्थ्यविज्ञ र नेपालका ७० पशु चिकित्सक सम्मिलित थिए।

सो सम्मेलनको उद्घाटन गर्दै उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पशु चिकित्सकको प्राविधिक सहयोगले नेपालमा व्यावसायिक पशुपालनमा धेरै मद्दत मिलेको बताएका थिए।

भारतको एसोसिएसन अफ पब्लिक हेल्थ भेटेरिनरीयन्स तथा नेपालको भेटेरिनरी पब्लिक हेल्थ एसोसिएसनले संयुक्त रूपमा आयोजना गरेको सम्मेलनमा ७६ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। सो अवसरमा विश्व स्वास्थ्य संगठन नेपालबाट पनि जनस्वास्थ्यसम्बन्धी प्रस्तुतीकरण भएको थियो।

भेटेरिनरी पब्लिक हेल्थ एसोसिएसन नेपालका अध्यक्ष डा. मुकुल उपाध्यायको अध्यक्षतामा



भएको उक्त सम्मेलनमा भारतबाट एसोसिएसन अफ पब्लिक हेल्थ भेटेरिनरीयन्सका अध्यक्ष प्राध्यापक डा. एनआर प्रधान, महासचिव प्राध्यापक डा. तपनकुमार मण्डल, बिहार भेटेरिनरी कलेजका डिन डा. जयकिसन प्रसाद, पण्डित दिनदयाल उपाध्याय, विश्वविद्यालयका प्राध्यापक डा. रश्मि सिंहलगायतको उपस्थिति रहेको थियो।

उक्त अवसरमा भारतीय डा. नित्यानन्द पाठक र नेपालका स्वर्गीय डा. दुर्गादत्त जोशीलाई लाइफ टाइम एचिभमेन्ट अवार्ड प्रदान गरिएको थियो।

मर्चेन्ट बैंकर संघको आयोजनामा हाजिरी जवाफ प्रतियोगिता

काठमाडौं/ धितोपत्र बजार नियमन निकायको अन्तर्राष्ट्रिय संस्था इन्टरनेसनल अर्गनाइजेसन अफ सेक्युरिटिज कमिसनको आह्वानमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी सचेतना बढाउन अन्तरकलेज हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको छ। असोज १५ देखि २१ गतेसम्म विश्व लगानीकर्ता सप्ताह-२०२३ को अवसरमा 'लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम'अन्तर्गत नेपाल मर्चेन्ट बैंकर्स संघले अन्तरकलेज हाजिरी जवाफ प्रतियोगिता- २०२३ आयोजना गरेको हो। १९ असोजमा प्रथम चरणको छनोट कार्यक्रम सम्पन्न भएको छ।

परिसंघ र संयुक्त ट्रेड युनियनबीच समझदारी

काठमाडौं/ सुमधुर औद्योगिक सम्बन्ध अभिवृद्धिका लागि नेपाल उद्योग परिसंघ र संयुक्त ट्रेड युनियन समन्वय केन्द्रबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रमा परिसंघका तर्फबाट अध्यक्ष राजेशकुमार अग्रवाल र संयुक्त ट्रेड युनियनका तर्फबाट अध्यक्ष विनोद श्रेष्ठले हस्ताक्षर गरे।

समझदारीपत्रको मुख्य उद्देश्य रोजगारदाता र श्रमिकबीच असल श्रम सम्बन्धको विकास गर्दै लगानीको वातावरण निर्माण गरी मुलुकभित्र रोजगारीका थप अवसरहरू सिर्जना, जीवनस्तर विकास, उत्पादकत्व वृद्धि गर्दै मुलुकको समग्र आर्थिक विकासमा योगदान गर्नु रहेको छ। कार्यक्रममा परिसंघका अध्यक्ष अग्रवालले विश्व श्रम बजारको इतिहासमा श्रमिक र रोजगारदाताको विषय, सवाल, मुद्दामा आधिकारिक रूपमा सहकार्य भएको सम्भवतः पहिलो अभ्यास भएको बताए। यस प्रकारको सहकार्य तथा समझदारीले उत्पादन, सीप, रोजगारीका समस्या तथा चुनौतीलाई सम्बोधन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उनको विश्वास छ। 'श्रमिक र रोजगारदाताबीचको सौहार्दपूर्ण सम्बन्धबाट नै आर्थिक समृद्धि हासिल गर्न योगदान दिन सकिन्छ,' उनले भने, 'यो समझदारी विदेशी लगानीकर्ताका लागि समेत सुखद सन्देश बन्ने विश्वास छ।'

केन्द्रका अध्यक्ष श्रेष्ठले विगतमा रोजगारदाता र श्रमिकको सम्बन्ध 'बाघ र बाख्रा'जस्तो द्वन्द्वात्मक परिस्थितिको स्मरण गर्दै हाल रोजगारदाता र श्रमिकबीचको सम्बन्ध 'पानी र माछा'जस्तै भएको बताए। यो सम्बन्धलाई आत्मसात् गर्दा रोजगारदाता र श्रमिकबीच सौहार्दपूर्ण वातावरण तयार भएको र रोजगारदातासँग समझदारी गरेर अगाडि बढ्न सकिने चरणमा आइपुगेको उनको भनाइ थियो।

नौ नेपाली...

पृष्ठ १ बाट क्रमशः

उनले अनभिज्ञता जनाए । १४ नेपाली काम गरिरहेको एउटा कृषि फार्ममा शनिबार बिहान ग्रिनेड प्रहार भएको थियो । ती विद्यार्थीले नाम नछाप्न आग्रह गर्दै दिएको सूचनाअनुसार दाङ, सल्यान, गोरखा, कैलाली, कञ्चनपुर, दार्चुलाका विद्यार्थी घाइते भएका छन् । उनीहरू सबै नेपाल र इजरायलबीच भएको सम्झौताअनुसार कृषि कार्यका लागि त्यहाँ गएका हुन् । १४ नेपालीमध्ये पश्चिम, मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रका रहेको जानकारी नेपाली राजदूतावासले परराष्ट्रलाई दिएको छ । परराष्ट्र मन्त्रालयले शनिबार साँझ जारी गरेको विज्ञप्तिमा भनिएको छ, '१४ जना नेपाली काम गरिरहेको फार्ममा पनि आक्रमण भएको जानकारी पाएका छौँ । नौजना नेपाली घाइते भएको र दुईजनाको अवस्था गम्भीर रहेको जानकारी छ । थप विवरण आउन बाँकी छ । '

गैरआवासीय नेपाली संघका अनुसार इजरालयलमा करिब पाँच हजार नेपाली छन् । परराष्ट्र स्रोतका अनुसार किबुज भन्ने ठाउँको कृषि फार्ममा पनि नेपालीहरू छन्, जसलाई हमासले कब्जामा लिएको छ । घाइते भएका र अन्य नेपाली बंकरमा लुकेका छन् । परराष्ट्रका अनुसार इजरायलस्थित नेपाली दूतावासका अधिकारीहरू आक्रमण प्रभावित क्षेत्रमा बसोवास गर्ने नेपालीसँग निकट सम्पर्कमा छन् । घाइते भएका नेपालीको उपचार तथा त्यहाँ रहेका नेपालीको सुरक्षा र उद्धारका लागि पनि दूतावासले इजरायलका अधिकारीसँग सम्पर्क र समन्वय गरिरहेको छ ।

घटनाबारे शनिबार साँझ परराष्ट्रमन्त्री एनपी साउदले मन्त्रालयमा सम्बद्ध अधिकारीहरूको बैठक राखेर जानकारी लिएका छन् । परराष्ट्र मन्त्रालयले नेपालका लागि इजरायली राजदूत हनान गोदरसँग पनि त्यहाँ रहेका नेपालीका विषयमा चासो व्यक्त गरेको एक उच्च अधिकारीले जानकारी दिए । 'हमासको कब्जामा नेपाली मात्र होइनन् । इजरायली सबै रहेको पूरै क्षेत्र नै हमासको कब्जामा छ । नेपालीलाई परिस्थिति सहज नहुन्जेल बंकरमा सुरक्षित भएर बस्न भनेका छौँ,' परराष्ट्र मन्त्रालयका अधिकारीले बताए ।

सरकारले परिस्थितिलाई ध्यानमा राख्दै इजरायलमा रहेका नेपाली नागरिकलाई सतर्क रहन र सरकार तथा सम्बद्ध अधिकारीले निर्देशन दिएअनुसार सुरक्षा उपाय पालना गर्न अनुरोध गरेको छ ।

आक्रमणको निन्दा, इजरायलप्रति सहानुभूति

नेपाल सरकारले इजरायलमाथिको आतंककारी हमला भन्दै हमास हमलाको निन्दा गरेको छ । 'यस संकटको घडीमा इजरायल सरकारसँग हाम्रो ऐक्यबद्धता व्यक्त गर्दछौँ, नेपाल सरकार इजरायल सरकारका साथै यस क्रूर हमलाका पीडितहरू र उनीहरूका परिवारहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछ । उहाँहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ,' परराष्ट्रद्वारा जारी विज्ञप्तिमा भनिएको छ । शनिबार बिहानै प्यालेस्टाइनको हमास समूहले इजरायल नियन्त्रित गाजापट्टीमा आक्रमण गरेको थियो भने शनिबार दिनभरि जवाफी आक्रमण भएको थियो । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले युद्धको घोषणा गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

हमासको दाबी...

पृष्ठ १ बाट क्रमशः

त्यस्तै, उसका लडाकु बलियो तारजाली तोडेर इजरायली भूमि प्रवेश गरेका छन् । इजरायली सरकारले पनि हमासका लडाकु आफ्नो सीमाभित्र छिरेको पुष्टि गरेको छ । इजरायली भूमिमा कम्तीमा हजारको संख्यामा हमास समर्थकले घुसपैठ गरेको हुन सक्ने इजरायली स्रोतले जानकारी दिएको अल जजिराले लेखेको छ । इजरायली सेनाका प्रवक्ता डेनियल हगारीले पनि सो समूहले रकेट (हवाई), सीमानजिकका बस्तीमा घुसपैठका अतिरिक्त समुद्री मार्गबाट पनि आक्रमण गरेको बताए ।

हमासले पछिल्लो सैन्य कारबाहीलाई 'अप्रेसन अल-अक्सा फ्लड' नाम दिएको छ । पहिलो चरणको रकेट स्थानीय समयअनुसार बिहानको साढे ६ बजे प्रहार गरिएको थियो । यहुदीहरूको बिदाको दिन सिमच्याट तोराह पारेर आक्रमण भएको छ, जुन एक हप्ता लामो यहुदी पर्व सुक्कोतको अन्तिममा पर्छ । इजरायली भूमिभित्र पसेका हमास लडाकुले सीमानजिकका यहुदी बस्ती कब्जामा लिने, बाटोमा देखिएका मानिसमाथि अन्धाधुन्ध गोली हान्ने र सयौँलाई नियन्त्रणमा लिएर गाजातर्फ अपरहण गरेर लगेको इजरायली मिडियाले लेखेका छन् । हमासका उपनेता सालेह अल अरौरीले इजरायली जेलमा रहेका आफ्ना लडाकु छुटाउन पुग्ने संख्यामा इजरायलीलाई कब्जामा लिएको दाबी गरेका छन् ।

इजरायली बस्तीहरू प्यालेस्टाइनी समूहको कब्जामा रहेको घटना सन् १९४८ को इजरायल-प्यालेस्टाइनबीचको पहिलो द्वन्द्वपछिको पहिलो हुन सक्ने विश्लेषकहरूले बताएका छन् । अन्यथा जति पनि संघर्ष हुन्थ्यो प्यालेस्टाइनी भूमिमा केन्द्रित हुन्थ्यो । आक्रमणमा डेढ सयजति इजरायली मारिएको र करिब हजारजना घाइते भएको इजरायलको स्वास्थ्य मन्त्रालयले बताएको छ । हमासको आक्रमणलगत्तै दर्जनौँ इजरायली लडाकु विमानले गाजापट्टीमाथि बमबारी सुरु गरेका थिए । 'अप्रेसन आइरन सोर्ड' नाममा सुरु भएको यी आक्रमणमा इजरायली सेनाले हमासको अखडा हुन सक्ने १७ सैन्य कम्पाउन्ड र चार सम्भावित मुख्यालयमा निसाना बनाइएको बताएको छ । यी आक्रमणमा घाइते भएका सयौँ प्यालेस्टाइनीलाई अस्पताल भर्ना गरिएको मिडियाहरूले लेखेका छन् । यो समाचार तयार पार्दासम्म गाजापट्टीतर्फ करिब दुई सय मारिएका थिए भने सयौँ घाइते भएका थिए ।

कहाँ-कहाँ भयो आक्रमण ?

हमासको रकेट आक्रमणको निसाना मध्य तथा दक्षिण इजरायल भए पनि केही रकेट इजरायलको राजधानी तेल अभिभसम्म पुगेको पाइएको अन्तर्राष्ट्रिय मिडियाले जनाएका छन् । इजरायली सीमाभित्र पसेका हमासका स्थल लडाकु भने दक्षिणी इजरायलका बस्तीमा पसेका छन् । इजरायली मिडियाका अनुसार तिनको भूमिभित्र पसेका हमास लडाकुले दक्षिण नगर स्देरोतका सडकमा अन्धाधुन्ध गोली हानेका थिए । सामाजिक सञ्जालमा हालिएका भिडियोमा हमास लडाकु पिक-अप भ्यानजस्तो गाडीपछाडि बन्दुक बोकेर इजरायली भूमिमा घुमेको देखिन्छ । एक समाचारका अनुसार हमास लडाकुले केही दक्षिणी इजरायली बस्तीलाई घेरेका थिए । त्यहाँका नागरिकले सरकारसँग सहयोग माग गरेका रिपोर्ट आएका थिए । मुख्यतः कफार अज, स्देरोत, साफु, नहाल ओज, मगेन, बेएरी र रिएम सैन्य केन्द्र आक्रमणको निसाना बनेको टाइम्स अफ इजरायलले लेखेको छ ।

हमासले किन गर्‍यो आक्रमण ?

हमासका प्रवक्ता खालिद कदोमीले आफूहरूको सैन्य कारबाहीलाई दशकौँदेखि प्यालेस्टाइनीले इजरायली पक्षबाट भोगिरहेको जवाफ भएको बताएका छन् । 'हामीहरू अन्तर्राष्ट्रिय समुदायलाई गाजा, प्यालेस्टाइनी जनता र अल-अस्कामाथि भइरहेको अत्याचार रोक्न ध्यानाकर्षण गर्न चाहन्छौँ,' कदोमीले अलजजिरासँग भने ।

त्यस्तै, अलजजिरासँग कुरा गर्दै हमासका सैन्य कमान्डर मोहम्मद डेइफले 'पृथ्वीको अन्तिम अतिक्रमण अन्त्यका लागि ठूलो लडाइँ सुरु भएको' टिप्पणी गरेका छन् । उनले पाँच हजार रकेट प्रहार गरेको दाबी गरेका छन् । सामाजिक सञ्जाल टेलिग्रामले आफ्नो च्यानलमा लेखेअनुसार हमासले 'पश्चिम किनारामा बसिरहेका लडाकु, अरब तथा इस्लामिक राष्ट्र'लाई संघर्षमा साथ दिन आह्वान गरेको छ ।

इजरायली सरकारले आफ्ना नागरिकलाई गाजानजिक नजान र घरभित्रै बस्न भनेको छ । प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले देश युद्धमा रहेको बताउँदै त्यसलाई जितेरै छाड्ने बताए । त्यस्तै, इजरायली रक्षामन्त्री योआभ ग्यालेन्टले हमासले इजरायलविरुद्ध युद्ध सुरु गरेर गम्भीर गल्ती गरेको बताए ।

अन्तर्राष्ट्रिय शक्ति को कता ?

हमासको आक्रमणपछि इजरायली प्रधानमन्त्री नेतान्याहु र अमेरिकी राष्ट्रपति बाइडेनबीच फोन वार्ता भएको छ । बाइडेनले आफूहरू इजरायलको पक्षमा अटल रूपमा उभिएको र इजरायलको आत्मरक्षाको अधिकारको पूर्ण समर्थन रहेको दोहोर्‍याएको इजरायली प्रधानमन्त्री कार्यालयले जारी गरेको वक्तव्यमा उल्लेख छ । फोन संवादमा नेतान्याहुले 'निर्सत समर्थनका लागि धन्यवाद दिँदै इजरायलको जितका लागि बलियो र दीर्घकालीन अभियानको आवश्यकता रहेको' बताएको उल्लेख छ । अमेरिकी रक्षामन्त्री ल्योयड अस्टिनले इजरायलको सुरक्षा प्रत्याभूत गर्न काम गर्ने बताएका छन् ।

नेतान्याहुले फ्रेन्च राष्ट्रपति इम्यानुयल म्याक्रो र डच प्रधानमन्त्री मार्क रुटसँग पनि कुराकानी गरेका छन् । दुवै नेताले 'इजरालयको आत्मरक्षाको अधिकारप्रति पूर्ण सथर्मन जनाएको' बताइएको छ । फ्रेन्च विदेशमन्त्रीले पनि 'इजरायल र त्यहाँका जनताविरुद्ध भएको आतंकवादी आक्रमण'को भर्त्सना गर्दै इजरायललाई पूर्ण समर्थन जनाएका छन् ।

अमेरिकालगायत पश्चिमी राष्ट्रले इजरायल-प्यालेस्टाइन द्वन्द्वमा सधैँ इजरायलको 'आत्मरक्षाको अधिकारको पक्ष'मा रहेको टिप्पणी गर्ने गरेका छन् । यसपटक पनि सबै पश्चिमी राष्ट्रले उस्तै प्रतिक्रिया दिएका छन् । अमेरिकाले त उसको सबैभन्दा बलियो मध्यपूर्वी साझेदार इजरायललाई बर्सेनि ३.८ अर्ब डलरको निर्सत सैन्य अनुदान दिँदै आएको छ ।

युरोपेली संघका विदेश विभाग प्रमुख जोसेफ बोरेलले इजरायलप्रति ऐक्यबद्धता जनाएका छन् । बेलायतका विदेशमन्त्री जेम्स क्लेभरलीले पनि हमासको आकस्मिक आक्रमणको भर्त्सना गरेका छन् । इजरायलको अस्तित्व नै नमान्ने इरानले भने प्यालेस्टाइनी आक्रमणको समर्थन गरेको छ । इरानका सर्वोच्च नेता अलि खामेनीका सल्लाहकारले पछिल्लो आक्रमणमा संलग्न प्यालेस्टाइनी लडाकुलाई बधाई दिएको मिडियालाई जानकारी गराए । इजरायललाई शत्रु मान्ने छिमेकी लेबनानमा सक्रिय हेबजुल्ला समूहले भने एक वक्तव्य जारी गर्दै गाजामा भइरहेको घटनाक्रमप्रति नजिकबाट अवलोकन गरिरहेको जनाएको छ । अरबी मुलुकमध्ये सबैभन्दा बढी जनसंख्या भएको र प्रभावशाली मुलुक इजिप्टको विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा पछिल्लो तनावले गम्भीर परिणाम निम्त्याउन सक्ने चेतावनी दिँदै अधिकतम संयमता अपनाउन र आमनागरिकलाई जोखिममा पर्नबाट जोगिन आह्वान गरेको छ । अर्को मुस्लिम क्षेत्रीय शक्ति टर्कीले पनि अधिकतम संयमता अपनाउन आग्रह गरेको छ । उता कतारले पछिल्लो तनावका लागि इजरायल जिम्मेवार भएको भन्दै संयमता अपनाउन आग्रह गरेको छ । कतारको विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा यो घटनालाई गाजाका प्यालेस्टाइनी जनताविरुद्ध क्षति पुर्‍याउने आक्रमणको बहाना बनाउनबाट रोक्न आह्वान गरेको छ । इजरायलसँग सम्बन्ध सुधारका लागि भित्रभित्रै वार्ता गरिरहेको अर्को अरबी क्षेत्रीय शक्ति साउदी अरबले इजरायली र प्यालेस्टाइनीबीच जारी हिंसा तत्काल रोक्न आह्वान गरेको छ ।

के हो हमास ?

सन् १९८७ मा स्थापना भएको प्यालेस्टाइनी लडाकु समूह हमासले सन् २००६ देखि अनवरत रूपमा गाजा क्षेत्रमा शासन गर्दै आएको छ । सन् २००६ मा प्यालेस्टाइनी विधायिक निर्वाचन जितेदेखि यो समूहले अर्को वर्ष गाजा क्षेत्रलाई कब्जा गरेको घोषणा गरेको थियो । त्यसयता सो क्षेत्रमा निर्वाचन भएको छैन । यस समूहअन्तर्गत धार्मिक इकाइ, सामाजिक सेवा इकाइ र लडाकु इकाइ सक्रिय छन् । स्थापनाको एक वर्षपछि जारी गरेको समूहको बडापत्रमा यसले प्यालेस्टाइनलाई पूर्ण स्वतन्त्र बनाउने र त्यो भेगमा इस्लामिक राज्य स्थापना गर्ने मूल लक्ष्य लिएको थियो । उसले भन्ने गरेको प्यालेस्टाइनमा गाजापट्टी र वेस्ट बैंकका अतिरिक्त अहिले इजरायल रहेको क्षेत्रसमेत पर्छ । इजरायलविरुद्ध कट्टर नीतिका कारण इजरायल र उसका घनिष्ट मित्रराष्ट्र अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानडा र जापानले हमास समूहलाई आतंकवादी संगठनको सूचीमा राखेका छन् ।

इजरायल-प्यालेस्टाइन द्वन्द्वको इतिहास

एउटै भूमिमाथि नियन्त्रण जमाउन लडिरहेका इजरायल (यहुदी बहुल राष्ट्र) र प्यालेस्टाइन (अरबी बहुल भूभाग)बीचको द्वन्द्व विश्वको सबैभन्दा लामो र जेलिएकोमध्येको एक मानिन्छ । दोस्रो विश्वयुद्धको अन्त्यअघिसम्म बेलायतको म्यान्डेट भूमि रहेको प्यालेस्टाइनलाई युद्धपछि संयुक्त राष्ट्रसंघले यहुदी र अरबबीचमा विभाजित गर्ने प्रस्ताव पारित गर्‍यो । विश्वभर विशेषतः युरोपमा छरिएर रहेका र ठाउँठाउँमा विभेद भोगेका यहुदीहरू तिनको आफ्नै भूमि खोजिरहेका थिए । त्यसैले तिनले तत्काल सो प्रस्ताव स्विकारे । केही यहुदीले सोही क्षेत्रमा आफूहरूलाई राष्ट्र निर्माण गर्न दिनुपर्ने अभियान चलाइरहेका थिए । दोस्रो विश्वयुद्धमा नाजीहरूको चरम यातना भोगेकाले उनीहरूप्रति सहानुभूति पनि थियो । तर, सो भूमिमा हजारौँ वर्षदेखि बस्दै आएका अरबीहरूले उक्त प्रस्तावलाई नमान्ने घोषणा गरे । यहुदीहरू पनि संगठित हुँदै थिए र उनीहरूबीच विभिन्न सशस्त्र समूह निर्माण भइसकेको थियो । संयुक्त राष्ट्रसंघको प्रस्तावित भूमिलाई जब यहुदी नेताहरूले इजरायलका रूपमा स्वतन्त्र राष्ट्र घोषणा गरे, तब प्यालेस्टाइनवरपरका अरब मुलुकले उनीहरूविरुद्ध युद्ध घोषण गरे । सो युद्धमा इजरायली पक्षले अरबी फौजलाई हरायो । इजरायलले उसको भूमि थप बढायो । उसले गाजापट्टी र पश्चिमी किनारबाहेक पहिले ब्रिटिस शासनअन्तर्गत रहेको सम्पूर्ण भूभागमा कब्जा जमाउन सफल भयो ।

त्यसपछि पनि पटक-पटक इजरायल र अरबी फौजबीच लडाइँ भयो । पश्चिमी शक्तिको निर्सत सहयोगले इजरायल सैन्य रूपमा निकै शक्तिशाली थियो । बिस्तारै छिमेकी अरबी राष्ट्र इजरायलसँग सम्झौता गर्दै गए । इजरायलले गाजापट्टी र पश्चिम किनारामा रहेका प्यालेस्टाइनीमाथि अत्याचार गर्न थाल्यो । तिनको प्रतिरोधमा विभिन्न समयमा विभिन्न सशस्त्र समूह बने । पछिल्लो समय हमास सबैभन्दा बलियो प्रतिरोध समूहका रूपमा रहेको छ ।

२५ वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

जापानकी एजुकी सवाईसँग थियो । एजुकीले यसअघि आफूले स्पर्धा गरेको अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा स्वर्ण जित्दै आएकी थिइन् । विश्व कराँते महासंघको वरीयतामा पाँचौँ स्थानमा रहेकी एजुकीलाई १९औँ एसियाडमा स्वर्णको दावेदारी खेलाडीका रूपमा हेरिएको थियो ।

यसैलाई हेरेर नेपालकी एरिका सहजै क्वार्टरफाइनलमा पराजित हुने अनुमान थियो । तर, एरिकाले आफूभन्दा निकै अनुभवी एजुकीलाई सेन्सुका आधारमा हराउँदै सेमिफाइनलमा स्थान बनाइन् । क्वार्टरफाइनलमा एरिकाले एजुकीलाई १-१ को बराबरीमा रोकेकी थिइन् । निर्धारित समयमा बराबरी अंकपछि थप समयमा पहिलो अंक बटुल्ने खेलाडी विजय हुने प्रावधान थियो । जसमा पहिलो अंक बटुल्दै एरिका ऐतिहासिक रूपमा फाइनलमा प्रवेश गरेकी थिइन् ।

एसियाडमा नेपाली कराँते खेलाडीले पहिलोपटक फाइनलमा स्थान बनाएको हो । यसअघि सेमिफाइनलमा एरिकाले हङकङकी यान काई होलाई ८-४ ले हराएकी थिइन् । एरिकाले स्वर्ण पदकको भिडन्तमा प्रतिस्पर्धा गरेकी काजकिस्तानकी सोफया विश्व कराँते खेलमा निकै अनुभवी खेलाडी हुन् ।

एरिकासँग प्रतिस्पर्धा गरेकी सोफया २०२० को जापानको टोकियोमा भएको ओलम्पिक खेलमा कांस्य पदक विजेता हुन् । २२ वर्षीया सोफयाले सन् २०२१ को कराँते विश्व च्याम्पियनसिपमा पनि उनले कांस्य जितेकी थिइन् । गत वर्ष पोखरामा भएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा एरिकाले स्वर्ण जितेकी थिइन् । नेपाल पुलिस क्लबमा आबद्ध एरिकाको त्यो नै राष्ट्रिय प्रतियोगितामा पहिलो स्वर्ण थियो । त्यसपछि उनी हाङझाउ एसियाडका लागि प्रारम्भिक छनोटमा परेकी हुन् ।

यसअघि एरिकाले ऐतिहासिक रजत जित्नुअघिसम्म कराँतेमा खराब प्रदर्शन भएको थियो । शनिबारै बिहान नेपालका सन्तोष श्रेष्ठ ६७ केजी तौल समूहको प्रिक्वार्टरफाइनलमा थाइल्यान्डका फियन्डी चाइवाटबाट ३-२ ले पराजित भएका थिए । नेपालले पदकको निकै आशा गरेका विप्लवलाल श्रेष्ठ कांस्यनजिक पुगेर चुकेका थिए । उनी पुरुष कुमुतेको ८४ केजी तौलमाथि साउदी अरेबियाका मोहमद हामिदसँग ९-१ ले पराजित भएका थिए । उनी रिपोचतर्फ कांस्य पदक भिडन्तमा पराजित भएका थिए ।

नेपालले व्यक्तिगत इभेन्ट्समा रजत पदक जितेको यो दोस्रोपटक हो । सन् १९९८ मा तेक्वान्दोकी सविता राजभण्डारीले व्यक्तिगततर्फ पहिलोपटक रजत दिलाएकी थिइन् । पाँच वर्षअघि इन्डोनेसियाको जाकार्तामा भएको १८औँ एसियाडमा प्याराग्लाइडिङले क्रसकन्ट्रीमा दोस्रो स्थान हात पारेको थियो । नेपालले एसियाडको इतिहासमा २५ वर्षपछि व्यक्तिगत प्रदर्शनमा रजत जितेको थियो । यसअघि कराँतेमा सन् १९९४ सीता राई, १९९८ मा समरबहादुर गोले र सन् २०१४ मा विमला तामाङले कांस्य पदक जितेका थिए ।

त्यस्तै, महिला कबड्डीमा नेपालले कांस्य पदक जितेको छ । प्रतियोगितामा एकै खेल जितेर नेपालले तेस्रो स्थान प्राप्त गरेको हो । नेपालसँगै साबिक विजेता इरानले पनि कांस्य जितेको छ । रोमाञ्चक फाइनलमा भारतले चाइनिज ताइपेईलाई २६-२५ ले हराउँदै स्वर्ण पदक जितेको छ । नेपालले जारी एसियाडको १५औँ दिनमा आएर शनिबार औपचारिक रूपमा कांस्य पदक ग्रहण गरेको छ ।

स्वर्ण भिडन्तमा चुकेँ : एरिका गुरुङ, रजत विजेता

बिहानदेखि नै प्रत्येक प्रतिद्वन्द्वीविरुद्ध उत्कृष्ट दिने योजना बनाएकी थिएँ । यसबाहेक अरू केही पनि विचार थिएन । क्वार्टरफाइनलमा विश्व कराँतेकै राम्रा खेलाडीसँग खेल्नुपरेको थियो । उनीविरुद्ध राम्रो खेलेँ । आत्मविश्वासका साथ प्रतिस्पर्धा गरेकै कारण हराउन सकेँ । सुरुमै उत्कृष्ट सुरुवात गरेकी थिएँ । कांस्यपदक पक्का भए पनि अझ अगाडि बढ्नुपर्ने मनमा आएको थियो । गुरुहरूले पनि ऐतिहासिक प्रदर्शन गर्नुपर्ने सुझाव दिनुभएको थियो । सेमिफाइनलमा सहजै विपक्षीलाई हराएँ । स्वर्ण भिडन्तमा अलि चुकेजस्तो लाग्छ । फाइनलमा मेरो अनुभव कम भएको थियो । विपक्षी खेलाडी मभन्दा निकै राम्रो थियो । उसको फाइट राम्रो थियो । फाइनलमा सामान्य केही पक्षमा चुकेँ । यसबाहेक फाइट राम्रो थियो । स्वर्णनजिक पुगेर चुक्दा दुःख लागेको छ । अझ पनि मिहिनेत नपुगेजस्तो लाग्छ । लगातार तीनवटा खेल खेलेँ । अलि थाकेको छु । योभन्दा बेस्ट दिन धेरै मिहिनेत गर्नुपर्छ । यो सफलता हार्ड वर्कको प्रतिफल हो । एसियाडमा सक्दो बेस्ट दिने कोसिस गरेकी थिएँ । जुन एक किसिमले सफल नै भएँ ।

निर्वाचनको एक वर्ष...

पृष्ठ १ बाट क्रमशः

गठबन्धनमै रहेका दलहरूसँग बहुमत पुग्छ । तर, पहिलाजस्तै उपसभामुख 'बिरामी' परिन् भने ज्येष्ठ सदस्यले सदन चलाउनुपर्छ । त्यसवेला गठबन्धनकै सांसदले सदन चलाउनुपरे बहुमत पुग्दैन । यदि ६ सदस्य रहेको राप्रपाले समर्थन गरे भने सहजै बहुमत पुग्नेछ ।

अब सरकार गठनका तीन विकल्प छन् । पहिलो अहिलेको गठबन्धनमा राप्रपा जोडिने । दोस्रो एमाले र कांग्रेस मिलेर सरकार बनाउने । तेस्रो-कांग्रेस र एमालेका दुई-दुईपटक मुख्यमन्त्री बाहिरिएकाले माओवादी नेतृत्वमा सरकार बनाउने र त्यसमा एमालेले बाहिरबाट समर्थन जनाउने । संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री कार्कीले २० असोजमा विश्वासको मत लिने गरी १७ असोजमा कोशी प्रदेश सभाको सचिवालयमा प्रस्ताव दर्ता गराएका थिए । प्रदेश सभाको शनिबारको बैठकमा विश्वासको मत पाउने सम्भावना नदेखेपछि मुख्यमन्त्री कार्कीले आफ्नो पदबाट राजीनामा दिएको घोषणा गरेका थिए ।

एमाले पार्टीबाटै निर्वाचित उपसभामुखले सभाको अध्यक्षता गरेकाले मतदान गरेको भए उनले ३९ मत मात्र पाउने थिए । कार्की सर्वोच्चको परमादेशबाट २२ भदौमा दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका थिए । राजीनामा गर्नुपूर्व कार्कीले प्रदेश सभामा गरेको सम्बोधनमा कोशी प्रदेशका जनताले निर्वाचन नचाहेकाले राजीनामा दिएको बताएका छन् । निर्वाचनलाई रोक्न तथा स्थिर सरकार बनाउन राजनीतिक दलहरूबीच सहमति, सहकार्य र एकता हुनु आवश्यक रहेको उनको भनाइ छ । उनले आफू र आफ्नो पार्टी सधैँ सुशासनको पक्षमा रहेको र सर्वदलीय सरकार बनाउन सहयोगी बन्ने बताए ।

संसदीय उपसमितिले...

पृष्ठ १ बाट क्रमशः

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले केही विषय मूल समितिबाट टुंग्याइने बताए । 'विधेयकमा धेरै विषय टुंग्याएर उपसमितिले प्रतिवेदन बुझाएको छ । केही विषयमा छलफल गर्न बाँकी छ । अब मूल समितिमै छलफल हुन्छ र केही मिलाउन बाँकी विषय मूल समितिले नै टुंग्याउँछ,' उनले भने । दलीय मतभिन्नताका कारण गम्भीर मानव अधिकार उल्लंघनको परिभाषा उपसमितिले टुंगो लगाउन सकेन । गम्भीर मानव अधिकार उल्लंघनअन्तर्गत हत्याको परिभाषामा दोहोरो भिडन्तबाहेकका सबै हत्या राख्ने कि स्वेच्छाचारी हत्या राख्ने भन्ने मिलेको छैन ।

'मानव अधिकारको गम्भीर उल्लंघनमा आर्बिटरी किलिङ गर्ने कि, विसफुल किलिङ गर्ने कि वा दोहोरो भिडन्त लेख्ने भन्ने टुंगिएको छैन,' प्रधानले भने, 'यो तीनवटा शब्दमा के गर्ने भन्ने प्रश्न छ । एउटा स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक गरिएको हत्या हो भन्ने हो कि अथवा दोहोरो भिडन्तमा भएको हत्यादेखि बाहेकको शब्द लेख्ने भन्ने कुरा हो ।'

कांग्रेस सांसद जीवन परियारले हत्याको वर्गीकरण टुंगिन नसकेको बताए । 'हत्याको वर्गीकरण कसरी गर्ने भन्ने अझै पनि केही कुरा टुंगो लागेको छैन । अन्तर्राष्ट्रिय मान्यताअनुसार परिभाषा, अन्तर्राष्ट्रिय मानवीय कानुन, सर्वोच्च अदालतले गरेको फैसलामा टेकेर परिभाषा दिनुपर्छ भन्ने छ, तर के लेख्ने भन्ने स्पष्ट भइसकेको छैन,' उनले भने ।

उपसमिति संयोजक प्रधानका अनुसार मानव अधिकार उल्लंघनका घटनामा मेलमिलाप नभए कस्तो उपचार खोज्ने भन्ने प्रश्न छ । 'कुनै व्यक्तिले द्वन्द्वका क्रममा कुनै तरिकाले म मान्दिनँ, मलाई परिपूरणले भएन । मेलमिलाप गरेर वा क्षमायाचनाले भएन भने कुन ढंगले सम्बोधन गर्ने भन्ने प्रश्न छ,' प्रधानले भने, 'रिटमा जान त सकिन्छ, तर रिटलाई धेरै बढावा नदिने भन्ने हिसाबले उपयुक्त शब्द चयन बाँकी हो । स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने प्रश्न हो ।'

यसमा एमाले सचेतक महेश बर्तौला भन्छन्, 'मानव अधिकार उल्लंघन घटनामा मेलमिलापमा जान स्वतन्त्र सहमति हुनुपर्छ । यदि स्वतन्त्र सहमति भएन, मेलमिलाप भएन भने के गर्ने, कानुनी उपचारमा कसरी लाने भन्ने कुरा हो ।'

संयोजक प्रधानका अनुसार अर्को द्वन्द्वकालीन मुद्दामा घटी सजाय गर्ने सहमति भए पनि कति प्रतिशत घटाउने भन्ने विषय टुंगिएको छैन । संक्रमणकालीन न्याय प्रक्रियामा फौजदारी संहिता नियमावलीअनुसार समान सजाय गर्न नमिल्ने भएकाले निश्चित प्रतिशत राख्नुपर्ने मत छ । यसमा एमाले सचेतक बर्तौला भन्छन्, 'घटी सजायमा प्रचलित कानुनबमोजिम हुने भनिएको छ । कानुनमा के छ ? घट्ने कति हो भन्ने प्रतिशतमा तोकिनुपर्छ । सजायको यति प्रतिशत कम हुने भनेर तोक्नुपर्छ ।'

अर्को भनेको बाल सेनाको व्यवस्थापन हो । विस्तृत शान्ति सम्झौतामा बाल सेनाको विषय उल्लेख नभएको, तर अन्तर्राष्ट्रिय समुदाय र सर्वोच्च अदालतले प्रश्न उठाएकाले कुनै प्रक्रियाबाट परिपूरणमा लैजानुपर्ने उपसमितिको निष्कर्ष छ । तर, कसरी सम्बोधन गर्ने भन्ने टुंगिएको छैन । 'सशस्त्र द्वन्द्वमा जोडिएको वा द्वन्द्वबाट प्रभावित भएका अन्य पक्ष भन्ने शब्द उल्लेख गरेर परिपूरणको तहमा लैजाउ भन्ने छ । यसमा कुरा मिलेको छैन,' एमाले सचेतक बर्तौला भन्छन् ।

बर्तौलाले उपसमितिले आफ्नो काम सकेर प्रतिवेदन बुझाए पनि विधेयकको मूल प्रश्न बाँकी नै रहेको बताए । 'यो टुंग्याउनुपर्छ भन्ने कुरामा हामी साझा सहमतिमा छौँ । मूलतः चारवटा विषय टुंगिएको छैन । राजनीतिक तहबाट समाधान हुनुपर्छ । राजनीतिक वातावरण सरकारले बनाउनुपर्छ,' उनले भने ।

शान्ति प्रक्रियाको बाँकी काम संक्रमणकालीन न्याय टुंग्याउन ०७१ मा कानुन बने पनि पीडितमैत्री नभएको, अन्तर्राष्ट्रिय मूल्य-मान्यताविपरीत भएको भन्दै सर्वोच्च अदालतले पूर्ण कानुन बनाउन आदेश दिएको थियो । राजनीतिक मतभिन्नताका कारण अझै कानुन संशोधन हुन सकेको छैन । कानुन सक्रिय नहुँदा संक्रमणकालीन न्यायको काम अघि बढेको छैन । केही दिनअघि राष्ट्रसंघको महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालको शान्ति प्रक्रिया निष्कर्षतिर पुर्‍याउन सरकार र दलहरू लागिरहेको बताएका थिए ।

विधेयकबारे प्रधानमन्त्रीको ओली र नेपालसँग छुट्टाछुट्टै छलफल

काठमाडौं/ संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई लिएर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एमाले अध्यक्ष केपी ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग छुट्टाछुट्टै छलफल गरेका छन् । प्रचण्डले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शनिबार ओली र नेपालसँग संक्रमणकालीन न्यायसम्बन्धी विषयलाई टुंगोमा पुर्‍याउनेलगायत विषयमा छलफल गरेका हुन् ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक टुंगोमा पुर्‍याउने र राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । एकीकृत समाजवादीका अध्यक्ष नेपालले राष्ट्रसंघका महासचिव गुटेरेसको नेपाल भ्रमण र संसद्मा सम्बोधन गर्नेबारेमा पनि छलफल भएको बताए । नेताहरूबीच सदनमा दर्ता भएका अन्य विधेयकका सम्बन्धमा पनि छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक, विद्यालय शिक्षा विधेयकलगायत महत्त्वपूर्ण विधेयक सदनमा दर्ता भएका छन् ।

के-के संशोधन भयो ?

द्वन्द्वका वेला भएका बलात्कारका घटनामा उजुरी दिन नपाएका पीडितका लागि म्याद थप गर्ने सहमति भएको छ । कानुन बनेपछि तीन महिना समय दिइनेछ । यसैगरी पुनरावेदन अदालतको निर्धारण गरिएको छ । सर्वोच्चमा विशेष इजलासको सुनिश्चित गरिएको छ । विशेष अदालतको निर्णय चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन जान पाइनेछ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको म्याद दुई वर्षबाट चार वर्ष पुर्‍याइएको छ । दुवै आयोगका पदाधिकारीमा सर्वस्वीकार्य व्यक्तिलाई ल्याउनुपर्ने सुझाव छ । आयोगबाट कर्मचारी सरुवा गर्दा आयोग सहमति लिनुपर्ने, सहमतिविना सरुवा गर्न नपाउने व्यवस्था गरिएको छ । आयोगमा पीडितका लागि छुट्टै पीडित समन्वय इकाइ राखिएको छ । आयोगले परिपूरणका लागि सिफारिस नगरेमा वा चित्तबुझ्दो सिफारिस नगरेमा पीडित सोझै विशेष अदालतमा आयोगविरुद्ध उजुरी लिएर जान पाउने हकदैया राखिएको छ । यसबाट परिपूरणको पूर्ण सुनिश्चितता गरिएको छ ।

७० लाखमा...

पृष्ठ १ बाट क्रमशः

अर्कोमा कर्मचारीको आवास बनाइएको थियो । लामो समयदेखि बन्द रहेका कारण अस्पताल भवन बिस्तारै काम नलाग्ने गरी जीर्ण बन्दै छ । सहरबाट टाढा रहेकाले आगामी दिनमा हुन सक्ने विभिन्न रोगका महामारीमा पनि यो संरचना प्रयोग गर्न सकिने दमक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण साहले बताए । 'कोभिड अस्पताल सहरभन्दा बाहिर छ । त्यहाँ कोभिडजस्ता नयाँ महामारी आयो भने पनि बिरामी राख्न सकिन्छ । उक्त संरचनालाई संरक्षण गर्‍यो भने प्रत्येक वर्ष आउने डेंगुका बिरामी पनि राख्न सकिन्छ,' उनले भने, 'आइसोलेसनमा राख्नुपर्ने सरुवा रोगका बिरामीलाई पनि त्यहाँ राखेर उपचार गर्न सकिन्छ ।'

दमक अस्पतालका अध्यक्षसमेत रहेका दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले असुरक्षित भएकाले अस्पतालमा रहेका सामग्रीसमेत दमक अस्पतालमा ल्याइएको बताए । 'अहिले प्रयोगमा नरहेकाले झार पलाएको देखिन्छ । भित्र केही पनि छैन । त्यहाँ भवन मात्र हो । असुरक्षित भएका कारण सबै सामग्री दमक अस्पताल ल्याइयो,' उनले भने, 'लागुऔषध प्रयोगलाई समाप्त गर्न एक वर्षको कार्यक्रम बनाउने तयारीमा छौँ । यो संरचनालाई लागुऔषध प्रयोगकर्ताका लागि उपचार केन्द्र र सुधारगृहको रूपमा अघि बढाउने योजनामा छौँ ।'

काठमाडौं महानगरपालिका वडा नं. १३
कालिमाटी, काठमाडौं

उपस्थित सम्बन्धमा

उपरोक्त सम्बन्धमा का.म.पा. १३ वडा स्थायी बसोबास गर्ने रविन महर्जनको घरमा दिनेश भन्ने मानिसले कोठा भाडामा लिएर बस्दै आएकोमा विगत ६ महिना देखि केही खबर नगरी ताला बन्द गरी सम्पर्क विहिन भएको हुँदा तपाई सँग केहि कुरा बुझ्नु पर्ने भएकोले तपाई सँग भएको जे जो प्रमाण छ पत्र बुझेको मितिले ७ दिन भित्र यस वडा कार्यालयमा उपस्थित हुन अनुरोध गर्दछु ।

ध्रुव नारायण मानन्धर
वडा अध्यक्ष, का.म.पा.-१३

ऋण चुक्ता गर्नको लागि ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०६/२१

प्रस्तुत विषयमा नुवाकोट जिल्ला कविलास गा.वि.स. वडा नं. ५ घर भई हाल काठमाडौ जिल्ला तारकेश्वर नगरपालिका वडा नं. ८ मनमैजु बस्ने तपाई षष्टीनाथको नाती तारानाथ मिश्रको छोरा वर्ष ३२ को बालकृष्ण मिश्रले यस संस्थाबाट मिति २०७८/०९/१३ का दिन १ वर्षको अवधिका लागि आफ्नो नामको जग्गा धितो बन्धकी राखी रु. १०,००,०००।- (अक्षेरुपी दश लाख रुपैया मात्र) नुवाकोट जिल्ला मालपोत कार्यालय नुवाकोटमा आफ्नो नाममा दर्ता कायम रहेको नुवाकोट जिल्ला कविलास गा.वि.स. वडा नं. ४ कित्ता नं. १०९, ७७, २६४ क्षेत्रफल क्रमशः १-१२-१-३, ३-४-०-३, १-११-२-० जग्गा यस संस्थाको नाममा धितो बन्धकी रोक्का राखी यस संस्थाबाट मासिक ब्याज सहितको किस्ता भुक्तानी गर्ने दृष्टी बन्धकी तमसुक गरी ऋण लिएकोमा हालसम्म पनि उक्त कर्जाको ब्याज तथा हर्जनाको रकम नतिर्नु नबुझाउनु भएको र उक्त ऋण तिर्न चुक्ता गर्न यस संस्थाबाट पटक पटक तारताकेता गर्दा समेत निजले कुनै चासो नदेखाउनु भएकोले यस संस्थाको तर्फबाट तपाई ऋणी बालकृष्ण मिश्रलाई उक्त कर्जा तिर्न ताकेताको लागि राष्ट्रिय दैनिक नयाँ पत्रिकामा यो सुचना प्रकाशित गरिएको छ । तपाईले यस संस्थामा सम्पर्क गरि आजसम्म तिर्नु बुझाउनु पर्ने ऋण रकम र सोको लाग्ने ब्याज तथा हर्जाना गरी जम्मा हुन आउने रकम आजको मितिले ३५ दिन भित्रमा तिरी बुझाई ऋण फरफारक गर्नु हुन जानकारी गराइन्छ । अन्यथा तपाईले उक्त कर्जा लिँदा धितो बन्धक रोक्का राखेको जग्गा लिलाम बिक्री गरि यस संस्थाको उक्त ऋण असुली गर्ने प्रकृया अगाडि बढाइने छ । साथै उक्त धितो लिलाम बिक्रीबाट ऋण असुल हुन नसकेमा तपाईको नाम कर्जा सुचना केन्द्रको कालो सूचिमा समेत समावेस गरि तपाईको नाममा रहेको अन्य चलअचल सम्पत्ति तथा तपाईको एकाघरको परिवारका नाममा रहेको चल अचल सम्पत्ति जायजेथा समेतबाट कानुन बमोजिम यस संस्थाको ऋण असुली कार्य अगाडी बढाईने समेत जानकारी गराइन्छ ।

सब्नम बचत तथा ऋण सहकारी संस्था लि.
Sabnam Saving and Credit Co-operative Ltd.
गोंगबुचोक, लक्ष्मी बैंक नजिकै, फोन नं.: ०१-५९०३५८४, ५९०३६८४, पो.ब.नं. ९८२८
बोधार्थः राष्ट्रिय सहकारी बैंक लिमिटेड, गोंगबु शाखा, काठमाडौं ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office

Road Division, Butwal

Notice for Opening of Price Bids

Date of Publication: 8th Oct, 2023

Government of Nepal, Ministry of Physical Infrastructure & Transport, Department of Roads, Road Division, Butwal notifies that the following Bidders have been qualified and is hereby intends to accept their Technical Bids in respective Contracts of **Notice No. DROBTL-03/080/81** as specified in the Table below. The qualified Bidders are hereby notified for their presence in opening of the Price Bids as per the ITB Clause No. 25.9 and PPR 2064 Regulation 31 Ja.5.

Date of Opening of Price Bid: 16th October, 2023 on 14:00 hours at Road Division, Butwal

Contract Identification No.	Name and Address of Qualified Bidders in Technical Bid
SRCTIP-DOR-WPM-RDBTW-NCB-29	1. Dynamic Construction, Bharatpur-04, Chitwan
	2. PS-DNSPL JV, Hetauda, Nepal

Division Chief

१९औँ एसियाड

भारोत्तोलनमा ७२ घन्टामै नयाँ राष्ट्रिय कीर्तिमान

सागर भण्डारीले १०९ केजी तौल समूहमा कुल ३०३ किलो भार उठाउँदै बनाए राष्ट्रिय कीर्तिमान, विशालसिंह विष्टको ३०१ केजीको कीर्तिमान ७२ घन्टा पनि टिकेन

हाङ्झाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

भारोत्तोलनका सागर भण्डारीले नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन्। १०९ केजी तौल समूहमा सागरले स्न्याचमा १३३ किलो, क्लिन एन्ड जर्कमा १७० किलो गरी कुल ३०३ किलो भार उठाएर राष्ट्रिय कीर्तिमान बनाएका हुन्। सागरले यसअघि आफ्नै नाममा रहेको तीनवटै कीर्तिमान सुधार गरेका छन्। तीन हप्ताअघि साउदी अरबमा भएको आइडब्लुए वर्ल्ड च्याम्पियनसिपमा सागरले स्न्याचतर्फ १२८ केजी, क्लिन एन्ड जर्कमा १६३ केजी र समग्रमा २९१ केजी भार वहन गरेका थिए। एसियाडमा उनले त्योभन्दा १२ किलो बढी भार उठाए।

७२ घन्टामै विशालको कीर्तिमान भंग

सागर नेपालको भारोत्तोलन इतिहासमै कुनै पनि तौल समूहमा ३०३ किलो तौल उठाउने पहिलो नेपाली खेलाडी बनेका छन्। एसियाली खेलकुदकै ९६ किलो तौल समूहमा विशालसिंह विष्टले स्न्याचमा १३३ केजी, क्लिन एन्ड जर्कमा १६८ केजी र कुलमा ३०१ केजी भार बहन गरेका थिए। विशालसिंहले बिहीबार १९औँ एसियाली खेलकुदतर्फ भारोत्तोलनमा तीन राष्ट्रिय कीर्तिमान बनाएका थिए। हाङ्झाउको चियोसन स्पोर्टस् सेन्टर जिम्न्यासियममा पुरुष ९६ केजी तौल समूहमा विशालले तीन राष्ट्रिय कीर्तिमानसहित समग्रमा ३०१ केजी वजन उठाउने पहिलो नेपाली खेलाडी बनेका थिए। तर, त्यही कीर्तिमान तीन दिनपछि नै सागरले भंग गरेका छन्। विशालले कीर्तिमान रच्नुअघि कुनै पनि नेपाली भारोत्तोलकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भारोत्तोलन प्रतियोतिगामा समग्रमा तीन सय केजीसम्मको भार पनि बहन गरेका थिएनन्।



महिला कबड्डीमा भारतलाई स्वर्ण, नेपाललाई कांस्य

भारतीय महिला कबड्डी टोलीले शनिबार १९औँ एसियाली खेलकुद प्रतियोगिता (एसियाड)मा स्वर्ण पदक जितेको छ। हाङ्झाउमा सम्पन्न स्वर्ण भिडन्तमा भारतले चाइनिज ताइपेईलाई प्रतिस्पर्धात्मक खेलमा २६-२५ ले हराएको हो। भारतले पहिलो तथा दोस्रो हाफमा समान आठ अंक बोनस पाएको थियो। ताइपेईले दुवै हाफमा समान दुई बोनस पायो। भारतले ताइपेईलाई चारपटक अलआउट गऱ्यो। भारतले दोस्रो हाफमा निकै चलाखीपूर्ण खेल खेलेको थियो। खेलाडीहरूले ताइपेईलाई अंक बटुल्ने मौका नै दिएनन्। ताइपेईका खेलाडीको एक गल्तीमा भारतले स्वर्णमाथि कब्जा जमाएको हो। भारतले पहिलो सेमिफाइनलमा नेपाललाई ६१-१६ ले हराउँदै फाइनल स्थान पक्का गरेको थियो। चाइनिज ताइपेईले प्रतियोगिताकै साबिक स्वर्ण विजेता इरानमाथि ३५-२४ ले स्तब्ध पार्दै फाइनल स्थान सुरक्षित गरेको थियो। नेपालले समूह चरणमा बंगलादेशलाई ३७-२४ ले हराएको थियो। डेब्यु खेलमै एक मात्र जितले नेपालको एसियाडमा कांस्य सुरक्षित भएको हो।

प्रतियोगिताको नियमअनुसार इरान र नेपाल सेमिफाइनलिस्टले संयुक्त रूपमा कांस्य पदक जितेका छन्। नेपाललाई १९औँ एसियाडमा पहिलो कांस्य पदक दिलाउनेमा मेनुकाकुमारी राजवंशी (कप्तान), मानमती विष्ट, जयन्ती बडू, सुनिता थापा, रबिना चौधरी, अनुजा कुलुङ राई, गंगा धिमिरे, नितु गुरुङ, ईशा राई, अर्पणा चौधरी, सिर्जना थारू र कलावती पन्त रहेका छन्। नेपालले डेब्युमै पदक जितेको हो।



पदक आशा नगरिएको कबड्डी

राष्ट्रिय खेलकुद परिषद्ले महिला कबड्डीलाई अन्य खेलका रूपमा राखेको थियो। यस खेलबाट पदक जित्ने सम्भावना नरहेका कारण राखेपले खासै वास्ता गरेको थिएन। केवल अन्तर्राष्ट्रिय अनुभव प्राप्त गर्न एसियाडमा सहभागी गराइएको हो। राखेपले बक्सिङ, कराँते, र तेक्वान्दोलाई विशेष प्राथमिकतामा राखेको थियो। तीन खेलबाट पदक आउने राखेपको दाबी थियो। उसु, जुडो, क्रिकेट, र पब्जीबाट पदकको आशा गरेको थियो। कराँतेले ऐतिहासिक रूपमा रजत जित्न सफल भएको छ। अन्य मार्सल आर्ट खेलहरूलाई विशेष प्रशिक्षण प्रदान गरिएको थियो।

अनपेक्षित रूपमा महिला कबड्डी खेलले नेपाललाई सुरुमा पदकविहीन हुनबाट जोगाएको थियो। नेपालले प्रतियोगिताको १४औँ दिन पदक पक्का गर्दा १५औँ दिन पदक तालिकामा समावेश भएको थियो। नेपाल एसियाडको १०औँ संस्करणदेखि पदक जित्ने अभियानलाई निरन्तरता दियो। सन् २०१० को बेइजिङ एसियाडदेखि नेपाल एउटा पदकमा मात्र सीमित भइरहेको छ। सन् २००६ को दोहा एसियाडमा नेपालले तेक्वान्दोमा तीनवटा कांस्य जितेको थियो।

पदक विजेताले कति पाउँछन् ?

सरकारले ओलम्पिक, एसियाड र साग खेलकुद प्रतियोगितामा पदक विजेतालाई नगदसहित पुरस्कृत गर्छन्। खेलकुद पुरस्कार तथा सम्मान कार्यविधिअनुसार खेलाडीलाई सरकारले पुरस्कृत गर्छ। अहिलेसम्म ओलम्पिकमा नेपालले पदक जितेको छैन। यसबाहेक नेपालले एसियाड र सागमा पदक हात पारेको छ। नेपालले चालू एसियाडमा एक रजत र कांस्य हात पारेको छ। एसियाडमा कांस्य जितेको कबड्डी खेलाडीले सरकारबाट कति पुरस्कार पाउँछन् ? नेपाल सरकारले एसियाडमा दुई पदक जितेका खेलाडी, प्रशिक्षक र सम्बन्धित संघलाई गरी ६६ लाख ५० हजार रुपैयाँ पुरस्कार प्रदान गर्नेछ।

२०७६ को संशोधनअनुसार एसियाली खेलकुदमा टिम गेमले जनही ३ लाख रुपैयाँ दिने उल्लेख छ। व्यक्तिगत स्पर्धामा रजत पदक जित्ने खेलाडीले १५ लाख रुपैयाँ प्राप्त गर्ने प्रावधान छ। नेपाली महिला कबड्डी टोलीले सरकारबाट जनही ३ लाख रुपैयाँ पाउनेछ। एसियाडमा एरिकाले रजत पदक जितेपछि १५ लाख रुपैयाँ पाउनेछिन्। यसैगरी, मुख्य प्रशिक्षकले ३ लाख र सहायक प्रशिक्षकले १ लाख ५० हजार तथा सम्बन्धित संघले ५ लाख रुपैयाँ पाउँछन्। कराँतेको मुख्य प्रशिक्षक कुशल र सहायक प्रशिक्षकमा छोरी डंगोल छन्। यसैगरी, संघले पाँच लाख पाउनेछ। सामूहिक खेलको मुख्य प्रशिक्षकले २ लाख र सहायक प्रशिक्षकले एक लाख तथा संघले तीन लाख रुपैयाँ पाउनेछन्।

महिला भलिबललाई ११औँ स्थान

१९औँ एसियाडमा महिला टोलीले ११औँ स्थान हासिल गरेको छ। मंगोलियाविरुद्ध रोमाञ्चक ३-२ को सेटमा जित निकाल्दै नेपालले सान्त्वना जित निकालेको हो। अरुणा शाहीको कप्तानीमा २६ मिनेटसम्म चलेको पहिलो सेट नेपालले १७-२५ ले गुमाएको थियो। २४ मिनेट चलेको दोस्रो सेट नेपालले २५-१८ ले जित्न सफल भयो। २५ मिनेट चलेको तेस्रो सेटमा २५-२१ ले जित्दै नेपालले २-१ को अग्रता बनायो। २४ मिनेटसम्म चलेको चौथो सेट नेपालले १८-२५ ले गुमायो। पाँचौँ तथा अन्तिम सेट १५-१२ ले आफ्नो पक्षमा पार्दै नेपालले पहिलो जित निकालेको हो। यसअघि समूह चरणमा नेपाल भियतनाम र दक्षिण कोरियासँग ३-० को सोभ्को सेटमा पराजित भएको थियो। प्ले अफमा भारतसँग ३-१ र हङकङसँग ३-० को सेटमा स्तब्ध भएको थियो।

क्यानोइङका गणेश आठौँ

क्यानोइङअन्तर्गत पुरुष कायाकमा नेपालका गणेश गुरुङले आठौँ स्थान हासिल गरेका छन्। फुयाङ वाटर स्पोर्टस् सेन्टरमा भएको फाइनल चरणमा १० खेलाडीले प्रतिस्पर्धा गरेकामा गणेश आठौँ भएका हुन्। क्यानोइङमा नेपालबाट गणेशले मात्र सहभागिता जनाएका थिए। शनिबार बिहान भएको सेमिफाइनल चरण पार गर्दै गणेश फाइनल चरणका लागि छनोट भएका थिए। सेमिफाइनलमा १६ खेलाडीले प्रतिस्पर्धा गरेकामा १० खेलाडीले फाइनल चरणमा स्थान बनाएका हुन्। यस स्पर्धामा चीनका क्वान सिनले स्वर्ण, जापानका तानाका युकीले रजत र चाइनिज ताइपेईका उ साओ हसुअनले कांस्य पदक जितेका छन्।

कुस्तीमा सबै हार

हाङ्झाउस्थित लिनान स्पोर्टस् एन्ड कल्चर एक्जिबिसन सेन्टरमा भएको कुस्तीमा नेपालका राज यादव र सुरेश चुनारा पहिलो खेलमै पराजित भए। पुरुष फ्रिस्टाइल ८१ केजी तौलसमूहको प्रिक्वार्टरफाइनलमा राज कम्बोडियाका बाली सोउसँग १०-० ले पराजित भए। पुरुष ७४ केजी फ्रिस्टाइलको प्रिक्वाटरफाइनलमा सुरेश चुनारा तुर्कमेनिस्तानका परमान होम्मादोभसँग ११-० ले पछि परे। महिलातर्फ शिवांगी दुवे र सुशीला चन्द पहिलो खेलमै पराजित भएका थिए।

पदक तालिका

देश	स्वर्ण	रजत	कांस्य	जम्मा
चीन	२००	१११	७१	३८२
जापान	५१	६६	६९	१८६
द. कोरिया	४२	५९	८९	१९०
भारत	२८	३८	४१	१०७
उज्वेकिस्तान	२१	१८	३१	७०
चाइनिज ताइपेई	१८	२०	२८	६६
इरान	१३	२१	१९	५३
थाइल्यान्ड	१२	१४	३२	५८
बहराइन	१२	३	५	२०
उ. कोरिया	११	१८	१०	३९
नेपाल	०	१	१	२

खेल संक्षेप

खड्का झापाको ब्रान्ड एम्बेस्डर

काठमाडौं / झापा एफसीले नेपाल सुपर लिग दोस्रो संस्करणका लागि राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान हरि खड्कालाई ब्रान्ड एम्बेस्डर नियुक्त गरेको छ। नीराजन रायमाझीसँगै कीर्तिमानी १३ गोल गरेका खड्कासँग एएफसी ए लाइसेन्स, राष्ट्रिय महिला टोलीलाई प्रशिक्षण गराएको अनुभव छ। स्थानीय खेलाडी खड्कामार्फत झापा एफसीले आफ्नो प्रचारप्रसार गर्ने योजना बनाएको छ। झापा एफसीका अध्यक्ष अर्पणविक्रम खड्काले पूर्वकप्तानलाई क्लबमा जोड्दा गौरवको विषय रहेको बताएका छन्। पूर्वकप्तान खड्काले क्लबसँग जोडिन पाउँदा उत्साहित रहेको बताएका छन्। 'नेपाली फुटबललाई केही परिवर्तन गर्ने अठोटका साथ आएको जिल्लाकै क्लबसँग जोडिन पाउँदा उत्साहित छु,' उनले भने। प्रतियोगिता ८ मंसिरबाट सुरु हुँदै छ। झापाले मार्की खेलाडी र कप्तान राष्ट्रिय टोलीका अट्याकर अञ्जन विष्टलाई नियुक्त गरेको छ। राष्ट्रिय टोलीबाट १२ गोल गरिसकेका अञ्जन खड्का र रायमाझीको कीर्तिमान भंग गर्ने लक्ष्यमा छन्।

गन्नी फुटबल क्वार्टरफाइनलमा

कास्की / आयोजक एट टु नाइनलाई २-० ले हराउँदै गन्नी फुटबल क्लब पोखरामा जारी सेभेन ए साइड फुटबल प्रतियोगिताको अन्तिम आठमा प्रवेश गरेको छ। योसँगै पोखरा महानगरपालिका-१३ माछापोखरी खेलमैदानमा जारी प्रतियोगिताको क्वार्टरफाइनल सम्पन्न भएको छ। अर्को खेलमा नदीपुर एफसीले पसगाउँ समाजलाई ३-२ ले हराएर क्वार्टरफाइनलमा प्रवेश गरेको छ। यस्तै, रामघाट गुम्बाले म्याग्दी फुटबल क्लबलाई २-० ले पाखा लगायो। चौथो खेलमा भुजुङले नेभरमिटलाई २-० ले हराएको छ। पाँचौँ खेलमा बिवाइसी ३३ ले लोटसलाई ३-०, भ्रदकालीले जेम्स फुटबल क्लबमाथि ४-०, कमलपोखरीले रामघाट गुम्बा बीलाई टाइब्रेकरमा २-१ र गेमशालाले रामघाट गुम्बा एलाई २-० ले हराएको छ। ग्बी खेलाडी यशोदा बोहोरालाई अर्थिक सहयोग गर्नका लागि प्रतियोगिताको आयोजना गरिएको प्रतियोगिता संयोजक लोक गुरुङले जानकारी दिए। विजेताले नगद एक लाख र उपविजेताले ६० हजार रुपैयाँ पाउनेछन्। प्रतियोगितामा कुल ३९ टोलीको सहभागिता छ।

सांग्रिलाको विजयी सुरुवात

कास्की / सांग्रिला क्रिकेट क्लबले पोखरामा शनिबारदेखि सुरु पोखरा महानगरस्तरीय अन्तरक्लब टी-२० क्रिकेट प्रतियोगितामा विजयी सुरुवात गरेको छ। उद्घाटन खेलमा सांग्रिलाले लेकसाइड क्रिकेट क्लबलाई एक सय ६१ रनले हराएको हो। पहिला ब्याटिङ गरेको सांग्रिलाले २० ओभरमा ३ विकेट गुमाएर दुई सय २० रन बनाएको थियो। दुई सय २१ रनको विजयी लक्ष्य पछ्याएको लेकसाइडले १६ ओभरमा अलआउट हुँदै जम्मा ५९ रन मात्र बनाउन सक्यो। लेकसाइडका सन्देश ठकुरीले १८ रन बनाए। सांग्रिलाका सिब्रिन श्रेष्ठले ५० बलमा एक सय तीन रन बनाए।

मारक्रमको कीर्तिमानी शतकमा दक्षिण अफ्रिकाको जित

एजेन्सी / तीन कीर्तिमान बनेको खेलमा श्रीलंकालाई एक सय दुई रनले हराउँदै दक्षिण अफ्रिकाले आइसिसी एकदिवसीय विश्वकपमा विजयी सुरुवात गरेको छ। दिल्लीमा कीर्तिमानी चार सय २८ रनको लक्ष्य पछ्याएको श्रीलंका ४४.५ ओभरमा तीन सय २६ रन बनाएर अलआउट भएको थियो। श्रीलंकाको इनिङ्समा तीन खेलाडीले अर्धशतक बनाएका थिए। चारिथ असलंकाले ७९, कुशल मेन्डिसले ७६ र डासुन सनकाले ६८ रन बनाएका थिए। दक्षिण अफ्रिकाका जेरार्ड कोइटजीले सर्वाधिक तीन विकेट लिए।

दक्षिण अफ्रिकाको तीन कीर्तिमान

तीन शतकको महतमा दक्षिण अफ्रिकाले श्रीलंकालाई आइसिसी एकदिवसीय विश्वकपको इतिहासकै सबैभन्दा ठूलो चार सय २९ रनको कीर्तिमानी लक्ष्य दिएको थियो। यस खेलमा सर्वाधिक ठूलो स्कोर, एकै इनिङमा तीन खेलाडीको शतक र कम बलमा शतकको कीर्तिमान बनेका छन्।


दिल्लीमा टस हारेर सुरुआती ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित ५० ओभरमा ५ विकेट गुमाउँदै चार सय २८ रन बनाएको थियो। विश्वकप इतिहासकै यो उच्च योगफल हो। यसअघि सन् २०१५ मा अस्ट्रेलियाले सिङ्नीमा अफगानिस्तानविरुद्ध चार सय १७ रन बनाएको थियो। मध्यक्रमका एडेन मारक्रमले ५४ बलमा शतक बनाउने कीर्तिमान राखे। उनले १४ चौका र ३ छक्कासहित १ सय ६ रन बनाए। मारक्रमले विश्वकप इतिहासकै कम ४९ बलमा शतक पूरा गरेका हुन्। यअसघि सन् २०११ मा आयरल्यान्डका केभिन ओ ब्रायनले इंग्ल्यान्डविरुद्ध ५० बलमा शतक हानेका थिए। ओडिआई इतिहासकै सर्वाधिक छिटो शतक सन् २०१५ दक्षिण अफ्रिकाका एबिडी भिलियर्सले वेस्ट इन्डिजविरुद्ध ३१ बलमा प्रहार गरेका थिए।

यसैगरी, विश्वकप इतिहासमा पहिलोपटक एकै खेलमा तीन शतक प्रहार भएका छन्। रास्सी भान डर डुसेन, क्विन्टन डी कक र मारक्रमले शतक बनाएका हुन्। डुसेनले एक सय १० बलमा एक सय ८ रन बनाएका थिए। ओपनर डी ककले ८४ बलमा एक सय रन बनाए। दोस्रो विकेटका लागि डुसेन र डी ककले दुई सय ४ रनको साझेदारी गरेका थिए। यसअघि सन् २०१५ तीन शृंखलामा तीन शतक प्रहार भएका थिए। तर, विश्वकपमा पहिलोपटक तीन खेलाडीले एकै इनिङ्समा शतक बनाएका हुन्।

बंगलादेशको विजयी सुरुवात

अफगानिस्तानलाई ६ विकेटले हराउँदै बंगलादेशले विश्वकपमा विजयी सुरुवात गरेको छ। एक सय ५७ रनको विजयी लक्ष्य पछ्याएको बंगलादेशले ३४.४ ओभरमा चार विकेट गुमाउँदै भेट्टाएको थियो। बंगलादेशको जितमा दुई खेलाडीले अर्धशतक बनाएका छन्। नाज्मुल हसन सान्टोले सर्वाधिक ५९ रन बनाएका छन्। उनले ८३ बलमा ३ चौका र १ छक्का प्रहार गरेका छन्। मेहेदी हसन मिराजले ७३ बलमा ५ चौकासहित ५७ रनको योगदान गरेका थिए। कप्तान सकिब अल हसन १४ र लिटन दासले १३ रन बनाए। यसअघि धर्मशालामा टस हारेर सुरुआती ब्याटिङ गरेको अफगानिस्तानले ३७.२ ओभरमा मात्र एक सय ५६ रन बनाउन सक्यो। अफगानिस्तानका ओपनर रहमानउल्लाह गुरबाजले सर्वाधिक ४७ रन बनाएका थिए। यसैगरी, अजमतुल्लाह ओमरजाई र इब्राहिमले समान २२ रन बनाए। बंगलादेशका मेहेदी हसन मिराज र सकिब अल हसनले सर्वाधिक तीन विकेट लिएका थिए। ९ ओभरमा ३ मेडनसहित २५ रन खर्चिए। सकिबले ८ ओभरमा ३० रन खर्चेर ३ विकेट लिएका थिए।







नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com